जल, जमीन र जंगल हाम्रो सरोकार, कृषि क्षेत्रको विकास अर्थतन्त्रको आधार

# कृषि जर्नल

Agriculture Journal

मासिक

कृषि जर्नल २०८२ भाद्र (krishijournal–2025, (August-September)

Ban Golden Rice, Ban GMOs:

- फेरि भूमिमाथि चलखेल
- प्रथम राष्ट्रिय कोदो दिवस २०८२





दर्ता नं. का.जि.प्र.का.द.नं. १३६/०६२/०६३
जल, जमीन र जंगल हाम्रो सरोकार, कृषि क्षेत्रको अर्थतन्त्रको आधार

# कृषि जर्नल
Agriculture Journal मासिक

काठमाडौं जि.प्र.का.द.नं. १३६/०६२/०६३

वर्ष-२१, अङ्क १३४ भाद्र २०८२



## यस अङ्कमा

१. फेरि भूमिमाथि ऐन बनाएर चलखेल ३
२. सांसदमा भूमि विधेयक संशोधन सम्बन्धी .... ८
३. विश्वव्यापी प्रतिवद्धताहरुको स्थानीय कार्यन्वयनको लागि राष्ट्रिय परामर्श ११
४. प्रथम राष्ट्रिय कोदो दिवस २०८२ घोषणासँगै, नेपालको खाद्य सुरक्षामा योगदान पुग्ने विश्वास १६
५. प्रधानमन्त्री केपी शर्माओलीले कोदो उत्पादन बढाउन गरे आग्रह १८
६. मधेशको खडेरी ठूलो संकटको सानो ..... २०
७. युवा किसान काठमाडौं घोषणापत्र-२०८२ २२
८. अनुमोदन गर्ने, कार्यान्वयनमा जोड ...... २४
11. Ban Golden Rice, Ban GMOs: Toward A People Led ...... 27
12. UN agencies warn key food ... 29
13. Centre to release Rs 3,200 ...... 31
14. Five ICIMOD Experts .... 33
15. Workshop on Geographical ..... 34
16. Mango symposium: ....... 36














व्यक्तिगत मूल्य रु.१००/-
संस्थागत मूल्य रु.२००/-

प्रकाशक : कृषि सूचना तथा सञ्चार प्रविधि प्रकाशन प्रा.लि
सल्लाहकार : कृष्ण कोपिला, छविन्द्रराज कँडेल
प्रधान सम्पादक : धनबहादुर मगर, सह-सम्पादक : वैरागी जेठा, बजार व्यवस्थापक : रमेश श्रेष्ठ
मुख्य कार्यालय : बागबजार २८, टौखेल मच्छेगाउँ ९, चन्द्रागिरी नगरपालिका
फोन : ०१४२८८७४३, मोवाईल नं. ९८४१४४५७५३, मुद्रण : प्रिन्ट स्काई, भुरुङ्खेल, काठमाडौं
**website** : www.krishijournal.com.np, इमेल : krishijournal@yahoo.com

# भूमिमाथिको चलखेल बन्द गर

सम्पादकीय



यतिबेला बहुप्रतिक्षित भूमि सम्बन्धी ऐन २०२१ संशोधन सहित प्रस्तावमाथि छलफल प्रतिनिधि सभा अन्तर्गतको कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिले दफावार छलफल गरिरहेको छ ।

यो विधेयकलाई जति सक्दो छिटो पास गर्ने तयारीमा सत्तारुढ दल रहेका छन् ।

सुरुमा प्रतिनिधि सभामै दफावार छलफल गरेर पारित गर्न खोजिएको थियो । समितिमा लगेर पनि फास्ट ट्र्याकमा अगाडि बढाउन सकिने विपक्षी दलहरूको अडानपछि यो विधेयक संसदीय समितिमा पुगेको हो ।

प्रस्तावित विधेयकले तीनवटा ऐनमा संशोधन प्रस्ताव गरेको छ । भूमि ऐन २०२१, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ र वन ऐन २०७६ । घर जग्गा व्यवसायीलाई हदवन्दी भन्दा बढीको जग्गामा घडेरी विकास गरी घर वा अपार्टमेन्ट बनाएर बिक्री गर्न दिने व्यवस्था विधेयकमा छ । भूमिहीन दलित, सुकुम्वासी र अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्ने विषय पनि रहेको छ ।

विधेयकमा 'सूचित आदेशले तोकेको हदभित्र' शब्दले सरकारलाई मनोमानी गर्ने अधिकार दिने भएकाले सांसद विमला सुवेदीले यो शब्द हटाउनुपर्ने संशोधन प्रस्ताव गरेकी छन् ।

साउन ११ गते 'भूमिसम्बन्धी केही नेपाल ऐन संशोधन विधेयक'ले तीनवटा ऐनमा संशोधन प्रस्ताव गरेको छ । भूमि ऐन २०२१, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ र वन ऐन २०७६ । जम्मा चारवटा दफा रहेको यो विधेयक ३ पेजको छ ।

विधेयक जति छोटो छ त्यति उचाइमा चर्चा छ । विपक्षी दलहरूले यो विधेयक भूमाफिया र घरजग्गा व्यवसायीका निम्ति ल्याएको आरोप लगाइरहँदा सत्तारुढ दलहरू सुकुम्वासी र अव्यवस्थित बसोवासीलाई समेत प्रस्तावित विधेयकले सम्बोधन गर्ने तर्क प्रस्तुत गरिरहेका छन् ।

'सूचित आदेश, तोकिएबमोजिम, निर्देशिकाअनुसार, कार्यविधिअनुसार' जस्ता शब्दप्रति आफ्नो ध्यान गएको बताउँछिन् । संसद्ले कार्यपालिकालाई कानुन बनाउनमा अधिकार प्रत्यायोजनक गर्नेसम्बन्धी प्रावधानसँग जोडिएका यी शब्दहरू विधेयकबाट हटाउनुपर्ने उनको संशोधन छ ।प्रस्तावित विधेयकको दफा २ को उपदफा (१) मा भूमि सम्बन्धी ऐन २०२१ को दफा १२ छमा संशोधन गरेर 'घर जग्गा व्यवसायको जग्गा बिक्रीसम्बन्धी व्यवस्था' राखिएको छ ।

जहाँ भनिएको छ, यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा १२ को खण्ड (ङ१) बमोजिम घर जग्गा व्यवसाय गर्न अनुमति लिएको कम्पनीले सूचित आदेशले तोकेको हदभित्रको जग्गा प्रचलित कानुनबमोजिम जग्गा विकास गरी घडेरी वा त्यस्तो घडेरीमा घर वा आवास इकाइ (अपार्टमेन्ट) निर्माण गरी बिक्री गर्न सक्नेछ ।'

यस प्रस्तावमा प्रयोग भएको 'सूचित आदेशले तोकेको हदभित्र' भन्ने शब्दले सरकारलाई कानुन बनाउन संसद्ले अधिकार प्रत्यायोजन गर्छ । सूचित आदेश भनेको आदेशमार्फत सूचना दिने भन्ने हो ।

यो विधेयक जस्ताको तस्तै ऐनमा रुपान्तरित भयो भने जग्गाको हदवन्दी तोक्ने काम सूचित आदेशमार्फत हुन्छ । यो अधिकार मन्त्रिपरिषद् वा मन्त्रालय कसले प्रयोग गर्छ भन्ने पनि विधेयकमा प्रष्ट छैन ।

एकातिर जग्गाको हदबन्दी तोक्ने जस्तो विषयमा व्यवस्थापिका संसद्ले कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने र अर्कोतिर प्रत्यायोजित अधिकार मन्त्रिपरिषद् वा सम्बन्धित मन्त्रालय कसले प्रयोग गर्ने भन्ने स्पष्ट नहुने गरी ऐन बनाए सरकारले मनलाग्दी गर्न पाउने वा मनलाग्दी गर्नसक्ने शंका सांसद सुवेदीको छ ।

'सूचित आदेशको नाममा सरकारले स्वार्थअनुकूल आदेश जारी गर्नसक्छ । यसले सरकारलाई स्वेच्छाचारी बनाउँछ । ऐन र नियमावलीभन्दा पर गएर सरकार सूचित आदेशका भरमा चल्न खोजेको छ ।'

'सूचित आदेशको नाममा सरकारले स्वार्थ अनुकूल आदेश जारी गर्नसक्छ, यसले सरकारलाई स्वेच्छाचारी बनाउँछ,' उनी भन्छिन्, 'ऐन र नियमावली भन्दा पनि पर गएर सरकार सूचित आदेशका भरमा चल्न खोजेको छ । यसर्थ 'सूचित आदेशले तोकेको हदभित्र' शब्द झिक्न आवश्यक छ ।'

'सूचित आदेशले तोकेको हदभित्र' भन्ने शब्द विधेयकमा अन्यत्र पनि छ ।

'घर जग्गा व्यवसाय गर्न अनुमति लिएको कम्पनीले उपदफा (१) बमोजिम घर जग्गा बिक्री गर्दा स्थानीय भू-उपयोग परिषद्बाट भू-उपयोग क्षेत्र वर्गीकरण हुँदा आवासीय क्षेत्र वा व्यावसायिक क्षेत्रमा वर्गीकरण भएकोमा त्यस्तो जग्गामा प्रचलित कानुनबमोजिम नेपाल सरकारको सूचित आदेशद्वारा तोकिदिएको हदसम्मको जग्गा घडेरी विकास नगरी ससिम वा कित्ताकाट गरी बिक्री गर्न पाइने छैन ।'

भूमिसम्बन्धी केही नेपाल ऐन संशोधन विधेयकमाथि प्रतिनिधिसभा अन्तर्गतको कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिमा दफावार छलफल थियो ।

'यो विधेयक असंवैधानिक, गैरकानुनी र राष्ट्रको हितविपरीत छ । यसले पर्यावरण विनाश गर्छ' अध्यक्ष यादवले मन्त्री अधिकारीलाई प्रश्नमाथि प्रश्न गरेका छन्, 'संविधान मिच्ने र सर्वोच्चको फैसला उल्लंघन गर्ने यो कुन स्वार्थका लागि ल्याइयो, मन्त्रीज्यूले स्पष्ट पार्नुपर्छ । यी विषयहरु संसदमा जोडले उठेको छ र यसलाई पारित गर्दा भूमि माथि कुनै पनि चलखेल हुने गरि बनाउनु हुँदैन ।

संसदमा उठेका छलफलका विषयहरु वास्तविक हुन् । भूमि प्राकृतिक स्रोत साधान हुन् । प्राकृतिक स्रोत माथि दोहन नहुने गरि मानव समाजको हितको हुनु पर्छ ।

भूमि राज्यको हो । कुनै व्यक्तिको हुनु हुँदैन भन्ने कुरालाई मध्यनजर गर्दै, कृषिलाई असर नहुने गरि आउनु पर्छ ।

विभिन्न कारण आफ्नै नागरिकहरु, शरनार्थी र दोस्रो दर्जाको नागरिकको रुपमा जीवनयापन गर्न वाध्य भइरहेका छन् । आजको परिवर्तित समयमा पनि नेपाली नागरिकहरु सुकुम्वासी, भूमिहीन, अव्यवस्थित बसोवासी बनिरहेको अवस्था छ । यसको अन्त्य गर्न सही निराकरण हुने गरि ऐन जारि गरी आम नेपाली नागरिकले शान्तिपूर्वक जीवनयापन गर्ने वातावरण बनाउने जिम्मा सरकारको हो । समस्या समाधान गर्ने पनि सरकारको हो । त्यसकारण नागरिकले झेल्नु परेका दुःख, कष्टबाट मुक्त ऐन आजको आवश्यकता हो ।

# भूमिमाथि चलखेल हुने आशंका

*राजनीतिक दलहरूको घोषणापत्रमा भूमिसुधारको घोषणा भए पनि कसरी भूमिसुधार गर्ने भन्ने स्पष्ट योजना देखिंदैन । दलहरूले भूमि व्यवस्थापनको विषय समाधानमुखी भन्दा पनि भोटमुखी बनाउने प्रवृत्ति हावी छ ।*

**धनबहादुर मगर**

भूमि कसैको होइन राज्यको हो । जन्मेपछि हजारैं वर्ष देखि शिकारी जीवनबाट संघष गर्दै आएको मानव जाति आज भूमिको लागि ठूला ठूला लडाई गर्दै आएको छ । भूमि साधान हो साध्य होइन । भूमि खाली बास बस्ने घर मात्र होइन यो कसैको निजी हुन दिनु हुँदैन । उपभोग गर्ने सवाल हो जसले मानव जातिको लागि धर्तीलाई सिँचित गरेर आफ्नो आहार विहार बनायो , भूमिलाई मान्छेले लडाई र झगडा गर्ने थलो होइन । मेलमिलाप गरेर बस्ने थलो हो । तर आज त्यस्तो छैन । भूमिको लागि एउटाले अर्कोलाई दमन गर्ने साधान बनाएको । वैभव र अस्तितवको साधान बनाएको छ ।

**भूमिसम्बन्धी संशोधन विधेयक : कानुनको खोलमा लुकेको नीतिगत खेल:**

भूमिलाई बेचेर खाने साधान बनाएको देख्दा मानव जाति कति निच र घृणित काम गर्दो रहेछ भन्ने कुरा बुझ्न जस्री छ । यसलाई बाँडफाँडमा मात्र समस्या हो । भूमि साझा सम्पत्ति हो तर व्यक्तिगत होइन । व्यक्तिगत बनाउँदा नै अनेक समस्या आएको छ ।

यो विधेयक विगतका दुई संशोधनको निरन्तरता हो, जसले स्वीकृति विना हदवन्दीभन्दा बढी अधिग्रहण गरिएका जमीनलाई वैधानिकता दिने बाटो खोलेका थिए । अहिलेको प्रस्तावले ती जमीनहरू कानूनी रूपमा बिक्री गर्न सकिने गरी प्रस्ताव गरिरहेको छ ।

भूमि विधेयकमाथि छलफलमा विश्वप्रकाश शर्माले भने वन क्षेत्र जोगाउन साझा मत बनाऔं । नेपाली कांग्रेसका सांसद विश्वप्रकाश शर्माले दुई दिन धेरै समय लगाएर भएपनि आगामी दिनमा प्रश्न नउठ्ने गरी कानुन बनाउनुपर्नेमा जोड दिएका थिए ।

भूमि विधेयकबारे कृषि सहकारी तथा प्राकृतिक स्रोत समितिको सोमबारको बैठकमा धारणा राख्दै काँग्रेस महामन्त्रीसमेत रहेका शर्माले भने, 'बरू दुई दिन समय लगाएर भए पनि आगामी दिनमा गम्भीर प्रश्न उठ्न नसक्ने गरी कानुन बनाउनु पर्छ ।'

सरकारको नियतमा शंका नरहे पनि भविष्यमा दुरूपयोग नहोला भन्न नसकिने बताए ।



'आगामी दिनमा वन क्षेत्रको आकार झनै घटेर जान्छ । भएको वन क्षेत्रलाई जोगाउने कुरामा कतै कमिकमजोरी हुन दिनु हुँदैन । अति वृष्टिको पीडा हामीले भोगिरहेका छौं । यसलाई फिर्ता लिनुपर्छ भनेर पनि राजनीतिक दलहरूको कुरा आएको छ । यसमा साझा मत बनाउने प्रयास गरौं,' शर्माले भनेका थिए ।

दल र प्रदेशसँगको संवादमा सरकारले गम्भीरता राख्नुपर्ने उनले बताए । 'एउटा कुराका लागि लिएको जमीन अर्को कामका लागि प्रयोग गर्न पाउने व्यवस्था हटाउनु पर्छ,' थप भनेका थिए ।

सोविता गौतम सोविता गौतमः प्रतिनिधी सभा सदस्य तथा राष्ट्रिय स्वतन्त्र पार्टीका नेता सोविता गौतमले साउन ८ गते संसदमा भूमि विधेयक छलफलका क्रममा महत्वपूर्ण विचार राखेको देखिन्छ ।

गौतमले नेपालमा अहिले भूमि सम्बन्धी विधेयक व्यापक बहसको केन्द्रबिन्दुमा छ । नेपालीका लागि भूमि केवल एउटा सम्पत्ति होइन, यो आम नागरिकको अस्तित्व, जीवनयापन, बास र आत्मसम्मानसँग गाँसिएको आधारभूत आवश्यकता पनि हो । इतिहास हेर्ने हो भने किरांतकालदेखि नै नेपालमा जमीनमाथि राज्यको नियन्त्रण रहने र भूमि भोगचलन चाहीं जनताले गर्ने गरेको देखिन्छ । जनताले भूमि भोगचलनको बदलामा राज्यलाई तिरो बुझाउने चलन परापूर्वकालदेखि नै बसेको इतिहासका दस्तावेजहरूले देखाउँछन् ।

त्यस्तै, विगतका शासकहरूद्वारा आफ्नो शासनकालमा विभिन्न प्रयोजनका लागि बाँडिएको बिर्ता प्रथाले नेपालको भूमिको स्वामित्व संरचना अझ जटिल बनाएको यथार्थ हामीमाझ नै छ । राजा र राजपरिवारहरूले पुजारी, दरबारिया, भाइभारदार, कर्मचारी, सैनिक तथा अन्य केही प्रभावशाली व्यक्तिहरूलाई करसहित वा करमुक्त, फिर्ता गर्नुपर्ने वा नपर्ने शर्तमा जमीन बाँड्ने प्रथा विकास भएको थियो । यसरी 'विर्ता'को नाममा ठूलो मात्रामा नेपालको भूमि विशेष वर्गको नियन्त्रणमा पुगेको थियो ।

राणा शासनको लामो शासन अवधिमा पनि भूमि प्रशासनको सम्पूर्ण संरचना सत्तासीन वर्गको मुीभित्र सीमित बन्यो । तराईमा जमिनदार र पटवारी तथा पहाडमा जिम्मावाल र मुखियाको माध्यमबाट जग्गा नापजाँच, लगत निर्माण, तिरो संकलन र भूमिकर असुली गरिन्थ्यो । यसले गर्दा नेपालको अधिकांश उर्वर भूमि राणाहरूको वरिपरि रहने सत्ताका नजिक रहेका सम्भ्रान्त वर्गको कब्जामा रहन पुग्यो ।

२००७ सालको राजनीतिक परिवर्तनपछि प्रजातन्त्र स्थापनासँगै भूमिसुधारको अभ्यास शुरु भएको आधुनिक इतिहासले देखाउँछ । त्यसयता राज्यले समाजको संरचनात्मक

असमानतालाई भूमिसुधार मार्फत चिर्ने उद्देश्यस्वरूप केही ऐतिहासिक कदमहरू चालेको देश्न सकिन्छ ।

वि.सं. २००८ मा भूमिदारी अधिकार प्राप्ति कानूनको मस्यौदा तयार गर्दै भूमि जाँच आयोग गठन गरियो । सोही वर्ष बिर्ता खारेजीको ऐतिहासिक निर्णयसहित 'बिर्ता खारेजी बन्दोवस्त अया' को स्थापना गरियो । २००९ मा भूमि समस्या अध्ययन गरी समाधानको खाका कोर्न भूमिसुधार आयोग गठन भयो । त्यसपछि मालपोत तथा वन मन्त्रालयबाट भूमि सम्बन्धी कार्य सञ्चालन गर्न थालिएको स्पष्ट विवरण नेपाल गजेटमा उल्लेख गरेको देखिन्छ ।

पछि क्रमशः भूमि रेखाङ्कन, सुधार र संस्थागत व्यवस्थाको लागि थुप्रै कानूनी संरचना विकास भए । वि.सं. २०१३ को 'जग्गा तथा कमाइ लगत खडा गर्ने ऐन', २०१४ को 'भूमिसुधार ऐन', २०१६ को 'बिर्ता उन्मूलन ऐन', २०१९ को 'नापजाँच ऐन', २०२१ को 'भूमि सम्बन्धी ऐन', २०३३ को 'गुठी संस्थान ऐन' र २०३४ को 'मालपोत ऐन' आदिलाई भूमिसुधारमा भएका उदाहरणीय कार्यका रूपमा हेरिन्छ ।

तर विडम्बना, यी सबै प्रयास र कानूनी व्यवस्थाहरूका बाबजुद पनि नेपालमा भूमिसुधारले अपेक्षित परिणाम दिन सकेको छैन । भूमिसुधारको विषय आजको दिनमा कानूनमा लेखिन्छ, कागजमा देखिन्छ, भाषणमा सुनिन्छ तर भूमि सम्बन्धी समस्या कहिल्यै पनि पूर्णरूपमा समाधान भएको देखिंदैन ।

वास्तवमा, भूमिसुधार अझै पनि धेरैजसो राजनीतिक दलहरूको घोषणापत्रमा मात्रै सीमित छ । राजनीतिक दलहरूको घोषणापत्रमा भूमिसुधारको घोषणा भए पनि कसरी भूमिसुधार गर्ने भन्ने स्पष्ट योजना देखिंदैन । दलहरूले भूमि व्यवस्थापनको विषय समाधानमुखी भन्दा पनि भोटमुखी बनाउने प्रवृत्ति हावी छ ।

खासगरी निर्वाचन आउँदा दलहरू आफ्ना कार्यकर्तालाई भूमिको लोभ देखाएर मत तान्ने, सरकारमा बसेपछि तिनै कार्यकर्तालाई भूमिको टुक्रा बाँडेर पार्टी संरक्षण गर्ने र जनताको नजरमा लोकप्रिय देखिन प्रयत्न गर्ने क्रम चलिरहेकै छ ।

पछिल्लो समय हरेकजसो सरकारले भूमि सम्बन्धी आयोग खारेज गर्ने र आफ्नो अनुकूल बनाउने गर्दै आएको छ । अहिलेसम्म १८ वटा आयोग र समितिहरू बनिसकेको विभिन्न अध्ययनले देखाउँछन् । अहिले गठन भएको भूमि आयोग १९औं भूमि सम्बन्धी समस्या समाधान गर्ने गरी बनेको संयन्त्र हो ।

*समग्र आशय सजिलै नबुझून् र आलोचित बन्नु नपरोस् भन्ने सोचेर योजनाबद्ध रूपमा तीन चरणमा विभाजित गरिएको जस्तो देखिन्छ ।*

विगतमा झैं यो सरकार पनि वितरणमुखी सोचमै अल्झिएको देखिन्छ । यसले तथ्य र तथ्याङ्कको आधारमा दीर्घकालीन नीतिनिर्माण गरेर भूमि सम्बन्धी समस्या स्थायी रूपमा समाधान गर्ने प्रयत्न गर्नुको सट्टा, भूमिहीन वर्गलाई बारम्बार लोभ, आश्वासन र प्रतीक्षाको घेरामा राखेर दलहरूले आफ्ना कार्यकर्तालाई जग्गाको सौगात बाँड्ने माध्यम बनाइरहेको छ । राज्यको नेतृत्वले भूमिहीन वर्गको पीडा समाधान गर्नुभन्दा पनि उनीहरूलाई आफ्नो राजनीति जोगाउने औजारको रूपमा प्रयोग गर्दै लोकरिझ्याइँ र सतही लोकप्रियताको राजनीतिमा रमाइरहेको देखिन्छ ।

यदि भूमि सम्बन्धी मुद्दालाई तथ्याङ्कको आधारमा दीर्घकालीन दृष्टिकोणबाट समाधान गरिएन भने, यो अनन्तकालीन समयसम्म पनि राजनीतिक दलहरूको चुनावी स्वार्थ पूरा गर्ने साधन मात्र बन्नेछ । असली भूमिहीन वर्ग अनन्तकालीन समयका लागि पीडित नै रहनेछन् अनि नक्कली भूमिहीनको आवरण ओढेका सत्तासीन कार्यकर्ताहरू लाभ लिंदै धनी बन्दै जानेछन् । भूमिसुधारको विषय जनताको अधिकार नभएर, दलहरूको सत्ताको सौदाबाजीको विषय बनिरहनेछ । भूमिहीन वर्ग सँधै संघर्षमा, सत्तावालहरू सँधै सौदाबाजीमा रहने दुःखद् चक्र यसैगरी दोहोरिरहनेछ ।

यदि भूमि सम्बन्धी समस्यालाई अनन्तकालीन समस्या हुन नदिने हो भने भूमिसुधारलाई राजनीतिक जालोबाट मुक्त गर्नैपर्छ । यो विषय कुनै दलविशेषको होइन; समाज, नागरिक र न्यायको विषय हो । भूमिहीन जनताको हकमा गरिएको भूमिसुधारको पहलले राजनीतिक प्रयोजन होइन, सामाजिक न्यायको जग बसाल्नुपर्छ ।

नेपालमा भूमि सम्बन्धी ऐन, २०२१ जारी भएपछि हालसम्म उक्त ऐनमा १६ वटा संशोधनहरू भइसकेका छन् । हाल प्रतिनिधिसभामा प्रस्तुत 'भूमि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०८२' अघिल्लो अध्यादेशलाई प्रतिस्थापन गर्ने विधेयक हो । यो प्रस्तावित विधेयक भूमि सम्बन्धी ऐन, २०२१ मा संशोधन गर्ने सत्रौं संशोधन प्रस्ताव हो ।

यो विधेयक हालको राजनीतिक बहसको केन्द्रमा रहेको गम्भीर र विवादास्पद विषय हो । सतही रूपमा हेर्दा सामान्य कानुनी संशोधन जस्तो देखिए पनि, गहिरिएर विश्लेषण गर्दा यसको उद्देश्य गम्भीर र चिन्ताजनक देखिन्छ । यो विधेयक एक निश्चित उद्देश्यलाई संस्थागत गर्न तीन चरणमा योजनाबद्ध रूपमा ल्याइएको संशोधनहरूको अन्तिम कडी हो ।

यो प्रक्रिया एकैपटक सम्पन्न गर्न सकिने थियो, तर आम नागरिकले यसको समग्र आशय सजिलै नबुझून् र आलोचित बन्नु नपरोस् भन्ने सोचेर योजनाबद्ध रूपमा तीन चरणमा विभाजित गरिएको जस्तो देखिन्छ । स्पष्ट रूपमा भन्नुपर्दा, हदबन्दी छुट पाएका कम्पनी वा उद्योगहरूले भूमि बेच्न मिल्ने कानून निर्माण पहिले नै दुई संशोधन मार्फत गरिसकिएको छ, जुन ऐनको रूपमा लागू भइसकेका छन् । र अहिले संसद्मा प्रस्तुत तेस्रो चरणको यो विधेयक ती पहिलाका संरचनात्मक तयारीहरूलाई अन्तिम रूप दिने, नीतिनिर्माणको 'फिनिसिङ टच' जस्तो देखिन्छ ।

अहिले प्रस्तावित विधेयकको गहिराइमा लुकेको उद्देश्य बुझ्नका लागि पहिले 'भूमि सम्बन्धी आठौं संशोधन ऐन २०७६' र 'लगानी सहजीकरण सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन २०८१' सँगै अध्ययन गर्नुपर्छ । यी दुई ऐन र अहिले प्रस्तुत विधेयकलाई एकै ठाउँमा राखेर विश्लेषण गर्दा बल्ल यसले स्थापना गर्न खोजेको नीति, उद्देश्य र यसको लाभ कसको हितमा केन्द्रित छ भन्ने कुरा स्पष्ट देखिन्छ । यस सन्दर्भमा, विधेयकका प्रावधानहरूलाई विगतमा गरिएका चरणबद्ध संशोधनहरूसँग सापेक्षिक रूपमा हेर्दा मात्र यसको गहिरो अर्थ र कानूनी निरन्तरता स्पष्ट हुन सक्छ ।

**चरणवद्ध संशोधनको समग्र चित्र**

यो प्रस्तावित भूमि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयकको दफा २-१) ले पहिलो चरणको 'भूमि सम्बन्धी आठौं संशोधन ऐन, २०७६' र दोस्रो चरणको 'लगानी सहजीकरण सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन २०८१' मा गरिएको कानूनी व्यवस्था थप स्पष्ट पार्ने, त्यसबाट शुरु गरिएका कार्यहरूलाई संस्थागत गर्ने र तिनै कार्यहरूलाई पूर्णता दिने उद्देश्य राखेको देखिन्छ ।

यसले खासगरी भूमि सम्बन्धी आठौं संशोधनमा थप गरिएको दफा १२ (ङ१), १२ क.(१) र लगानी सहजीकरण सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन २०८१ ऐन २०८१ को दफा १२ क.(१क) को नै निरन्तरता बोकेको स्पष्ट देखिन्छ ।

भूमि सम्बन्धी आठौं संशोधन ऐन, २०७६ अन्तर्गत दफा १२ (ङ१) मा सम्बन्धित निकायबाट अनुमति लिएका कम्पनीले आवासीय क्षेत्रमा घरजग्गा व्यवसाय गर्ने प्रयोजनको लागि नेपाल सरकारको सूचित आदेशद्वारा तोकिदिएको शर्तको अधीनमा सोही आदेशमा तोकिदिएको हदसम्मको जग्गामा अधिकतम हद लागू नहुने व्यवस्था गरिएको छ ।

त्यस्तै, भूमि सम्बन्धी आठौं संशोधन ऐन अन्तर्गतकै दफा १२ क. (१) मा निम्न व्यवस्था आएको थियो :

दफा १२ क (१): 'यो दफा प्रारम्भ हुँदाका बखत निरन्तर सञ्चालनमा रहेको उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्थाले त्यस्तो सञ्चालन गर्न अत्यावश्यक भई, यस ऐनमा तोकिएको हदबन्दी भन्दा बढी जग्गा नेपाल सरकारको स्वीकृति नलिई खरिद गरी उपयोग गरिरहेको भएमा, यो दफा प्रारम्भ भएको मितिले तीन महिनाभित्र ए कपटकको लागि हदबन्दी भन्दा बढी जग्गा आवश्यक रहेको औचित्य पुष्टि हुने कारण खोली नेपाल सरकारसमक्ष निवेदन दिन सक्नेछ ।'

त्यसैगरी, लगानी सहजीकरण सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन २०८१ को दफा १२ क (१क) मा थपिएको प्रावधान यस्तो छ ।

दफा १२ क (१क) : 'उपदफा (१) बमोजिम निवेदन दिन नसकेको उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्थाले यो उपदफा प्रारम्भ भएको मितिले ६ महिनाभित्र हदबन्दी भन्दा बढी जग्गा आवश्यक रहेको औचित्य पुष्टि हुने कारण खोली स्वीकृतिको लागि मन्त्रालय मार्फत नेपाल सरकारसमक्ष निवेदन दिन सक्नेछ ।'

नेपालमा भूमि सम्बन्धी ऐन, २०२१ जारी भएपछि हालसम्म उक्त ऐनमा १६ वटा संशोधनहरू भइसकेका छन् । हाल प्रतिनिधिसभामा प्रस्तुत 'भूमि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०८२' अघिल्लो अध्यादेशलाई प्रतिस्थापन गर्ने विधेयक हो ।

भूमि सम्बन्धी आठौं संशोधन ऐन, २०७६ को १२ (ङ१) ले घरजग्गा व्यवसायमा संलग्न कम्पनीहरूलाई जग्गाको हदबन्दीको कानूनी दायराबाट बाहिर निकालियो । घरजग्गा कारोबार गर्ने कम्पनीहरूले कति जग्गा किन्न मिल्छ भन्ने कानूनी सीमा नै हटाइदियो । त्यही आठौं संशोधनको १२ क. (१) को अर्को व्यवस्थाले कुनै पनि उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्थाहरू जसले पहिले नै सरकारको स्वीकृति विना नै हदबन्दीभन्दा बढी जमिन खरिद गरिसकेका थिए, तिनीहरूलाई तीन महिनाभित्र निवेदन दिएर ती जमीनलाई वैधानिक बनाउन सक्ने सुविधा दियो ।

अनि दोस्रो चरणमा गरिएको लगानी सहजीकरण सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन २०८१, ले पनि अघिल्लो भूमि सम्बन्धी आठौं संशोधनको निरन्तरता स्वरूप पहिले नै सरकारको स्वीकृति विना नै हदबन्दी भन्दा बढी जमिन खरिद गरेका र वैध बनाउन अघिल्लो संशोधन जारी भएपछि समयसीमा चुकाएका, नभ्याएका कम्पनीहरूलाई फेरि ६ महिनाको अतिरिक्त अवधि बढाएर निवेदन दिन सक्ने र हदबन्दी भन्दा बढी जमिन वैध बनाउने अवसर पुनः प्रदान गरेको देखिन्छ ।

यी तीनवटै संशोधनहरू एउटै उद्देश्य केन्द्रित छन् । पहिलोले हदबन्दी नै हटायो, दोस्रोले हदबन्दी उल्लंघन गरी खरिद गरिएका जमिनलाई वैध बनायो, र तेस्रोले त्यसै प्रक्रियाबाट छुटेकाहरूलाई समेट्ने ढोका फेरि खोलिदियो ।

अर्थात्, जुन कार्य पहिले कानून विपरीत थियो, त्यसलाई नै पछि कानून बनाएर वैधता दिने कार्य गरियो । गैरकानूनी कामलाई पछि कानून बनाएर वैध रूप दिनु स्पष्ट नीतिगत भ्रष्टाचार हो ।

अब, भूमि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयकको दफा २(१) हेरौं । यस विधेयकको दफा २(१) ले भूमि सम्बन्धी ऐनको हालको दफा १२ छ लाई पूर्णरूपमा हटाई नयाँ व्यवस्था प्रस्ताव गरिएको छ ।

**हालको १२ छ को व्यवस्था :**

१२ छ. स्वीकृत गराउनुपर्नेः हदबन्दी भन्दा बढी जग्गा राख्न अनुमतिप्राप्त गर्नुअघि कुनै सार्वजनिक संस्था, उद्योग, कम्पनी, प्रतिष्ठान, शैक्षिक संस्था, आयोजना वा सङ्गसंस्थाले जग्गा उपयोग सम्बन्धी विस्तृत परियोजना प्रतिवेदन (डी.पी.आर.) र वातावरणीय अध्ययन प्रतिवेदन तयार गरी सम्बन्धित निकायबाट स्वीकृत गराउनुपर्नेछ ।

प्रस्तावित व्यवस्था :

१२छ. घरजग्गा व्यवसायको जग्गा बिक्री सम्बन्धी व्यवस्थाः (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा १२ को खण्ड (ङ१) बमोजिम घरजग्गा व्यवसाय गर्न अनुमति लिएको कम्पनीले सूचित आदेशले तोकेको हदभित्रको जग्गा प्रचलित कानूनबमोजिम जग्गा विकास गरी घडेरी वा त्यस्तो घडेरीमा घर वा आवास इकाइ (अपार्टमेन्ट) निर्माण गरी बिक्री गर्न सक्नेछ ।

हालको दफा १२छ अनुसार, हदबन्दी भन्दा बढी जग्गा राख्नुअघि डीपीआर र ईआईए तयार गरी स्वीकृति लिनुपर्ने थियो, जुन नियमन र पारदर्शिताको आधार पनि थियो । तर नयाँ प्रस्तावमा यस्तो पूर्वशर्त हटाई, अनुमतिप्राप्त कम्पनीलाई सूचित आदेशभित्रको जग्गा सिधै विकास गरी बिक्री गर्न छुट दिइएको छ । अर्थात्, अनुमतिप्राप्त घरजग्गा कम्पनीहरूले अब न त विस्तृत योजना दिनुपर्छ, न वातावरणीय असरबारे जवाफदेही हुनुपर्नेछ । हदबन्दीभन्दा बढी जमिन अधिग्रहण गर्न कानूनी रूपमा पाउने छुट पाएको कम्पनीहरूले अब सिधा बजारमा प्रवेश गरेर, कुनै पूर्वस्वीकृति वा मूल्याङ्कन विना नाफामुखी विकास गर्न पाउनेछन् । यस प्रकारको व्यवस्था अघिल्ला चरणहरूमा गरिएका भूमि हदबन्दी छुटको स्वाभाविक निरन्तरता हो । पहिलो चरणले हदबन्दी हटायो, दोस्रो चरणले गैरकानूनी रूपमा अधिग्रहण गरिएका जमिनलाई वैधता दियो, र अब तेस्रो चरणमा ल्याउन खोजिएको यो विधेयकले सबै नियमनात्मक ढोका नै बन्द गर्दै कुनै पनि रोकावट विना नै भूमि बेच्न पाउने गरी कानून फराकिलो बनाउने प्रस्ताव गरेको छ ।

यो विधेयक एक निश्चित उद्देश्यलाई संस्थागत गर्न तीन चरणमा योजनाबद्ध रूपमा ल्याइएको संशोधनहरूको अन्तिम कडी हो । यो प्रक्रिया एकैपटक सम्पन्न गर्न सकिने थियो, तर आम नागरिकले यसको समग्र आशय सजिलै नबुझून् र आलोचित बन्नु नपरोस् भन्ने सोचेर योजनाबद्ध रूपमा तीन चरणमा विभाजित गरिएको जस्तो देखिन्छ ।

यो विधेयक केवल सामान्य परिमार्जनका लागि प्रस्ताव गरिएको होइन, यो अघिल्ला चरणहरूमा सुरु गरिएको योजनाको निर्णायक भाग हो। एकैपटक देखिएको भए जनताले बुझ्ने थिए, त्यसैले टुर्क्याएर चरणबद्ध ढंगमा सहजै सबैले नबुझुन् भन्ने नियतसाथ ल्याइएको देखिन्छ । पहिले संरचना बनाइयो,

पछि छुट दिइयो, र अब त्यसलाई कानूनी रूपमै स्थायी र निर्विवाद बनाउने प्रयास हुँदैछ ।

त्यस्तै, भूमि सम्बन्धी आठौं संशोधन ऐन, २०७६ मा समावेश गरिएको दफा १२ ग. को प्रावधानबारे पनि यहाँ चर्चा गर्नु सान्दर्भिक हुन्छ । यो प्रावधान पनि कम्पनी वा उद्योगहरूले हदबन्दी छुटमा लिएका भूमि बेच्ने एउटै उद्देश्य पूरा गर्ने रणनीतिक योजनाको हिस्सा हो, जसलाई दुई चरणमा बाँडिएको देखिन्छ, र १२ ग.(१) र (२) मा भएको संशोधन पहिलो चरणमा गरिएको संशोधन हो । दफा १२ ग. मा गरिएको व्यवस्था निम्न प्रकारको छ(

१२ ग. बिक्री वितरण गर्न वा सट्टापट्टा गर्न नहुनेः यस ऐन बमोजिम जारी भएको सूचित आदेश बमोजिम खरिद गरेका जग्गा सम्बन्धित उद्योग, प्रतिष्ठान, कम्पनी, आयोजना, शिक्षण संस्था वा अन्य कुनै पनि संस्थाले कसैलाई पनि बिक्री वितरण गर्न वा कुनै प्रकारले हक हस्तान्तरण गर्न वा सट्टापट्टा गर्न पाउने छैन ।

तर,

(१) त्यस्तो उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्था कुनै कारणले विघटन हुने भएमा वा लिक्विडेशनमा जाने भएमा त्यस्तो उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्थाको दायित्व फरफारक गर्ने प्रयोजनको लागि यस ऐनको अधीनमा रही नेपाल सरकारको स्वीकृतिमा बिक्री(वितरण गर्न बाधा परेको मानिने छैन

(२) नेपाल सरकारको सूचित आदेशद्वारा तोकिएको हदबन्दीभित्रको जग्गामा स्थापित कृषि फार्म, उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्था अन्यत्र स्थानान्तरण गर्नुपर्ने वा सट्टापट्टा गर्नुपर्ने उचित र पर्याप्त कारण देखाई दिएको निवेदन मनासिब देखिएमा त्यस्तो कृषि फार्म, उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्थाले भोगचलन गरिरहेको जग्गा यस ऐनको अधीनमा रही नेपाल सरकारले तोकेको शर्त बमोजिम अर्को ठाउँमा सट्टापट्टा वा स्थानान्तरणको लागि स्वीकृति दिन सक्नेछ ।

यहाँ, पहिलो चरणमा दफा १२ग. अनुसार सरकारको सूचित आदेश अनुसार हदबन्दीभन्दा बढी जग्गा राख्न अनुमति पाएका कम्पनी, उद्योग वा संस्थाहरूलाई त्यो जग्गा अरूलाई बिक्री, सट्टापट्टा वा हक स्थानान्तरण गर्न निषेध गरेको छ भनेर लेखियो । तर फेरि त्यही दफामा 'तर...' भनेर दुई प्रतिबन्धात्मक विषय राखिएको छ ।

यदि कुनै कम्पनी वा संस्था लिक्विडेशनमा जानुपर्ने अवस्था आयो भने बिक्री गर्न सकिने र कुनै विशेष कारण देखाएर स्थानान्तरण आवश्यक ठहरियो भने, सरकारको स्वीकृतिमा ती जमिन सट्टापट्टा गर्न सकिने व्यवस्था गरिएको छ ।

यो प्रावधान झट्ट पढ्दा सरल र व्यावहारिक देखिए पनि यसको भित्री संरचनामा गहिरो निहित स्वार्थ समेटिएको देखिन्छ । कतिपय उद्योग, कम्पनीहरूले प्रारम्भमै सरकारसँग विशेष अनुमति लिएर हदबन्दी भन्दा बढी जमिन अधिग्रहण गरेका छन् र भोलिको दिनमा पनि गर्न सक्छन्, जुन सामान्य अवस्थामा न त बिक्री गर्न मिल्छ, न हक हस्तान्तरण गर्न नै ।

तर, भूमि सम्बन्धी ऐनको आठौं संशोधनको दफा १२ग.(१) को कानूनी व्यवस्थाले त्यस्ता उद्योग तथा कम्पनीहरूलाई हदबन्दी भन्दा बढी जमिन किनेर 'लिक्विडेशन' को बहानामा पछि अधिक मूल्यमा बिक्री गर्न कानूनी ढोका खोलिदिएको छ । कतिपयको लागि यो धन्दा नियमित रूपमा ठूलो रकम कमाउने माध्यम हुनेछ । सुरुमा 'उद्योग' को नाममा हदबन्दी छुटमा जमिन किन्ने, पछि 'नोक्सानी' देखाएर लिक्विडेशनको बहाना बनाउने, र अन्ततः कानूनी जामा लगाएर मूल्यवान् जमिन खुला बजारमा बेच्ने ।

त्यस्तै, १२ ख.(१) को सट्टापट्टा सम्बन्धी व्यवस्था पनि अत्यन्त जटिल र विवादास्पद छ । जब कम्पनी वा उद्योगहरूलाई भूमिको हदबन्दीबाट छुट दिइन्छ र त्यसैसँग सट्टापट्टा गर्न पाउने सुविधा पनि प्रदान गरिन्छ, तब यसले आर्थिक र सामाजिक दुवै तहमा गम्भीर असन्तुलन सिर्जना गर्छ । उदाहरणका लागि, कुनै कम्पनी वा उद्योगले चिया बगान खोल्ने उद्देश्य देखाएर सरकारबाट ५०० बिघा कृषि जमिन हदबन्दी छुटमा प्राप्त गर्छ ।

केही वर्षपछि जब त्यस जमिनको मूल्य उच्च हुन्छ, अनि उक्त उद्योग वा कम्पनीले विभिन्न बहाना देखाएर दुर्गम क्षेत्रको सस्तो जमिनसँग साट्न स्थानान्तरणको लागि सरकारसँग अनुमति माग्छ । सट्टापट्टीपछि मूल्यवान् जमिन खुला बजारमा बिक्री हुन्छ, र कानूनी प्रक्रिया प्रयोग गरेर अपार नाफा कमाइन्छ ।

वास्तविक रूपमा उद्योग सञ्चालन होला या नहोला, तर सञ्चालकले कानूनको इधर( उधर प्रयोग गरी अकुत लाभ उठाउन पाउँछन् । आउने दिनहरूमा उत्पादन सोचे जस्तो नभएको अवस्थामा कानूनको गलत प्रयोग गरी ठूलो रकम कमाउन चाहने, हदबन्दी भन्दा बढी जमीन भएका व्यवसायीहरूले यही तरिका नअपनाउलान् भन्न सकिन्न । केहीले त यो प्रक्रिया गरिरहेकै पनि छन् ।

विवादमा रहेको गिरीबन्धु टी इस्टेटको जग्गा प्रकरण यही सट्टापट्टाको कानूनी व्यवस्थाबाट सुरु भएको हो । यो नीतिगत भ्रष्टाचारको स्पष्ट उदाहरण हो । जुन ठाउँमा जुन प्रयोजनका लागि जग्गा लिएको हो त्यो काम सोही ठाउँमा नगरी अन्यत्रै गर्छु भनेर पुरानो जग्गा बेच्नु राज्यमाथिको गद्दारी हो । ठगी हो ।

पहिलो चरणमा गरिएको भूमि सम्बन्धी आठौं संशोधनले लिक्विडेशनको अवस्थामा पुगेका कम्पनीहरूलाई सरकारको स्वीकृतिमा हदबन्दी छुटमा लिएको जमिन बिक्री गर्न छुट दिएको थियो ।

तर दोस्रो चरणमा ल्याइएको लगानी सहजीकरण सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०८१ ले उक्त दायरा झनै विस्तार गर्‍यो । यो प्रावधान माथि उल्लेख गरेको जस्तो कम्पनी वा उद्योगहरूले हदबन्दी छुटमा लिएका भूमि बेच्ने एउटै उद्देश्य पूरा गर्ने रणनीतिक योजनाको हिस्सा हो, जसलाई दुई चरणमा बाँडिएको देखिन्छ र १२ ग. ३ दोस्रो चरणको संशोधन हो ।

१२ (ग) ३. को व्यवस्था :

नेपाल सरकारद्वारा जारी सूचित आदेश बमोजिम स्वीकृति लिई हदबन्दीभन्दा बढी जग्गा खरिद गर्न अनुमतिप्राप्त सार्वजनिक संस्था, उद्योग, प्रतिष्ठान, कम्पनी, आयोजना, शिक्षण संस्था वा अन्य कुनै संस्थाको रोजगारी तथा उत्पादन नघट्ने र निरन्तर सञ्चालन हुनसक्ने भएमा बैंक तथा वित्तीय संस्थाको ऋण फरफारक र दायित्व भुक्तानी गर्नको लागि खरिद गरेको दफा ७ बमोजिमको हदभित्रको जग्गा मन्त्रालयले तोकेको शर्तको अधीनमा रही मन्त्रालयको स्वीकृतिमा एक पटकको लागि बिक्री(वितरण गर्न बाधा पर्ने छैन ।

यी तीनवटै संशोधनहरू एउटै उद्देश्य केन्द्रित छन् । पहिलोले हदबन्दी नै हटायो, दोस्रोले हदबन्दी उल्लंघन गरी खरिद गरिएका जमिनलाई वैध बनायो, र तेस्रोले त्यसै प्रक्रियाबाट छुटेकाहरूलाई समेट्ने ढोका फेरि खोलिदियो ।

लगानी सहजीकरण सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०८१ को नयाँ दफा १२ग (३) अनुसार, अब सक्रिय रूपमा सञ्चालनमा रहेका कम्पनीहरूको पनि, यदि

ऋण भुक्तानी गर्नुपर्ने अवस्था देखियो भने, मन्त्रालयको स्वीकृतिमा एकपटकका लागि जमिन बिक्री गर्न सकिने व्यवस्था गरिएको छ ।

अब कम्पनी विघटन नभए पनि, ऋण तिर्ने बहानामा मूल्यवान् जमिन बेच्न पाइनेछ । हदबन्दी छुट, मूल्य वृद्धिको पर्खाइ, दायित्व तिर्नुपर्ने बहाना र नाफामूलक बिक्रीको चक्रलाई कानूनले नै वैधता दिएको छ । यसले योजनाबद्ध भूमि कब्जाको प्रयासलाई संरक्षण गर्ने नीति लिएको छ ।

अब, अहिले प्रस्ताव गरिएको भूमि सम्बन्धी विधेयकको दफा १२छ(४) एक योजनावद्ध रणनीतिको तेस्रो चरणको रूपमा आएको छ, जसको उद्देश्य हदबन्दी छुटमा लिइएका जमिनहरूलाई बिक्री गर्न सक्ने नीतिगत ढोका पूर्णरूपमा खोल्नु हो भन्ने देखिन्छ । १२छ(४) को व्यवस्था: 'यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित निकायबाट घरजग्गा व्यवसाय गर्ने अनुमति लिएको कम्पनीको नाममा रहेको जग्गा दफा १२क. को उपदफा (२) बमोजिम स्वीकृति प्राप्त गरेको भएमा जग्गा विकास गरी विकसित घडेरी वा त्यस्तो घडेरीमा घर वा आवास इकाइ (अपार्टमेन्ट) निर्माण गरी बिक्री गर्न कुनै बाधा पर्ने छैन । तर घर जग्गा व्यवसाय बाहेक अन्य प्रयोजनको लागि प्राप्त गरेको वा स्वीकृति लिएको जग्गा यस उपदफा बमोजिम बिक्री गर्न पाइने छैन ।'

यस दफाको अर्थ, यदि कुनै कम्पनीले दफा १२क(२) माथि उल्लेख गरिएको बमोजिम स्वीकृति प्राप्त गरी हदबन्दी भन्दा बढी जग्गा वैध बनाइसकेको छ भने, अब उसले त्यो जमिन विकास गरी घडेरी वा अपार्टमेन्ट निर्माण गरेर खुला रूपमा बिक्री गर्न सक्नेछ भन्ने हुन्छ । यस दफामा फेरि प्रतिबन्धात्मक वाक्य थपेर सरकारले सतहमा यस्तो देखाउने प्रयास गरेको छ कि यो प्रावधान केवल घरजग्गा व्यवसाय गर्ने कम्पनीहरूका लागि हो । तर वास्तविकता अर्कै छ ।

पहिलो चरणको संशोधनले हदबन्दीको व्यवस्था हटायो । दोस्रो चरणले विघटन वा ऋण चुक्ता गर्ने बहानामा सबै कम्पनीलाई जग्गा बिक्रीको कानूनी बाटो खोलिदियो । अब तेस्रो चरणको यो संशोधन प्रस्तावले घरजग्गा व्यवसायको नाममा ती सबै प्रक्रियालाई वैधता दिने अन्तिम प्रयास गरिरहेको छ । एकपटकका लागि भनेर गरिएको विशेष प्रावधान अब सबैका लागि

**बाँकी १९ पृष्ठमा ........**

# खाद्य प्रयोगशालालाई अन्तर्राष्ट्रिय मान्यता

काठमाडौं साउन १८, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले खाद्य तथा दाना पदार्थको परीक्षण प्रतिवेदनलाई नेपालका खाद्य प्रयोगशालालाई अन्तर्राष्ट्रिय मान्यता प्रत्यायन (एक्रिडिटेशन) प्राप्त गर्न सफल भएको छ । विभाग अन्तर्गतको राष्ट्रिय खाद्य तथा दाना रिफरेन्स प्रयोगशालाले परीक्षण प्रतिवेदन (लसर्टिफिकेट अफ एनालाइसिस(




सीओए)लाई भारत लगायत अन्य मुलुकमा मान्यता दिने गरी NABL -National Accreditation Board for Testing and Calibration Laboratories_ / ef/tsf] FSSAI -Food Safety and Standards Authority of India) बाट एकीकृत प्रत्यायन (Integrated Accreditation Certificate) प्राप्त गरेको हो ।

क्ष्क्इ(क्ष्भ्क्र १७०२५:२०१७ मापदण्डअनुसार विभागले यस वर्ष मात्रै ६७२ वटा केमिकल र १४२ वटा माइक्रोबायोलोजिकल परीक्षण प्यारामिटरसहित कुल ८१४ परीक्षण प्यारामिटरमा ल्ब्घ्ी बाट प्रत्यायन विस्तार गरेको छ । यो उपलब्धिसँगै विभागको प्रयोगशाला नेपालकै सबैभन्दा धेरै प्रत्यायन क्षेत्र भएको खाद्य प्रयोगशालाको रुपमा स्थापित भएको छ ।

विभागका अनुसार सन् २०१२ मा २७ वटा केमिकल प्यारामिटरबाट सुरु भएको प्रत्यायन विस्तार क्रमशः सन् २०१५ मा ३९, सन् २०१९ मा १०२ र सन् २०२३ मा २८६ प्यारामिटरमा विस्तार भएको थियो। तर, सन् २०२५ मा उल्लेखनीय प्रगति गर्दै परीक्षण प्यारामिटर ८१४ पुगेको हो ।

त्यसैगरी, भारतका ँक्क्ब्क्ष ले नेपालको प्रयोगशालाबाट परीक्षण गरिएका ८ प्रकारका खाद्य पदार्थ(जुस, जाम, जेली, अचार, क्यान्डी, तयारी चाउचाउ, अदुवा र ताजा तरकारी एवं फलफूलको परीक्षण प्रतिवेदनलाई मान्यता दिने निर्णय गरेको छ। यसबाट भारतमा नेपाली खाद्य वस्तुको निर्यातमा थप सहजता र विश्वसनीयता कायम हुने विभागको विश्वास छ ।

नाबल र एफएसएसएआईको संयुक्त मूल्याङ्कन (Integrated Laboratory Assessment) पछि विभागले ५३८ केमिकल र १४२ माइक्रोबायोलोजिकल प्यारामिटरमा एकीकृत प्रत्यायन प्राप्त गरेको हो। यसैगरी, प्रयोगशालाले १२३ प्रकारका जीवनाशक विषादी अवशेष, ११ प्रकारका खाद्य रंग, ३ कृत्रिम गुलियो पदार्थ, ६ खाद्य परिरक्षक, ४ प्रकारका भिटामिन, १९ मेटल्स र ८ अफ्लाटक्सिन प्यारामिटरमा परीक्षणको प्रत्यायन विस्तार गरेको छ ।

विभाग अन्तर्गतको विराटनगर खाद्य प्रयोगशालाले पनि २३ परीक्षण प्यारामिटरमा प्राप्त प्रत्यायनलाई विस्तार गर्दै यस वर्ष ४६ प्यारामिटरसम्म पुऱ्याएको छ ।

विश्व खाद्य स्वच्छता दिवस २०२५ को सन्दर्भमा 'खाद्य पदार्थमा स्वच्छता : विज्ञानको अपरिहार्यता' भन्ने नारासहित सार्वजनिक गरिएको यो जानकारी अनुसार विभागले परीक्षणको विश्वसनीयता बढाउँदै निर्यातको मार्ग खुला बनाउनेतर्फ ठोस कदम चालेको स्पष्ट हुन्छ ।

# सांसदमा भूमि विधेयक संशोधन सम्बन्धी सांसद्हरुको विचार



काठमाडौं साउन १२, भूमिसम्बन्धी केही नेपाल ऐन संशोधन विधेयकमा संशोधन राख्ने १७ जना सांसद्सँगको छलफल सकिएको छ। संसदीय समितिमा सुरु भएको दफावार छलफलमा १७ जना संशोधनकर्तासँगको छलफल सकिएको समिति सचिवालयले जनाएको छ।

भूमिसम्बनधी केही नेपाल ऐन संशोधन विधेयकमा ५५ वटा संशोधन परेको छ। प्रतिनिधि सभा अन्तर्गतको कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिले विधेयकमाथि दफावार छलफल गरिरहेको छ। संशोधनकर्ता सांसदहरूसँग छलफल रहेको छ।

विधेयकमा संशोधनकर्ता सांसदहरूसँग छलफल सकिएपछि समितिमा छलफल हुनेछ र विधेयक अगाडि बढ्नेछ।

विधेयकसँग सम्बन्धित विषयमा सरोकार राख्ने निकाय र व्यक्तिसँग छलफल गर्ने वा नगर्ने भन्नेमा समिति निर्णयमा पुगेको छैन। यो विधेयकलाई जति सक्दो छिटो पास गर्ने तयारीमा सत्तारुढ दल रहेका छन्।

सुरुमा प्रतिनिधि सभामै दफावार छलफल गरेर पारित गर्न खोजिएको थियो। समितिमा लगेर पनि फास्ट ट्र्याकमा अगाडि बढाउन सकिने विपक्षी दलहरूको अडानपछि यो विधेयक संसदीय समितिमा पुगेको हो।

प्रस्तावित विधेयकले तीनवटा ऐनमा संशोधन प्रस्ताव गरेको छ। भूमि ऐन २०२१, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ र वन ऐन २०७६। घर जग्गा व्यवसायीलाई हदवन्दी भन्दा बढीको जग्गामा घडेरी विकास गरी घर वा अपार्टमेन्ट बनाएर बिक्री गर्न दिने व्यवस्था

*'सूचित आदेशले तोकेको हदभित्र' भन्ने शब्दले सरकारलाई कानुन बनाउन संसद्ले अधिकार प्रत्यायोजन गर्छ।*

विधेयकमा छ। भूमिहीन दलित, सुकुम्वासी र अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्ने विषय पनि रहेको छ।

सरकार स्वेच्छाचारी हुनसक्ने भूमि विधेयक विपक्षी दलहरूले यो विधेयक भूमाफिया र घरजग्गा व्यवसायीका निम्ति ल्याएको आरोप लगाइरहँदा सत्तारुढ दलहरू सुकुम्वासी र अव्यवस्थित बसोवासीलाई समेत प्रस्तावित विधेयकले सम्बोधन गर्ने तर्क प्रस्तुत गरिरहेका छन्।

भूमि सम्बन्धी केही नेपाल ऐन संशोधन विधेयकले भूमि ऐन २०२१, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ र वन ऐन २०७६ मा संशोधन प्रस्ताव गरेको छ। उपेन्द्र यादवले विधेयकलाई संविधानको धारा १०९ र अनुसूची ६ विपरीत भन्दै संघीयता र प्रदेश तथा स्थानीय तहको अधिकारमाथि प्रहार भएको बताए।

विधेयकमा 'सूचित आदेशले तोकेको हदभित्र' शब्दले सरकारलाई मनोमानी गर्ने अधिकार दिने भएकाले सांसद विमला सुवेदीले यो शब्द हटाउनुपर्ने संशोधन प्रस्ताव गरेकी छन्।

साउन ११ गते 'भूमिसम्बन्धी केही नेपाल ऐन संशोधन विधेयक'ले तीनवटा ऐनमा संशोधन प्रस्ताव गरेको छ। भूमि ऐन २०२१, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ र वन ऐन २०७६। जम्मा चारवटा दफा रहेको यो विधेयक ३ पेजको छ।

विधेयक जति छोटो छ त्यति उचाइमा चर्चा छ। विपक्षी दलहरूले यो विधेयक भूमाफिया र घरजग्गा व्यवसायीका निम्ति ल्याएको आरोप लगाइरहँदा सत्तारुढ दलहरू सुकुम्वासी र अव्यवस्थित बसोवासीलाई समेत प्रस्तावित विधेयकले सम्बोधन गर्ने तर्क प्रस्तुत गरिरहेका छन्।

नेकपा माओवादी केन्द्रकी सांसद् विमला सुवेदी विधेयकमा रहेका 'सूचित आदेश, तोकिएबमोजिम, निर्देशिकाअनुसार, कार्यविधिअनुसार' जस्ता शब्दप्रति आफ्नो ध्यान गएको बताउँछिन्। संसद्ले कार्यपालिकालाई कानुन बनाउनमा अधिकार प्रत्यायोजनक गर्नेसम्बन्धी प्रावधानसँग जोडिएका यी शब्दहरू विधेयकबाट हटाउनुपर्ने उनको संशोधन छ।

प्रस्तावित विधेयकको दफा २ को उपदफा (१) मा भूमि सम्बन्धी ऐन २०२१ को दफा १२ छमा संशोधन गरेर 'घर जग्गा व्यवसायको जग्गा बिक्रीसम्बन्धी व्यवस्था' राखिएको छ।

जहाँ भनिएको छ, यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा १२ को खण्ड (ड१) बमोजिम घर जग्गा व्यवसाय गर्न अनुमति लिएको कम्पनीले सूचित आदेशले तोकेको हदभित्रको जग्गा प्रचलित कानुनबमोजिम जग्गा विकास गरी घडेरी वा त्यस्तो घडेरीमा घर वा आवास इकाइ (अपार्टमेन्ट) निर्माण गरी बिक्री गर्न सक्नेछ।'

यस प्रस्तावमा प्रयोग भएको 'सूचित आदेशले तोकेको हदभित्र' भन्ने शब्दले सरकारलाई कानुन बनाउन संसद्ले अधिकार प्रत्यायोजन गर्छ। सूचित आदेश भनेको आदेशमार्फत सूचना दिने भन्ने हो।

यो विधेयक जस्ताको तस्तै ऐनमा रुपान्तरित भयो भने जग्गाको हदवन्दी तोक्ने काम सूचित आदेशमार्फत हुन्छ। यो अधिकार मन्त्रिपरिषद् वा मन्त्रालय कसले प्रयोग गर्छ भन्ने पनि विधेयकमा प्रष्ट छैन।

एकातिर जग्गाको हदबन्दी तोक्ने जस्तो विषयमा व्यवस्थापिका संसद्ले कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने र अर्कोतिर प्रत्यायोजित अधिकार मन्त्रिपरिषद् वा सम्बन्धित मन्त्रालय कसले प्रयोग गर्ने भन्ने स्पष्ट नहुने गरी ऐन बनाए सरकारले मनलाग्दी गर्न पाउने वा मनलाग्दी गर्नसक्ने शंका सांसद सुवेदीको छ।

'सूचित आदेशको नाममा सरकारले स्वार्थअनुकूल आदेश जारी गर्नसक्छ। यसले

सरकारलाई स्वेच्छाचारी बनाउँछ । ऐन र नियमावलीभन्दा पर गएर सरकार सूचित आदेशका भरमा चल्न खोजेको छ ।'

'सूचित आदेशको नाममा सरकारले स्वार्थ अनुकूल आदेश जारी गर्नसक्छ, यसले सरकारलाई स्वेच्छाचारी बनाउँछ,' उनी भन्छिन्, 'ऐन र नियमावली भन्दा पनि पर गएर सरकार सूचित आदेशका भरमा चल्न खोजेको छ । यसर्थ 'सूचित आदेशले तोकेको हदभित्र' शब्द झिक्न आवश्यक छ ।'

'सूचित आदेशले तोकेको हदभित्र' भन्ने शब्द विधेयकमा अन्यत्र पनि छ ।

प्रस्तावित विधेयकको दफा २ को उपदफा १ मै '...कम्पनीले घर वा आवास इकाइ ( अपार्टमेन्ट) बिक्री गर्दा त्यस्तो घर वा आवास इकाइ (अपार्टमेन्ट) खरिद गर्ने व्यक्तिहरूको सामूहिक उपयोगमा रहने गरी राखिएको जग्गालाई घर वा आवास इकाइ (अपार्टमेन्ट) खरिद गर्ने खरिदकर्ताको सामूहिक स्वामित्व कायम हुनेगरी दाखिल खारेज गर्नुपर्ने,' उल्लेख छ ।

तर, सामूहिक उपयोगमा रहने गरी राखिएको त्यस्तो जग्गा धितोबन्धक राख्न वा बिक्री वितरण गर्न भने नपाइने भनिएको छ ।

प्रस्तावित विधेयकको दफा २ को उपदफा १ को बुँदा नम्बर ३ मा जग्गा कित्ताकाट गरी बिक्री गर्न नपाइनेसम्बन्धी व्यवस्था छ ।

जहाँ भनिएको छ, 'घर जग्गा व्यवसाय गर्न अनुमति लिएको कम्पनीले उपदफा (१) बमोजिम घर जग्गा बिक्री गर्दा स्थानीय भू(उपयोग परिषद्‌बाट भू-उपयोग क्षेत्र वर्गीकरण हुँदा आवासीय क्षेत्र वा व्यावसायिक क्षेत्रमा वर्गीकरण भएकोमा त्यस्तो जग्गामा प्रचलित कानुनबमोजिम नेपाल सरकारको सूचित आदेशद्वारा तोकिदिएको हदसम्मको जग्गा घडेरी विकास नगरी ससिम वा कित्ताकाट गरी बिक्री गर्न पाइने छैन ।'

यो उपदफामा 'नेपाल सरकारको 'सूचित आदेशद्वारा तोकिदिएको हदसम्म' शब्द प्रयोग भएको छ । यस कारण यो तोक्ने अधिकार मन्त्रिपरिषद्‌मा रहने स्पष्ट छ । तथापि, मन्त्रिपरिषद्‌लाई अधिकार प्रत्योजन गर्ने विषयमा संसद्‌ले ख्याल गर्नुपर्ने भनेर प्रस्तावित विधेयकमा संशोधन परेको छ । यो उपदफामा प्रयोग भएको 'सूचित आदेशद्वारा तोकिदिएको हदसम्म' भन्ने शब्द हटाएर 'प्रचलित कानुन बमोजिमको हदभित्रको जग्गा' भन्ने शब्द राख्नुपर्ने संशोधन परेको छ ।

यो प्रस्तावको दुरुपयोग हुन सक्ने खतरा देख्छिन् सांसद सुवेदी । उनी भन्छिन्, 'सूचित आदेशको नाममा सरकारले स्वार्थअनुकूल आदेश जारी गर्नसक्छ । यसले सरकारलाई स्वेच्छाचारी बनाउँछ र ऐन र नियमावलीभन्दा पनि सूचित आदेशका भरमा सरकारले भूमिका कामहरू गर्नसक्छ ।'

प्रस्तावित विधेयकको दफा २ को उपदफा १ को बुँदा नम्बर ४ मा जग्गा विकास गरी विकसित घडेरी वा त्यस्तो घडेरीमा घर वा अपार्टमेन्ट निर्माण गरी बिक्री गर्न पाउनेसम्बन्धी व्यवस्था प्रस्तावित छ ।

जहाँ लेखिएको छ, 'यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित निकायबाट घरजग्गा व्यवसाय गर्ने अनुमति लिएको कम्पनीको नाममा रहेको जग्गा दफा १२क. को उपदफा (२) बमोजिम स्वीकृति प्राप्त गरेको भएमा जग्गा विकास गरी विकसित घडेरी वा त्यस्तो घडेरीमा घर वा आवास इकाइ (अपार्टमेन्ट) निर्माण गरी बिक्री गर्न कुनै बाधा पर्ने छैन ।' तर घर जग्गा व्यवसाय बाहेक अन्य प्रयोजनको लागि प्राप्त गरेको वा स्वीकृति लिएको जग्गा भने बिक्री गर्न पाइने छैन ।

प्रस्तावित विधेयकको दफा २ को उपदफा २ मा सार्वजनिक जग्गा, नदी, खोला वा नहर किनाराको जग्गा, जोखिमयुक्त स्थानमा बसोबास गरिएको जग्गा, राष्ट्रिय निकुञ्ज वा आरक्षको जग्गा, हाल रुख बिरुवाले ढाकिएको बनको जग्गा र सडक सीमाभित्रका जग्गासमेत सुकुम्बासीलाई दिन सकिने उल्लेख छ ।

तर, सुरु नापी हुँदाका बखत क्षेत्रीय नापी किताब वा लगतमा गौचरन, हाट, हाटघाट वा बजार उल्लेख भएको जग्गामा 'तोकेको समयावधिभन्दा अगावै'देखि घर टहरा बनाई बसोबास गर्दै आएका रहेछन् भने त्यस्तो जग्गा भूमिहीन दलित, भूमिहीन सुकुम्बासी वा अव्यवस्थित बसोबासीलाई उपलब्ध गराउन सकिने व्यवस्था प्रस्तावित छ ।

यस्तो जग्गा भूमिहीन दलित, भूमिहीन सुकुम्बासी वा अव्यवस्थित बसोबासीलाई उपलब्ध गराउनु अगाडि उपयोगमा नरहेको भनेर स्थानीय तहको कार्यपालिकाको निर्णय हुनुपर्ने भनिएको छ ।

यो उपदफामा पनि 'तोकेको समयावधिभन्दा अगावै' भन्ने शब्द प्रयोग भएको छ । यो समयावधि कति भन्ने विषय किटान नगरिएको मात्रै होइन, समयावधि कति तोक्ने भन्ने निकाय पनि स्पष्ट छैन । यो विषय सम्बन्धित मन्त्रालयले तोक्ने हो कि मन्त्रिपरिषद्‌ले, विधेयकमा स्पष्ट छैन ।

नदी किनार, ताल तलैयाको किनार, राष्ट्रिय निकुञ्ज, आरक्ष, वन क्षेत्र, सडकको मापदण्डभित्र वा अन्य जोखिमयुक्त स्थानमा बसोबास गरिरहेका भूमिहीन दलित वा भूमिहीन सुकुम्बासीलाई अन्यत्रै बसोबासको व्यवस्था मिलाउनुपर्ने व्यवस्था पनि विधेयकमा प्रस्तावित छ । यसरी अन्यत्रै जग्गा उपलब्ध गराउँदा 'वन क्षेत्र वा मध्यवर्ती क्षेत्र' को जग्गा समेत उपयोगमा ल्याउने सरकारको प्रस्ताव छ ।

अव्यवस्थित बसोबासीलाई जग्गा उपलब्ध गराउँदा जग्गाको प्रकृति, क्षेत्रफल र मूल्याङ्कनलाई समेत हेरी 'तोकिए बमोजिमको दस्तुर लिई जग्गाको स्वामित्व उपलब्ध गराउन सक्ने' व्यवस्था प्रस्तावित विधेयकको दफा दफा २ को बुँदा नम्बर ३ मै उल्लेख छ । यो तोकिए बमोजिमको दस्तुर कति हो प्रष्ट नगरिएको मात्रै होइन, कसले दस्तुर तोक्छ भन्ने समेत विधेयकमा प्रष्ट छैन ।

विधेयकमा विभिन्न ठाउँमा कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्दा समेत नपुगेर विधेयकमा सरकारले निर्देशिका वा कार्यविधि बनाउन सक्ने अधिकार राख्ने गरी छुट्टै दफा समेत प्रस्ताव गरेको छ ।

निर्देशिका वा कार्यविधि बनाउन सक्ने व्यवस्था विधेयकमै छ । जहाँ भनिएको छ, 'यो ऐन र यस ऐनअन्तर्गत बनेको नियमको अधिनमा रही मन्त्रालयले आवश्यक निर्देशिका वा कार्यविधि बनाउन सक्नेछ ।' यहाँ मन्त्रालय भनेर भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयलाई निर्देशिका वा कार्यविधि बनाउन सक्ने अधिकार प्रत्यायोजन गर्न प्रस्ताव गरिएको हो ।

प्रदेश र स्थानीय तहको अधिकार खुम्चने दाबी जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादव प्रस्तावित भूमि विधेयकले संविधानको मर्म र भावनालाई आत्मसात् नगरेको बताए । उनका अनुसार भूमि र वन प्रदेश र स्थानीय सरकारको क्षेत्राधिकारभित्र पर्ने विषय हो । स्थानीय र प्रदेशको अधिकार क्षेत्र जोडिने विषयमा संघीय सरकारले ऐन बनाउँदा उनीहरूको स्वीकृति लिनुपर्ने उनले बताए । आइतबार भूमि विधेयकमाथिको दफावार छलफलका क्रममा अध्यक्ष यादवले भने, 'यो विधेयक संविधानको धारा १०९ र अनुसूची ६ विपरीत छ ।'

संविधानको धारा १०९ मा संघीय संसदको

व्यवस्थापिकीय अधिकारसम्बन्धी व्यवस्था छ । जहाँ भनिएको छ, 'संघीय संसदको व्यवस्थापकीय अधिकार अनुसूची-५, अनुसूची-७ र अनुसूची-९ बमोजिमको सूचीमा उल्लेख भएबमोजिम हुनेछ ।'

संविधानको अनुसूची-५ मा संघको अधिकारको सूची छ। अनुसूची ६, मा प्रदेशको अधिकार सूची, अनुसूची-७ मा संघ र प्रदेशको साझा अधिकार सूची र अनुसूची-९ मा संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची छ ।

'भूमि र वन दुवै प्रदेशको क्षेत्राधिकार भित्रको विषय हो । के प्रदेश सभाको अनुमति लिएर यो विधेयक ल्याइएको हो ?,' जसपा नेपालका अध्यक्ष यादवको प्रश्न छ, 'यदि होइन भने यो विधेयक संविधानको उल्लंघन र संघीयतामाथिको प्रहार हो ।'

भूमिसम्बन्धी केही नेपाल ऐन संशोधन विधेयकमाथि प्रतिनिधिसभा अन्तर्गतको कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिमा दफावार छलफल थियो । जहाँ भूमि व्यवस्था सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारी समेत उपस्थित थिए ।

'यो विधेयक असंवैधानिक, गैरकानुनी र राष्ट्रको हितविपरीत छ । यसले पर्यावरण विनाश गर्छ'

भूमिमन्त्री अधिकारीलाई अध्यक्ष यादवको प्रश्न छ, 'के असवैधानिक कुरा ल्याउन पाइन्छ ? के प्रदेश र स्थानीय तहको क्षेत्राधिकार मिच्न पाइन्छ ? के संविधानको अनुसूची मिच्न पाइन्छ ? त्यो अधिकार छ ?'

'यो विधेयक असंवैधानिक, गैरकानुनी र राष्ट्रको हितविपरीत छ । यसले पर्यावरण विनाश गर्छ' अध्यक्ष यादवले मन्त्री अधिकारीलाई प्रश्नमाथि प्रश्न गरेका छन्, 'संविधान मिच्ने र सर्वोच्चको फैसला उल्लंघन गर्ने यो कुन स्वार्थका लागि ल्याइयो, मन्त्रीज्यूले स्पष्ट पार्नुपर्छ ।'

संविधानविपरित ऐन बने अदालत जाने उनको चेतावनी छ, 'भोलि गएर यो विधेयकको विषय सार्वजनिक विषय, जनताको विषय बन्छ, अदालतमा गयो भने गलत ठहरिन सक्छ ।'

राष्ट्रिय निकुञ्जको जग्गा पुनःनक्साङ्कन किन ?

भूमिसम्बन्धी केही नेपाल ऐन संशोधन विधेयकमाथिको छलफलमा सांसदहरूले उठाएको अर्को विषय हो । राष्ट्रिय निकुञ्जको जग्गा पुनःनक्साङ्कन किन ?

माओवादी केन्द्रका प्रमुख सचेतक हितराज पाण्डेका अनुसार राष्ट्रिय निकुञ्जको जग्गा अहिले नै सरकारको नाममा छ । 'अहिले नै सरकारको नाममा रहेको राष्ट्रिय निकुञ्जको जग्गा पुनःनक्साङ्कन गरी नेपाल सरकारको नाममा ल्याइरहन आवश्यक रहेको छैन ।'

प्रस्तावित विधेयकको दफा ३ मा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ मा संशोधन गर्नेसम्बन्धी व्यवस्था छ । जहाँ भनिएको छ, 'व्यवस्थापन वा संरक्षण गर्दा उक्त क्षेत्रमा रहेको स्थानीय जनताको भू( स्वामित्वलाई कुनै असर नपर्ने गरी अभिलेखमा वन, वन क्षेत्र वा बुट्यान क्षेत्र जनिएको जग्गालाई एक पटकका लागि पुनः नक्शाङ्कन गरी वन क्षेत्रबाट छुट्याई नेपाल सरकारको नाममा कायम गरी अद्यावधिक गर्न बाधा पर्ने छैन ।'

यो प्रस्तावित व्यवस्थाको औचित्यबारे सांसदहरूले प्रश्न गरेका हुन् । वन ऐन २०७६ मा संशोधन गर्न प्रस्ताव गरिएको विषयमा पनि सांसदहरूले प्रश्न उठाएका छन् ।

माओवादीका प्रमुख सचेतक हितराज पाण्डे । वन ऐन, २०७६ को दफा ३ को उपदफा ( २) प्रतिबन्धात्मक वाक्यांश थप्ने प्रस्तावित विधेयकमा छ । 'जहाँ भनिएको छ, 'तर अभिलेखमा वन, वन क्षेत्र वा बुट्यान क्षेत्र जनिएको जग्गालाई एक पटकका लागि पुनः नक्शाङ्कन गरी वन क्षेत्रबाट छुट्याई नेपाल सरकारको नाममा कायम गरी अद्यावधिक गर्न बाधा पर्ने छैन ।'

प्रस्तावित विधेयकका यी दफा व्यवसायीहरूलाई जग्गा दिने, वन फँडानी गर्ने नियतका साथ आएको जसपा नेपालका अध्यक्ष यादवको आरोप छ । 'वन फाँडेर बसेको जग्गा दर्ता गरियो भने वन फँडानीलाई प्रोत्साहन हुन्छ । यो ठिक छैन,' 'वन ऐन २०७६ अनुसार सबै वन नेपाल सरकारको नियन्त्रणमा छन् । ती वनलाई कुन सरकारको नियन्त्रणमा ल्याउने ! यो कुरा विवादास्पद छ ।'

जग्गा व्यवसायीहरूलाई रियल स्टेटका लागि जग्गा दिने नियतका साथ विधेयक आएको र सरकारले सुकुमबासी समस्या समाधान गर्न लागेको भनेर जनतालाई छक्याउन खोजेको उनको आरोप छ ।

'सरकारको नियत भू-माफियालाई जग्गा दिने हो । यो कति घातक छ ! ख्याल गरियोस्' उनी भन्छन्, 'वन फँडानीलाई प्रोत्साहन गर्ने अध्यादेश आएपछि हजारौं मानिस जंगलमा बसेका छन् ।

# मौरीमा सुलसुले कीराको प्रकोप

चितवन साउन २३, पूर्वी चितवनमा व्यावसायिक मौरीपालन गरेको ठाउँमा माइट (सुलसुले)को सङ्क्रमण देखिएपछि मौरी मर्न थालेका छन् । रत्ननगर नगरपालिका(५ का किसान दीपक रिमालले पाल्नुभएको एपिस मेलिफेरा जातका मौरीमा सुलसुलेको सङ्क्रमण देखिएको हो ।

रिमालका अनुसार विगत पाँच दिनदेखि मौरीमा समस्या देखिन थालेको हो । उनले भने, "मौरी उड्न खोज्छन् तर उड्न नसकेपछि भुइँमा झरी उत्तानो परेर मर्ने गरेका छन् ।" अहिलेसम्म चारवटा घारका ८० प्रतिशत मौरी मरिसकेका जनाउँदै उहाँले मौरी कमजोर भएर काम्ने र मर्ने क्रम बढेको बताए । मौरीपालन विकास केन्द्र भण्डाराका प्रमुख सुजन अमगाईंका अनुसार रिमालको फार्ममा रहेका चारवटा घारमा सुलसुलेको सङ्क्रमण देखिएको हो । उनले ती घारमा देखिएको सुलसुले एकराइन प्रजातिको भएको बताउँदै उनले भने, "एकराइनको सङ्क्रमणले मौरीको श्वासनलीमा असर गर्दछ ।"

यसको सङ्क्रमणबाट मौरी उड्न नसक्ने, कमजोर भएर पखेटालाई 'के' आकारको फिजाएर बस्ने गर्दछ । यो सुलसुलेले मौरीको भित्री भागको रस चुसेर कमजोर बनाउने उनले जानकारी दिए । उनले भने, "यो सुलसुलेले पक्षघातको लक्षण उस्तै देखिने भएकाले छुट्याउन कठिन हुने छ ।"

जिल्लामा यो समस्या हरेक वर्ष देखिने गरेको जनाउँदै मौरीपालन विकास केन्द्र भण्डाराका प्रमुख अमगाईंले मौरीमा सुलसुलेको सङ्क्रमण र लक्षण देखिने वित्तिकै औषधिको प्रयोग गर्नुपर्ने बताए । यो सङ्क्रमण नाङ्गो आँखाले देख्न नसकिने भएकाले अरु मौरीमा सर्न नदिनका लागि सङ्क्रमित मौरीलाई छुट्टै आइसोलेसनमा राखेर उपचार गर्नुपर्ने बताएका छन् ।

हाल चितवनमा करिब ५५० मौरीपालक कृषकहरूले १६ हजार ५०० भन्दा बढी घारमा मौरीपालन गर्दै आएका छन् । यहाँका किसानले दाङ, प्यूठान, सल्यान, बर्दिया, कपिलवस्तु रुपन्देही, नवलपरासी, रौतहट, मकवानपुर, सर्लाही, महोत्तरीलगायत जिल्लामा मौरी चराउन लैजाने प्रमुख अमगाईंले बताए । उनका अनुसार जिल्लामा वार्षिक रूपमा ५७० मेट्रिकटन मह उत्पादन हुँदै आएको छ ।

# विश्वव्यापी प्रतिवद्धताहरुको स्थानीय कार्यन्वयनको लागि राष्ट्रिय परामर्श

सञ्जालमा नआउने साथीहरुलाई आग्रह गर्न चाहन्छु । हामी पूर्वाग्रह राख्दैनौं । आउँनुहोस बाँकी काम सबैले मिलेर गर्नुपर्छ : चित्रबहादुर श्रेष्ठ अध्यक्ष अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी केन्द्र)

धनबहादुर मगर

काठमाडौं २३ असार २०८२, तथा ७ जुलाई २०२५ राष्ट्रिय किसान सञ्जालले

> *राज्यमा खाद्य समस्या छ । के गर्दा राम्रो हुन्छ नीतिगत रुपमा प्रष्ट हुन आवश्यक छ । कृषिको लागि कृषि ऐन, कानुन अझै बनेको छैन । कृषि ऐन नहुँदा कृषि प्रधान देशको कृषि कस्तो होला !*



विश्वव्यापी प्रतिवद्धताहरुको स्थानीय कार्यन्वयनका लागि राष्ट्रिय परामर्श ललितपुरको धोविघाटस्थित सिद्धार्थ कटेजमा राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ-संस्थाहरु विशेषगरि संयुक्त राष्ट्र संघ र सरोकारवाला निकायहरुको सहभागीतामा भव्यताका साथ कार्यक्रम सम्पन्न गरेको छ ।

अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी केन्द्र)का अध्यक्ष, राष्ट्रिय किसान आयोगका पूर्व अध्यक्ष तथा कार्यक्रमका प्रमुख अतिथि चित्रबहादुर श्रेष्ठले आज उठाएका विषयहरु साझा विषयहरु भएकाले आफ्नो तहबाट कार्यान्वयन गर्न आग्रह गर्नु भएको छ । आज उठाएका विषयहरु जुनसुकैले उठाएपनि उहाँहरुको व्यक्तिगत विचार भन्दा पनि लामो सहकार्य गरेको साझा विचार हुनेछ । अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी केन्द्र)को तर्फबाट ऐक्यवद्धता राख्न चाहन्छु । मन, मस्तिक र भावनामा एकता बनुन भनेर कार्यक्रममा चर्चा भयो । राष्ट्रिय प्रतिवद्धताको जगजाहेर गरेको छ । राष्ट्र संघले बनाएको हरेक सन्धी र अभिसन्धीहरुमा कार्यन्वयन गर्छु भनेर नेपाल सरकारले आफ्नो प्रतिवद्धताहरु जाहेर गरेका छन ।

जलवायु परिवर्तनको कुरा, किसानका हक अधिकारको कुरा, आदिवासी जनजातिको कुरा, भूमिहीन सुकुम्वासी र सीमान्तकृत समुदायहरुको कुरा आफ्ना घोषणा पत्रहरुमा प्रतिवद्धता व्यक्त गरेको छ ।

राष्ट्र संघको निर्णयहरु गम्भीरताका साथ कार्यन्वयन गर्नु पर्थ्यो । जलवायु परिवर्तनबाट सबैभन्दा धेरै असर कृषिमा परिरहेको छ । साम्राज्यवादीहरु ठूलो विष्फोटक हतियारहरुको होडवाजी चलाएर विश्वमा तापक्रम वृद्धि गरिरहेको छ । राष्ट्र संघको निर्णयको सरकारले कार्यन्वयन गर्ने कुरामा अनदेखा गरिरहेको छ कि भन्ने शंका उब्जेको छ ।

योगदानको आधारमा अनुदान, किसान परिचय पत्रको व्यवस्था राज्यले गर्नुपर्छ भनेर कुरा उठाउँदै आएका छौं ।

मध्यपूवका करोडौ न्यायप्रेमी जनताहरु पुँजीपतिहरुले फालिएको रछ्यानहरुमा हात थाप्नु पर्ने अवस्था सिर्जना गरेको छ । पुँजीवादी मुलुकहरु युद्धमा होडवाजी गरेर हिडिरहेका छन् ।

विकसित मुलुकहरुले जलवायु परिवर्तनको सहयोग पुर्‍याईरहेको छैन । घटाउनु पर्छ भनेर गरिएका प्रतिवद्धताहरु कार्यन्वयन गरिरहेको छैन । प्रतिवद्धताबाट पछि हटीरहेको अवस्था छ ।

पार्टी निकट संघ(सस्थाहरुले किसान पक्षीय काम गरिरहेको छैन भन्ने होइन । हामी दलीय व्यवस्थामा छौं । हामीले दलीय शासकहरुलाई हामीले जतिको राजनीतिक दबावहरु अरु कसैले गरेको छैन । परिवर्तन दलहरुबाटै हुनुपर्छ । गल्ती दलहरुले नै गरेकै हुन् । केही राम्रो कामहरु पनि भएका छन् । नेपालको किसानहरुले सोचेको जस्तो हुन सकेको छैन । हामी धेरै वर्षदेखि सञ्जाल निमार्ण गरेर अगाडि बढीरहेका छौं । सञ्जाल नआउने साथीहरु पनि छन् । आग्रह गर्न चाहन्छु । हामी पूर्वाग्रह राख्दैनौं । आउँनुहोस बाँकी काम सबैले मिलेर गर्नुपर्छ । यो हाम्रो दायित्व हो । कमी कमजोरीहरुलाई इमान्दारीपूवर्क पन्छाएर अघि बढौं । हाम्रो पनि कमजोरी छैन भनेर भनेका छैनौं । सबैभन्दा मुल कुरा एकतामै परिवर्तन सम्भव छ ।

हेर्दा संघ, प्रदेश र स्थानीय तहमा समन्वय नहुँदा कार्यन्वयन हुन नसकेको देखिन्छ । तर यसमा हामीले राजनीतिक दल सम्वद्ध संगठनहरुको साझा संगठन बनाएका छौं । स्थानीय सरकारसँग अपार सम्भावना छ । यो सम्भावना पूरा गर्ने अवसर हामीले गुमाउनु हुँदैन ।

अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी केन्द्र)का महासचिव, राष्ट्रिय भूमि आयोगका पूर्व उपाध्यक्ष  तथा राष्ट्रिय किसान सञ्जालका संयोजक नहेन्द्र खड्काले राष्ट्रिय कार्यन्वयन समितिद्वारा आयोजित कार्यक्रमको आवश्यकता र औचित्य बारेमा सञ्जालले विगत २००७ सालदेखि संयुक्त रुपमा काम कार्यक्रमहरु गर्दै आएको बताएका छन् ।

किसानहरुको ध्रुवीकरणलाई मित्रवत् कार्यक्रम गर्दै एकतावद्ध हुने गरि किसानका साझा मुद्दालाई अगाडि बढाएको छ ।

अधिसन्धीहरु कार्यन्वयनका लागि अन्तराष्ट्रिय कृषि विकास कोषको आइफाडको सहयोगमा भएको छ । एनसीसी किसान कार्यक्रमको रुपमा आइयूसिएन र यूरोपिएन यूनियनको सहयोगमा ५ वर्षे कार्यक्रम सञ्चालन गरेका छन् । म किसान सञ्जालको तर्फबाट अन्तिम तयारी रुप दिन म थाइल्याण्डको बैककमा गएका थियौं । तिनै कार्यक्रम अन्तर्गत हरेक वर्ष यो कार्यक्रम गर्ने गरेका छौं ।

राष्ट्र संघको आयोजनामा सम्पन्न विभिन्न पेरिस लगायत विभिन्न देशमा भएको सम्मेलनहरुले कृषि र जैविक विविधतासँग सम्बन्धित थुप्रै प्रतिवद्धताहरु नेपालले गरेका छ । ति सम्मेलनहरुमा गएर नेपालले कार्यन्वयन गर्छौं भनेर प्रतिवद्धता जनाएर आएका छन् । ति पूरा गर्न नेपाल सरकारले के गरिरहेका छन् । यसलाई कसरी मजबुत गर्न सकिन्छ । योजनातर्जुका तयारीका लागि यो कार्यक्रमको गरेको हो । सञ्जाले संगठनले कयरी गर्ने भनेर तयारी गरिरहेका छन् । कार्यन्वयन चाहिँ के भयो ? यूएन खाद्य प्रणालीको साझा धारणा तयार गर्न पनि यो कार्यक्रमको आयोजना गरेको हो । यो कार्यक्रम २० वटा किसान संगठनहरुलाई ओरिन्टेशनको अवसर पनि हो । अर्को चरणमा सरकार र युएन एजेन्सीहरुका सँगै बस्नेछौं । हामीले सरकारको भुमिका, यूएन र किसान संगठनहरुको भूमिका विषयमा पुलको रुपमा काम गर्नेछौं । त्यसका लागि राष्ट्रिय किसान सञ्जालले भूमिका खेल्ने छ ।

यूएन प्रतिनिधिहरुको अर्थपूर्ण सहभागीताले पनि कार्यक्रम प्रभावकारी रुपमा अगाडि बढेको छ भन्ने मैले आशा लिएको छु ।

संयुक्त राष्ट्र संघ कृषि संगठनका नेपाल भुटान प्रतिनिधी केमिची सिमिचोले नेपाल सँधै एफएओको सहयोगी संस्थाको रुपमा रहँदै आएका छ । कृषि क्षेत्रको विकास र विस्तारमा हामीले धेरै वर्षदेखि सहकार्य गर्दै आएका छौं । कृषिमा खाद्य प्रणाली, ज्ञानको हस्तान्तरण, प्रविधिको विस्तार लगायत कार्यहरुमा विगत लामो समयदेखि सँगै काम गर्दै आएका बताए ।

जलवायुी परिवर्तन भइरहेको अवस्थामा नेपालको खाद्य प्रणालीमा आउन सक्ने जोखिम कमगर्न किसान संगठनहरुको भूमिका बढ्दै गएको बताउँदै । खाद्य संगठनले घोषणा गरेको पारिवारिक खेती कार्यक्रम नेपालमा निकै राम्रो भएको बताए । अन्तराष्ट्रिय कृषि विकास कोषको नेपाल कन्ट्री डाइरेक्टर रोशन कुकुले पारिवारिक खेती कार्यक्रम राष्ट्रिय वहसको विषय बनेको छ । नेपालको जैविक विविधता, आदिवासी जनजाति, दलित समुदायमा आधारित कार्यक्रमहरुमा मिलेर काम गरिरहेको बताउँदै आउने दिनहरुमा यसको महत्व अझ बढ्दै गएको छ ।



सीमान्तकृत समुदाय, आदिवासी जनजातिहरु र दलित जोखिममा परेका समुदायको अधिकारको लागि मिलेर सहकार्य गर्ने बताए ।

राष्ट्रिय भूमि अधिकार मञ्चका सचिव विजु खाँडले कृषिको क्षेत्रमा संस्थागत विकास गर्न आजको कार्यक्रमले सहयोग पुग्ने विचार व्यक्त गर्नु भएको छ । नेपलको भूमि र कृषिको सवाल अत्यन्तै झन्झटिला र अप्ठ्यारो क्षेत्र हो । कृषि प्रधान देश भएपनि खाद्यन्न विदेशबाट आयत भइरहेको छ । कृषि क्षेत्रमा काम गर्ने किसानहरु राज्यको धेरै अनुदान कार्यक्रमबाट फाइदा लिन नसकेको बताउनु भएको छ । सरकारको सेवा सुविधा प्राप्त गर्न अप्ठेरोमा परेका छन् । कोभिड महामारीले नेपालमा कृषि कर्म आवश्यकता छन् भनेर सिकाएको छ । युवा वर्गहरु जो सँग शक्ति र जोस जाँगर छ । जंगलमा खोरिया फाँडेर समेत कृषि गर्न लागिरहेका थिए । उनीहरु आज विगत ४ वर्ष देखि घरखेत लिलाम भएर विदेशमा गएका भन्ने सूचना आएको छ । कृषि उत्पादन गर्दा बजारको व्यवस्था छैन । सीमा खुला भएकोले भारतीकिसानहरुसँग प्रतिस्पर्धा सकेको छैन । हामी झन्झटिलाको अनुदान प्रकृयामा छौं । किसानहरु राज्यसँग सँधै धाउनु पर्ने अवस्था आएको छ । कृषिका लागि भूमि, जलको नीतिनियम कार्यन्वयन सही ढंगको भएन । किसानले ल्याउने बजेट भनेपनि ५०/५० प्रतिशत भनेर आउने, किसानले कसरी लिन सक्छन् ? नेपालमा भूमि र कृषि क्षेत्रको काम गर्ने किसान मर्कामा परेको छ । नीति नियम मात्र बनाएर पुग्दैन । सोचेको जस्तो कृषि उत्पादन नहुँदा कृषि क्षेत्र धरासायी भएको छ । राष्ट्रिय स्तरमा वहसको जरुरी छ ।

राष्ट्रिय कृषक समूह महासंघका अध्यक्ष पञ्चकाजी श्रेष्ठले समस्या समाधान गर्न राजनीतिक भन्दा पनि रणनीतिमा केन्द्रीत गर्नुपर्ने बताए । राष्ट्रिय भुमि हाम्रो हुनु पर्छ भन्ने धारणा राखेको देखिन्छ तर काम गरेको देखिन्न । जैविक विविधिताको संरक्षण हुन नसक्दा जैविक विविधता हराउँदै गएको छ । जस्तै धानको विभिन्न प्रजातिहरु लोप हुने अवस्थामा पुगेको छ । विकासको नाममा कृषिलाई अन्धाकारको लगिरहेको छ । अन्य बालीका रैथाने बीउहरु नष्ट भइसकेको छ । खाद्य सुरक्षा, जलवायू परिवर्तन, खाद्य संकटको कुरा उठान तिनवटै तहमै हुनु पर्छ । बिउ जोगाउनु हाम्रो दायित्व पनि हो । राज्यमा खाद्य समस्या छ । के गर्दा राम्रो हुन्छ नीतिगत रुपमा प्रष्ट हुन आवश्यक छ । कृषिको लागि कृषि ऐन, कानुन अझै बनेको छैन । कृषि ऐन नहुँदा कृषि प्रधान देशको कृषि कस्तो होला !

इच्छा शक्ति हुँदा पनि राजनीति नेताहरुले महशुस गरेको छैन । राजनीतिक शक्तिहरुले जे(जे कुरा गरेपनि किसानले कृषि जोगाउने काम आजसम्म गर्दै आएको छ । नभए नेपालको कृषि कस्तो हुन्थ्यो होला ! हामीसँग ३० प्रतिशत मात्र खेतियोग्य जमीन छ । जहाँ ७० प्रतिशत जनताले कृषि व्यवसाय आजपनि गरिरहेका छन् । जलवायु संकट नजिकिदै छ । हाम्रो कर्तव्य र जिम्मेवारी के हो ? राम्रो काम गर्न सके देश रामराज्य बन्नसक्छ । त्यसो गर्न सकेने भएन रावण राज्य बन्न बेर लाग्दैन ।

संयुक्त राष्ट्र संघको पारिवारिक खेती दशकलाई सरकारले कार्यन्वयन गर्छु भनेर प्रतिवद्धता जनाएको छ । पुर्खौदेखि मेरो परिवार, मेरा पुर्खा, बा-आमाले गर्दै आएको कृषि प्रणाली पश्चिमी संस्कृतिले भत्काएको छ । एसएलसी पास गरेपछि विदेश जानै पर्ने संस्कृति छ । राज्यले जस लिनु पर्छ । हामी पारिवारिक खेती दशकको रुपमा मनाउदै गर्दा संस्कृतिलाई जिउँदो राख्नु पर्छ । जलवायू अनुकूलन थाम्न सक्ने उन्नत जातको बिउविजन तयार गरिएन कि !

कृषिको अभिन्न अंग भनेको सिँचाई हो । सिँचाईको प्रयाप्तता नहुँदा सोचे जसरी कृषि उत्पादन गर्न सकेको छैन । हामी ७० प्रतिशत किसान भएको देशमा कहिल्यै पनि किसान आदोलन भएन । तपाई र मेरो अधिकारको लागि मनैदेखि उठ्नु पर्छ । जैविक विविधताको हिसाबले साउन १५ लाई राष्ट्रिय कोदो दिवस घोषणा गर भनेको छौं ।

राजनीतिक झण्डा मात्र बोकेर हुँदैन । राजनीतिक इच्छा शक्ति भयो भने जे पनि हुन्छ । आफ्नो स्वार्थको लागि मात्र नगरियोस् । राष्ट्रिय कृषक समूह महासंघ कृषि क्षेत्रको लागि लागि सँधै अघिसर्ने प्रतिवद्धता व्यक्तगर्न चाहान्छौं ।

किसानलाई धेरै नहेप्नुहोस् तपाईहरु पनि कुनै बेला हाम्री जस्तै सर्वसाधारण किसान बन्नु पर्ने दिन आउँन सक्छ ।

केन्द्रीय कृषि सहकारी संघका अध्यक्ष खेम पाठकले कार्यक्रम असाध्यै महत्वपूर्ण भएको, जैविक विविधता जलवायू परिवर्तन, प्राकृतिक प्रकोप जस्ता समस्याहरुले विश्वको जीवहरुलाई असर गरिरहेको छ । कसरी जोगिने भनेर छलफल र वहस भइरहेको छ । महत्वपूर्ण विषय भनेको मैले बुझ्ने विषय कृषि र किसान हो । अरु पनि होला विशेष गरि किसान र कृषिको कुरा बढी फोकस गर्न खोजिएको छ । सिंगो कृषिको क्षेत्रमा लाग्ने संघ(संस्थाहरुले महत्वपूर्ण भूमिका खेल्दै आएको छ ।

अबको हरेक कार्य परिणाममूखी बनाउनु पर्छ । हामीले सामुहिक रुपमा कृषि क्षेत्रमा काम गरिहेको छौं । हाम्रो परिणाम के निस्कन्छ ? डोनरहरुले लगानी गरेको उपलब्धीहरु के भयो भनेर प्रश्न उठीरहेको छ । केन्द्रीय कृषि सहकारी संघले तथ्याङ्कमा आधारित उत्पादनको कुरा गरेका छौं । हाम्रो गाउँ बाँझो हुँदै गइरहेको अवस्था छ । विषादीका कारण ठूलो संख्यामा नसर्ने रोग लागेको छ ।

जुन-जुन संगठनहरुले भूमिका खेलेको छ । हामीले के गर्ने भनेर कार्यमा होइन काम र परिणाममा विश्वास गर्नुपर्छ । नेपाल सरकारले विदेशीसँग सहयोग मागेका छन् । १३ लाख घर जोडिएको ७७ जिल्लामा ४० जिल्लामा किसान सञ्जाल पुगेको छ । किसानले ठीक ढंगले काम गरे सरकारको स्रोत नभए पनि काम गर्न सक्छौं भनेर काममा लागेका छौं । विगतमा हामीसँग पैसा थिएन । झण्डै १ करोडको लागतमा यो कार्यक्र सम्पन्न गऱ्यौं । ४ लाख ९० हजार किसानहरुलाई प्रशिक्षित गऱ्यौं । विषादीमुक्त कृषिमा जानु पर्छ भनेर लागि परेका छौं । अब ४०० संस्थाका २ लाख ८० हजार किसानलाई प्रशिक्षित गर्ने योजना बनाएका छौं । अहिले ११ हजार अगुवा कृषकहरु तालिमको लागि, लागि परेको छ । माहोल ठूलो बन्दै गएको छ ।

किसानका समस्या के हुन् ? मल बिउ, प्रविधि छैन भने । जुन खालको प्रविधि छ त्यसै अनुसारको गर्नुपर्छ । प्रशोधन उद्योगका लागि सरकारको सहयोग छैन । किसान र कृषिसँग साझेदारी गर्न म सञ्जालका साथीहरुसँग अनुरोध गर्न चाहन्छु । किसानको मन छुने गरि काम गर्नुपर्छ । राज्यलाई घुँडा टेकाउने किसानको जरुरी छ । पिएन देखि प्रधानमन्त्री सम्मले सोचौं । के सरकार गम्भीर छ ? दुहुनो गाईको दूधको पैसा अहिलेसम्म सरकारले तिरेको छैन । सरकारलाई लाज लाग्दैन ? सरकारको मन्त्रालयहरु व्यापारीले कब्जामा परेको छ । मुलुक कसले चलाएको सबभन्दा बढी समस्या किसानको छ । प्रकृतिले मात्र होइन, विचौलियले र राज्यले समेत किसानलाई सताएको र सबैलाई पाल्नु पर्ने जिम्मा किसानले नै लिनु परेको छ । जे भएपनि तिनको मनछुने गरि काम गरौं ।

भारतमा एकहप्ता आन्दोनल गऱ्यो भने सरकारले घुँडा टेक्छ । सरकारले कानमा तेलहालिरहे अब हामी त्यो बाटोमा पनि लाग्नुपर्छ । उत्पादन भएको उत्पादित वस्तु विचौलियाले कब्जामा लिन्छ । रोजगारीको कार्यक्रम के भए । गाउँ खाली भएको छ । त्यही कारण विचौलिया मोटाउन भनेर हामी किसानहरु लागेको होइन ।

हामीले पनि हाम्रो जिम्मेवारी पूरा गर्नु पर्छ भनेर लागेको छौं । मुलुक बनाउने काम सरकारको मात्र होइन हामी सबैको हो । हामी सबै जुट्ने हो भने २ चार लाख मानिस जुटाउन समस्या छैन ।

जसको सरकार आओस् सच्चीकै किसानको हित हुन सकेको छैन ।

मेरो पार्टीको सरकार त्यसैले विरोध गर्नु हुन्न भनेर सोच्छ । अब तर त्यसो होइन हिजोको दिनमा हुन्छन् भोलिको दिनको लागि ध्यान दिनु पर्छ ।

अखिल नेपाल किसान महासंघका सचिव राष्ट्रिय किसान सञ्जालका सह-सहसंयोजक शर्मिला पौडेलको स्वागत मन्तव्यबाट शुरु भएको उक्त कार्यक्रममा नेपालको कृषि विकासको लागि कृषि क्षेत्रको नेपाल सरकारले संयुक्त राष्ट्र संघको सन्धी अभिसन्धी पालना गरेको भए धन्यवाद र नगरेको भए अब गर भन्नु पर्ने भएकाले कार्यक्रम गर्नु परेको बताइन् । अन्तर्राष्ट्रिय संस्थाहरुको महत्वपूर्ण योगदान रहेको बताउँदै । सरकार पक्षराष्ट्र भएको नाताले सन्धी अभिसन्धीहरु कार्यन्वयन गर भन्ने हो ।

आइयूसिएनका प्रतिनिधि किशोर बोहोराले आइयूसिएनले समुदायमा आधारित जलवायू परिवर्तन न्यूनिकरण, जीविकोपार्जन लगायत विभिन्न कार्यक्रमहरु आएको बताए ।

अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी केन्द्र)का महासचिव, राष्ट्रिय भूमि आयोगका पूर्व उपाध्यक्ष तथा राष्ट्रिय किसान सञ्जालका संयोजक नहेन्द्र खड्का सरकारले संयुक्त राष्ट्र संघबाट संस्थापन गरिएका धेरै सन्धी महासन्धीहरुमा हस्ताक्षेर गरेका छन् । हाम्रा अग्राधिकारको रुपमा रहेका ति विषयहरुमा संयुक्त राष्ट्र संघीय घोषण पत्र लागु हुन सक्यो कि सकेन भनेर सरकारलाई झक्झकयाउनका लागि कार्यक्रम गरेको बताएको छ ।

तिनै कार्यक्रमलाई बुझेर आइफाडका कन्ट्री डाइरेक्टर रोसन कुक, एफएओका नेपाल भुटान प्रतिनिधि केमिजी सिमिचो, आइयूसिएनका किशोर बोहोरा, कृषि तथा पशुपन्छि विकास मन्त्रालयका सह(सचिव इन्द्रहरि पौडेल, वन मन्त्रालयका सह(सचिव डा.बुद्धिसागर पौडेल लगायत प्रतिनिधिहरुको सहभागी भएका छन् । यूएन डिकेड पारिवारिका कार्यक्रम प्रमुख दिवाकार रुपाखेतीले प्रस्तुती गरेका छन् । प्रा.डा.केशव खड्काले किसान अधिकार र किसान अधिकारको विषयमा प्रस्तुती गर्नु भएको छ ।

हामी संयुक्त राष्ट्र संघको पक्षधर सदस्य राष्ट्र हो । राष्ट्र संघमा १९८ देशहरुको सहभागीता छ । त्यसका लागि कतिपय सन्धी र अभिसन्धीहरु पालना गर्नु पर्छ । त्यसमा जैविक विविधता, जलवायू परिवर्तन, खाद्य अधिकार, किसान अधिकार जस्तो प्रमुख मुद्दाहरु पर्दछन् । त्यसलाई मान्छु भनेर (कोप-३०) जस्तै एक-एक वर्षमा बैठक बस्ने गरेको छ । धेरै सन्धी अभिसन्धीहरु छन् । कुनै देशमा माछा मार्ने समुदायहरुलाई कृषक मानिदैन । हसिया, डोको, नाम्लो उत्पादन गर्नेलाई कृषक मानिदैन नमान्नेलाई सन्धीहरु पालना गराएर मनाउने हो । किसानहरुलाई विभिन्न प्रकारको सहुलियत दिन्छौं भनेर सही गराउने हो । हाम्रो देश

पनि त्यसरी नै राष्ट्र संघको पक्ष राष्ट्र भएर सही गरेको छ ।
सरकारले पनि पारिवारिक खेती दशक कार्यक्रम केन्द्रीय कृषि सहकारी संघलाई दिएको छ ।
कार्यन्वयन गरेको छ भने धन्यवाद र नभएकालाई छिटो गर्नु पर्छ भनेर सरकारलाई खबरदारी गर्ने हो ।
भूमिको विषयसँग सम्बन्धित कुरामा सरकारसँग अनुरोध गर्ने छ ।
नेपाल डेरी उद्योग संघ ललितपुरका सदस्य राजेन्द्र दुलालले कार्यक्रममा दोभाषे राख्नु पर्छ भन्ने मेरो सुझाव छ । किसानको बारेमा भन्नुपर्दा आखा छोपी हाँस्नु पऱ्याछ । हामीले धेरै आशा गरेको होइन । कृषि हव सेन्टर खोलेर अगाडि बढ्नु पर्छ । जमीन वर्गीकरण जटिल अवस्था बनेको छ ।
राष्ट्रिय कृषक समूह महासंघका कोषाध्यक्ष राधा निरौलाले प्रश्नै प्रश्न गर्नु भन्दा पनि स्थानीयकरण कार्यक्रम कतिको प्रभावकारी भयो भन्ने कुरामा जोडदिनु पर्ने बताईन् । राष्ट्रिय परामर्श सम्बन्धित निकायमा कहिले पठाउनु हुन्छ ? किसान सञ्जालको बैठकबाट किसानको समस्या कसरी समाधान गर्न सक्छौ भनेर अगाडि बढ्नु पर्छ ।
अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी केन्द्र) ललितपुर विशेष प्रदेशका जिल्ला अध्यक्ष तिलक बहादुर कार्कीले विश्वव्यापी प्रतिवद्धता भनेको के हो ? किसानहरुका लागि स्थानीयस्तरमा किसानसँग कुनै पनि ऐन कानुनहरु छैन । भएपनि प्रभावकारी रुपमा कार्यन्वयन गरेको छैन । संसारलाई बचाउने किसान । सरकार र समाजले नै किसानलाई असाध्ये अन्याय गरेको छ । अब किसानको समस्याको समाधान गर्ने दिन आउँछ कि आउँदैन ।
राष्ट्रिय कुखुरा पालक संघका अध्यक्ष खेम न्यौपानेले किसानका लागि धेरै प्रकारका विपद्हरु आइपर्छन । विभिन्न रोगहरु लाग्छन्, मर्छन, विर्गन्छन् कीरा फट्याङ्ग्रा र वन्यजन्तुहरुले खान्छन् । नक्कली बिउविजनका कारण स्याहार सुसार गर्दा पनि फल फल्दैन । त्यस्ता बिउविजन बिक्रेताहरुलाई सरकारले सफाई दिन्छ, कारवाही गर्दैन ।
किसानहरुको पनि कमीकमजोरीहरु छन् । विमा मिजरमेन्ट गर्दैन, जथाभावी विषादीहरुको प्रयोगले किसान आफै क्यान्सरको रोगी भईरहेको अवस्था छ । नेपाल सरकारले के गरिरहेको छ भन्ने कुरामा जानकारी भए आभारी हुन्थ्यो ।
वरिष्ठ साहित्यकार जगत वाशिष्ठले मैले सञ्चारमाध्यममा आएको विषय उठाउँदै भन्नुभयो ।
कर्णालीको भान्सामा भारतीय तरकारी भन्ने समाचार आयो । यस विषयमा नेपाल सरकारले के सोचेको छ । सुर्खेतमा उत्पादन भएको तरकारी अत्याधिक विषादी भएको कारण खाडलमा पुनुपऱ्यो । भारतीय तरकारीलाई छानविन नै नगरी नेपाल भित्र्यायो भन्ने वास्तविक समाचार के हो ?
राष्ट्रिय भूमि अधिकार मञ्चका सचिव विजु खाँडले : किसानलाई भुमिको सुनिस्चिता अनिवार्य छ । किसानलाई हेर्ने दृष्टिकोण नकारात्मक छ । देशमा त्यस्तो अवस्था आउनु दिनु भनेको राज्यको कार्यन्वयन तहनै जिम्मेवार छ ।
२०७६/७७ मा युवा किसानहरु वित्तीय संस्थाहरुबाट ऋण लिएर कृषिमा सहभागी भए । ६ हजार लालपुर्जा वितरण भएकोमा ४ हजार लालपुर्जाहरु लिलामी भए भन्ने छ । आर्थिक मन्दीले किसानलाई कसरी छोयो भन्ने कुरा अनुगमन गर्नुपर्थ्यो । एक महिना पछि ७ बाट ११ प्रतिशत व्याज बढेर सबै लिलाम हुनाको पछाडि गहिराईमा पुगेर अनुगमन गर्न पर्छ ।
कृषि विकास मन्त्रालयका सह(सचिव इन्द्रहरि पौडेलले सुर्खेतको तरकारी विषादीको कारण नष्ट गर्नु पर्नाको विषयमाथि टिप्पणी गर्दै भारतीय उत्पादन परिक्षण भएन भन्ने आएको छ । नेपालमा मात्र होइन सबैमा लागु हुन्छ । विषादीको विषयमा हाम्रो देशका किसानहरुले भन्दा धेरै अरु देशहरुले प्रयोग गर्छ । हामीकहाँ विषादीको प्रयोग जथाभावी गरिन्छ । विषादी विश्लेषण प्रविधि आरविटिआर भनिन्छ त्यो प्रविधिबाट अर्गानो फस्फेट, अर्गानिक क्लोरिन र सिन्थेथिकको भाग कति छन् भनेर जाँचिन्छ । जिएसीपी अति महँगो प्रविधि छ त्यस्तो प्रविधि सबै भन्सारमा छैन । ताइवानमा विकास गरिएको विषादी अवशेष मापन गर्ने ११ वटा प्रविधिहरु संघीय बजारमा स्थापना गरेका छन् । तिनै ल्यावहरुमा स्याम्पलको रुपमा परिक्षण गर्दै आएको छ ।
त्यसको कार्य खाद्य तथा गुण नियन्त्रण विभागले गर्छ । सबै प्रकारको तरकारीको चाहीं नहुने रहेछ । सीमामा जाँचिएको तरकारहरु पास हुनेलाई मात्रै आउन दिन्छ । रसायनिक विषादीको जथाभावी प्रयोगले गर्दा बिग्रियो भन्ने छ । अब स्कुल, विद्यालय, शिक्षण संस्थाहरुमा हाम्रा विद्यार्थीहरुलाई विषादीले स्वास्थ्यमा हानी गर्छ भनेर शिक्षा दिनु जरुरी छ । अब के गर्ने भनेर विकल्पमा जनचेतनामूलक शिक्षा दिनु पर्ने भएको छ ॥
सरकारको कृषि विपद् कार्यक्रम के छन् भन्ने विषयमा खासखास बाली र पशुधनमा विमाको कार्यक्रम गरेका छौं । कृषि विभागमा कृषि बाली बीमा र पशु विभागमा पशु बीमा गरेर किसानलाई सहयोग पुऱ्याईरहेका छौं ।
अखिल नेपाल किसान संघ क्रान्तिकारीका अध्यक्ष सीताराम तामाङले युएन भनेको संयुक्त संस्था हो । युएनको कार्यक्रम कार्यन्वयन सरकारले गर्ने हो । हाम्रो व्यवहारसँग मिल्छ कि मिल्दैन । सरकारले राष्ट्र संघको कार्यक्रमहरुमा किसानहरुको प्रतिनिधित्व गऱ्यो कि गरेन भनेर विचार गर्नु पर्छ । फेरि हामीले गरेको कुरामा राज्यले सुन्छ कि सुन्दैन ।
२०२७ सालमा पञ्चायती व्यवस्था थियो । यो झापा जिल्लाको कुरा हो । डाँका गर्ने व्यक्तिलाई कति डाँका गर्छौ भनेर सबै मिलेर गाउँलेहरुले प्रधान पञ्च बनायो । प्रधान पञ्चले आफ्नो कार्यालय सहयोगीलाई कार्यक्रम गर्दा कति पैसा आउँछ भनेर सोध्यो रे । सबैको हालत त्यही पैसै चाहिने रहेछ ।
सरकारले कृषि मन्त्रालयलाई यसै आर्थिक वर्षको लागि ५५ अर्ब कृषि बजेट छुट्याएको छ । ३० अर्ब मल ल्याउनुमा खर्च हुन्छ । बाँकी २५ अर्ब रहन्छ । यसले अफिस खर्च चलाउने कि किसानहरुलाई अनुदान दिने ? अहिले अघोषित रुपमा पुँजीवादी र साम्राज्यवादीहरुले विश्वयुद्ध चलाइरहेको छ । घोषित भयो भने तपाई हामी बाँच्दैनौं । इरान र इजरायलको युद्ध भयो । इरानले तेल बन्द गरिदियो । रुसले यक्रेनमा आक्रमण गऱ्यो । त्यसको प्रभाव हामीलाई पऱ्यो । नेपालीहरु रेमिटेन्सबाट पैसा आयो भनेर गर्व गरिरहेको छ । हाम्रो कम्युनिष्ट भन्ने सरकारले भूमि बैंक ऐन ल्यायो । भूमि बैंकले अब करपोरेट फार्मिङ्गको लागि दिने भनेको छ । सरकारले बाँदर छोडेको छ ।
अहिले पारिवारिक खेती दशक चलिरहेको छ । हामी किसान नै हो, फार्मर बन्न सकेका छैनौं । बाँझो जमीन विदेशीलाई बेच्ने हो भने जमीन कहिल्यै फर्कदैन । हाम्रा युवा सबै विदेशमा फर्कदा जमीन हुँदैन । करपोरेट फार्मिङको अवाधारण राष्ट्रिय पुँजीको हितमा छैन ।
अखिल नेपाल किसान महासंघ (अप्फा) का

अध्यक्ष भैरव रेग्मी कृषि क्षेत्रको यथार्थ धरातल टेकेर काम गर्नु पर्ने सुझाव दिएको छ। घाटा खाएर कृषि कसले गर्ने ? कृषि उत्पादन भन्दा औद्योगिक उत्पादन बढ्दै जाँदा जो खेती गर्छ उनीहरुको जीवन निर्वाह पनि नहुने अवस्था छ।

कृषिलाई औद्योगिकीकरण सम्म उठाउनु पर्‍यो। मूल प्रश्न र समस्या किसानको बजारीकरण र बजारको व्यवस्था हुन सकेको छैन। परराष्ट्र मन्त्रालयले भनेको छ, अब हामीले कृषि गर्न विदेशीलाई दिनुपर्‍यो। घाटा पर्‍यो उपाय गर भनेर किसानले मुद्दा उठाइरहेका छन् तर सरकार जमीन बेच्ने तरखरमा छन्। हामीले पनि हाम्रै प्रकारको कृषिको मोडल बनाउने कि ? कम्पनी खडा गरेर सरकारलाई कर तिर्ने हो। करले मात्र राष्ट्रको आम्दानी बढ्न सक्छ। हामी मगन्ते भएका छौं यो वहस बौद्धिक र नीतिगत क्षेत्रमा चलाउनु पर्छ। यो हाम्रो आफ्नै घरायसी समस्या हो।

अखिल नेपाल किसान महासंघका अध्यक्ष वलदेव चौधरीले तल्लो तहसम्म कार्यन्वयन गर्ने कुरो गरौं। संघदेखि तल्लो स्थानीय तहसम्म कसरी सञ्जाल बन्नसक्छ। धनी पुँजीपति वर्गहरु जहिले पनि धनी भइरहने, किसान र गरीब जनता जहिले पनि झन् गरीब भइरहने अवस्थाको अन्त्य गर्नु पर्छ। यो कार्यक्रमको महत्व धेरै छ। विश्वव्यापी घोषणा पत्रहरुमा सरकारले विभिन्न समयमा सही र सम्झौता गरेका छन्। तर कार्यन्वयन भने कम, सन्धी सम्झौता गरेपनि एयरपोर्टमा आएपछि बिर्सन्छ।

सरकारले कृषिको लागि जम्मा ३ प्रतिशत बजेट छुट्याएको छ। किसान संगठनहरुले ६५ बुँदे माग राखेर घोषण पत्र जारी गरेको छ। स्थानीय सरकारले चाहेको खण्डमा धेरै अधिकारहरु लागु गर्नसक्छ। संविधानमा भएका अधिकारलाई किसानमैत्री बनाउने हो भने सबै किसानहरु एकजुट हुनुपर्छ। स्थानीय सरकार पहुँच र निर्णय पनि गर्न सक्ने निकाय पनि हो। यसतर्फ सोचौं। नेपाल र नेपालीको सन्दर्भमा किसान संघ( संस्थाहरु एक भएर लाग्नु पर्छ।

अखिल नेपाल किसान महासंघका इन्चार्ज बलराम बास्कोटाले संयुक्त राष्ट्र संघले घोषणाहरु कार्यन्वयनमा गएको छैन। यूएन एजेन्सजीका मित्रहरु यहाँ आएर विभिन्न कार्यक्रमहरु चलाएका छन्। मध्यपूर्व एशियामा इजरायली विस्तारवादको आक्रमण भइरहेको छ। अमेरिकी हस्तक्षेप नाङ्गो उदाहरण बनेको छ। क्रिमिनल कोर्टको सदस्य भएको नाताले इजरायलाई क्रिमिनल घोषणा गरेको छ। अमेरिकी साम्राज्यवाद, विश्वयुद्धलाई तन्काउने खोजिरहेको छ। अहिले युद्ध विरामको नाटक गरिरहेको अवस्था देखिन्छ। अन्तमा विश्व युद्ध हुने अवस्था छ। राष्ट्र संघले प्यालेस्टाइन माथि इजरायलको आक्रमणलाई नियम विपरित छ भनेर भनिरहेको अवस्थामा यूएनको कुरा सुनिरहेको छैन।

आफूलाई कम्युनिष्ट पार्टीको सरकार भने पनि यस विषयमा चुँ बोल्दैन। नवउद्धारवादले विश्वव्यापी असर गरिरहेको छ। त्यसको मुख्य अवरोधक नवउदारवाद नै हो।

न्यायको लागि आवाज उठाउने हाम्रो पनि लडाई हो। उदारवाद राम्रा तर नवउद्धारवाद झन् राम्रा हुन् भनेर भाष्य सिर्जना भएको अवस्थामा धेरैले बुझेको छैन। नवउदारवादको विषयमा सरकार आफ्नो दायित्वबाट पन्छिने काम भएको छ।

हामीले धेरै उत्पादन गर भनेको छैन। दिगो र पर्यावरणीय कृषिको कुरा गरेका छौं। आदिवासी जनजातिको अधिकार सुरक्षित गर्छौं भनेर सही गरेको छ। ग्रामीण जनताले अधिकार प्राप्त गरेको छैन। जलवायु परिवर्तनले कृषिमा पारेको असरका बारेमा धेरै चर्चा परिचर्चा भएको छ। भूमि बैंक अस्तपष्ट छ। त्यो हेर्दा राम्रो भएको देखिएपनि किसानको सम्पत्ति लिएर बेच्नु हुँदैन। अन्तर्राष्ट्रिय संस्था आइफडले किसान अधिकार माथि वहस पैरवी गर्न सहयोग गरेको छ। जनताको पक्षमा, भूमिहिन किसानको पक्षमा, हामी पनि किसान अधिकार पक्षमा आवाज उठान गर्दै आएका छौं।

सबै किसानहरु एकजुट हुनुपर्छ भनेर राष्ट्रिय किसान सञ्जाल गठन गरेको हौं। खाद्य सम्प्रभुत्ता ऐन बनेको अवस्थामा नियमावालीलाई कार्याविधि बनाएर निष्क्रिय बनाउने प्रपञ्च रचेको छ।

## कार्यापत्र प्रस्तुती

कार्यक्रममा अखिल नेपाल किसान महासंघका उपाध्यक्ष प्रा.डा. केशव खड्काले नेपालमा खाद्य सम्प्रभुत्ता ऐन र नेपाली किसानहरुको योगदान, कृषि विकास मन्त्रालयका सह(सचिव इन्द्रहरि पौडेलले नेपालको खाद्य प्रणाली रुपान्तरण, परिवेश एजेण्डा र रणनीतिहरु, वन तथा वातावरण मन्त्रालयका सह-सचिव बुद्धिसागर पौडेलले नेपालमा रियो कन्भेनसनको जलवायू परिवर्तन, जैविक विविधता, भूमिको पुनर्संरचना माथि नेपालको प्रतिवद्धता र कार्यन्वयन, केन्द्रीय कृषि सहकारी संघका कार्यक्रम निर्देशक दिवाकार रुपाखेतीले नेपालमा पारिवारि खेती विषयक कार्यक्रम, प्रस्तुत गरेका थिए।

## निष्कर्षहरु

१. नेपाल सरकार संयुक्त राष्ट्र संघको पक्षराष्ट्र भएकाले धेरै सन्धी अभिसन्धीहरुमा हस्ताक्षर गरेको छ।

हस्ताक्षर गरिसकेपछि सरकारको तर्फबाट कुन कुन प्रतिवद्धताहरु पूरा गरेका भन्ने विषयमा कुरा उठेको छ।

२. अमेरिका र इजरायलले किसान अधिकार पत्रमा हस्ताक्षर गर्न मानेको छैन। नेपालमा ती अधिसन्धी माथि गरिएका प्रतिवद्धताहरु जसरी अगाडि बढ्नु पर्थ्यो त्यसरी हुन सकेको छैन। धेरै सन्धी अभिसन्धीहरुको पक्षमा काम गर्ने प्रयास भएका छन्। स्थानीय तहमा कार्यन्वयन गर्ने कार्यहरु अगाडि बढेका छन्।

३. कानुन निमार्ण गर्न कार्यविधि बनाउने ठूलो पैसा चाहिदैन। कृषिका कानुनहरु बनाउन नसक्नु सरकार गम्भीर नभएको देखिन्छ। कानुन निर्माण नगर्नुमा सरकारको गम्भीर छैन भनेर बुझिन्छ।

४. धेरै राष्ट्रहरुको आर्थिक, भौतिक, राजनीतिक, सामाजिक, साँस्कृतिक सहयोग गर्नुपर्छ भनेका छौं। दाता राष्ट्रहरुको सट्टा साझेदार निकायहरुको सहकार्य भनेर आएको छ।

५. राजनीतिक दलहरु र सरकारको इच्छाशक्तिलाई झक्झक्याएर सहयोग पुर्‍याउनु वातावरण हामीले निर्माण गर्नु पर्छ। ठोस दृष्टिकोणका आधारमा आवश्यक सहजीकरण गर्ने र छलफल वहस पैरीवी गर्नुपर्छ।

६. त्यतिले पुगेन भने शान्तिपूर्ण रुपमा संघर्ष गर्न तयार हुनुपर्छ। सरकार र युएन एजेन्सीहरुसँग गरेको छलफल अर्थपूर्ण भएको छ। यसको लागि साझा मुद्दामा एक भएर साझा धारणाहरु बनाई अगाडि बढ्न सकिन्छ।

कार्यक्रमको अध्यक्षता राष्ट्रिय किसान सञ्जालका संयोजक नहेन्द्र खड्का सञ्चालन भूमि अधिकार मञ्चका सदस्य प्रेमप्रकाश नेपालीले गर्नु भएको थियो।

भने स्वागत मन्तव्य राष्ट्रिय किसान सञ्जालका सह(संयोजक शर्मिला पौडेलले गर्नु भएको थियो।

# प्रथम राष्ट्रिय कोदो दिवस २०८२ घोषणासँगै, नेपालको खाद्य सुरक्षामा योगदान पुग्ने विश्वास

*गत वर्षसम्म अनौपचारिक रूपमा मनाइँदै आएको कोदो दिवस यस वर्षदेखि औपचारिक र राष्ट्रिय रूपमा मनाउन थालिएको हो । राष्ट्रिय दिवसको रूपमा स्थापना भएपछि कोदोलाई अझ संस्थागत र वैज्ञानिक रूपमा प्रवर्द्धन गर्न सकिनेमा सहभागीहरूले विश्वास व्यक्त गरेका छन् ।*

काठमाडौं साउन १६, नेपालमा पहिलोपटक राष्ट्रिय रूपमा मनाइएको छ । 'कोदो दिवस( २०८२' भक्तपुरको चाँगुनारायण नगरपालिका वडा नम्बर ९ स्थित ताथलीमा भव्य रूपमा सम्पन्न भएको छ ।

कोदोको महत्वलाई राष्ट्रियस्तरमा स्थापित गर्न सरकारले यस वर्षदेखि साउन १६ गतेलाई राष्ट्रिय कोदो दिवस का रूपमा घोषणा गरेसँगै कृषि तथा पशुपन्छी विकास मन्त्रालय, चाँगुनारायण नगरपालिका, संयुक्त राष्ट्रसंघीय खाद्य तथा कृषि संगठन ( एफएओ), राष्ट्रिय कृषक समूह महासंघ नेपाल र एसोसिएसन अफ नेपाली एग्रिकल्चरल जर्नालिस्ट्स (अनाज) को संयुक्त पहलमा कार्यक्रम गरिएको हो ।



समारोह कृषि विभागका महानिर्देशक तथा कोदो दिवस मूल समारोह समितिका अध्यक्ष प्रकाश कुमार सञ्जेलको अध्यक्षतामा, कृषि तथा पशुपन्छी विकासमन्त्री रामनाथ अधिकारीको प्रमुख आतिथ्यतामा सम्पन्न भएको हो ।

कार्यक्रममा एफएओ नेपालका प्रमुख केन शिमिजु, कृषि सचिवहरू गोविन्द शर्मा र दीपक खराल, नार्कका कार्यकारी निर्देशक डा.कृष्णप्रसाद तिम्सिना, चाँगुनारायण नगरपालिकाका नगरप्रमुख जीवन खत्री, किसान नेता विजय लामा, कृषि विज्ञ, पत्रकार तथा सयौं स्थानीय कृषकहरूको उपस्थिति थियो ।

समारोहलाई सम्बोधन गर्दै मन्त्री अधिकारीले स्वस्थ रहनका लागि हरेक नेपालीले दैनिक एक छाक कोदोको परिकार खानुपर्ने बताउनु भएको छ । "हामी अहिले उपचार गर्न सक्छौं, तर हाम्रो भविष्यको सन्तति रोगी भएर जन्मिन सक्छन्," मन्त्री अधिकारीले भने, "त्यसैले एक छाक कोदोको परिकार भान्सामा समावेश गर्नु स्वस्थ जीवनको सुनिश्चितता हो ।"

उनले कोदो खेतीलाई आयआर्जनसँग पनि जोड्न सकिने भएकाले यसको प्रवर्द्धनमा किसान, नीति निर्माता र सरोकारवालाहरू एकजुट हुनुपर्ने धारणा राख्नु भएको छ ।

अध्यक्ष सञ्जेलले सरकारले कोदोलाई रणनीतिक बालीका रूपमा प्राथमिकता दिँदै दिवसको घोषणा गरेको स्पष्ट पार्नु भएको छ । कोदो प्रवर्द्धनमा सक्रिय भूमिका खेलेकोमा अनाज र राष्ट्रिय कृषक समूह महासंघलाई धन्यवाद दिए । आगामी दिनमा कोदो प्रवर्द्धनका लागि मन्त्रालयबाट अझ प्राथमिकताका साथ कार्यक्रमहरू सञ्चालन गरिने प्रतिवद्धता व्यक्त गरेका छन् ।

रैथाने बाली विज्ञ तथा मन्त्रालयका सह-सचिव डा.रामकृष्ण श्रेष्ठले कोदोलाई जलवायु परिवर्तन(अनुकूल टिकाउ बालीका रूपमा प्रवर्द्धन गर्नु सरकारको ऐतिहासिक र दूरदर्शी निर्णय भएको बताउनु भएको छ । उनका अनुसार कोदो खाद्य सुरक्षाको आधार, पोषणको स्रोत र पर्यावरणमैत्री खेतीका हिसाबले पनि विशेष महत्व राख्दछ ।

कार्यक्रमलाई सम्बोधन गर्दै कृषि सचिव शर्माले कोदोलाई हेपिएको बालीका रूपमा लिने मानसिकता रहेको भए पनि पछिल्लो समय यसको पोषणीय, पर्यावरणीय र आर्थिक मूल्यबारे जनचेतना बढ्दै गएको बताउनु भयो । "विश्वमै कोदो अब सर्वश्रेष्ठ अन्नका रूपमा स्वीकारिन थालेको छ," शर्माले भन्नु भयो ।

चाँगुनारायण नगरपालिकाका नगरप्रमुख जीवन खत्रीले पहिलो राष्ट्रिय कोदो दिवस आफ्नो नगरमा आयोजना हुनु गौरवको विषय भएको उल्लेख गर्दै कोदो जस्ता परम्परागत बालीलाई नगरस्तरबाटै प्राथमिकता दिइने प्रतिवद्धता जनाउनु भएको छ ।

"कृषि, पर्यटन र सामाजिक पूर्वाधार हाम्रो नगरको मूल आधार हो," खत्रीले भने, "कोदोको उत्पादन पहिले उच्च थियो तर लागत बढी हुने र बजार नपाउने समस्याका कारण पछिल्लो समयमा घटेको थियो । अब हामी यसलाई पुनः प्रमुख बालीका रूपमा स्थापित गर्नेछौं ।"

नेपाल कृषि अनुसन्धान परिषद् (नार्क)का कार्यकारी निर्देशक डा.तिम्सिनाले कोदोको माग दिनप्रतिदिन बढिरहेको जनाउँदै बालीचक्रमा कोदोलाई समावेश गर्दै जानुपर्ने आवश्यकतामा जोड दिनु भयो । तिमिसनाले नार्कले कोदोबारे अनुसन्धानलाई उच्च प्राथमिकता दिइरहेको जानकारी दिँदै निजी क्षेत्रलाई पनि अनुसन्धानमा लाग्न आग्रह गर्नुभएको छ ।

कार्यक्रममा एफएओ नेपाल तथा भुटानका प्रमुख केन शिमिजुले कोदो बाली प्रवर्द्धनका लागि एफएओको सहयोग निरन्तर जारी

रहेको बताउनु भएको छ । “सन् २०२३ मा संयुक्त राष्ट्रसंघले कोदोलाई अन्तर्राष्ट्रिय बालीका रूपमा घोषणा गरेपछि हामी थप प्राथमिकताका साथ यसबारे काम गरिरहेका छौं,” केमिजुले भन्नुभयो । “नेपाल सरकारले कोदो दिवस घोषणा गर्नु खुशीको कुरा हो । एफएओले आगामी दिनमा पनि सहयोग र साथ निरन्तर दिनेछ ।”

स्थानीय कृषक तथा राष्ट्रिय कृषक समूह महासंघका बागमती प्रदेश अध्यक्ष लामाले पहिले हेपिएको कोदो अहिले धनी वर्गले खोजी खोजी खाने बालीमा परिणत भएको उल्लेख गर्दै चाँगुनारायण क्षेत्रमा यसको खेती घट्दै गएकाले पुनः प्राथमिकतामा राखेर खेती विस्तार गर्ने बताउनु भयो ।

कोदो दिवस ‘कोदोजन्य परिकारको आहारः खाद्य सुरक्षा र स्वस्थ जीवनको आधार’ भन्ने मूल नारासहित मनाइएको हो । कार्यक्रमको औपचारिक सत्रपछि अतिथिहरूले कार्यक्रमस्थल नजिकै रहेको बारीमा कोदो रोपेर दिवसलाई मनाएका थिए ।

समारोहमा कोदो प्रवर्द्धनमा योगदान पुऱ्याउने संस्था र व्यक्तिहरूलाई पनि सम्मान गरिएको थियो । कोदो व्यवसायमा महिलाहरूको सक्रिय सहभागितालाई सम्मान गर्दै ‘कोदाली भेन्चर’ लाई विशेष सम्मान प्रदान गरिएको थियो । यस्तै, राष्ट्रिय कृषक समूह महासंघ र अनाजलाई कोदो प्रवर्द्धन अभियान सञ्चालन गरेवापत कदरपत्र प्रदान गरिएको थियो ।

कृषि मन्त्रालयको तथ्याङ्कअनुसार आर्थिक वर्ष २०८०/८१ मा नेपालमा २ लाख २४ हजार ९३५ हेक्टर क्षेत्रफलमा कोदो खेती गरिई ३ लाख ७३२ मेट्रिक टन उत्पादन भएको जनाएको छ ।

तथापि प्रति हेक्टर उत्पादकत्व भने १.३३ मेट्रिक टनमा सीमित रहेको छ । विज्ञहरूका अनुसार सिँचाइ, उन्नत बीउ र प्रविधिको प्रयोगसँगै जनचेतना अभिवृद्धि गरिएमा कोदोको उत्पादन र उपयोग दुबैमा उल्लेखनीय वृद्धि सम्भव छ ।

तर आत्मनिर्भरताको हिसाबले कोदोको अवस्था चिन्ताजनक छ । भन्सार विभागका अनुसार आर्थिक वर्ष २०८१/८२ मा नेपालले करिब ७६ करोड ६३ लाख रुपैयाँ बराबरको १८ हजार ३१६ मेट्रिक टन कोदोजन्य उत्पादन आयात गरेको छ भने निर्यात जम्मा ७० मेट्रिक टन मात्र गरिएको छ ।

**पाँच पत्रकार पुरस्कृत**

राष्ट्रिय कोदो दिवसको अवसरमा, ‘कोदो समाचार लेखन पुरस्कार-२०८२’ अन्तर्गत पत्रकारहरूलाई पनि पुरस्कृत गरिएको छ । आयोजक संस्था अनाजले सातै प्रदेशका पत्रकारहरूलाई समाचार सामग्री उपलब्ध गराई सहभागीता जनाउन आह्वान गरेको थियो । आवेदन परेकामध्ये पाँच जना पत्रकार पुरस्कृत गर्ने निर्णय गरिएको अनाजले जनाएको छ ।

*सिँचाइ, उन्नत बीउ र प्रविधिको प्रयोगसँगै जनचेतना अभिवृद्धि गरिएमा कोदोको उत्पादन र उपयोग दुबैमा उल्लेखनीय वृद्धि सम्भव छ ।*

पुरस्कृतहरूको नाम कोदो दिवस मुल समारोहमा घोषणा गरिएको हो । जस अनुसार जुम्ला र कर्णाली प्रदेश केन्द्रमा राखेर पत्रकारिता गर्दै आएका कर्णालीमिसन डटकमका संवाददाता सागर परियारलाई ‘सर्वोकृष्ट पत्रकार’ पुरस्कारबाट पुरस्कृत गरिने भएको हो ।

बिजमाण्डु डटकमकी संवाददाता सरला सुवेदी र कारोबार दैनिककी संवाददाता कोशिला कुँवर ‘उत्कृष्ट पत्रकार’का रूपमा पुरस्कृत भएकी थिइन् । सुर्खेत र कर्णाली प्रदेश केन्द्रमा राखेर पत्रकारिता गरिरहेका नेपालखबर डटकमका कर्णाली संवाददाता दिनेश कुमार बुढा र डडेल्धुराको रेडियो अमरगढीकी कार्यक्रम संयोजक भावना पौडेललाई ‘प्रोत्साहन पुरस्कार’ प्रदान गरिएको थियो ।

गत वर्षदेखि अनाज पहलकदमीमा कोदोजन्य बालीमा कलम चलाउने पत्रकारहरू पुरस्कृत गर्न थालिएको हो ।

गत वर्ष पनि ६ जना पत्रकार पुरस्कृत भएका थिए । जसमा हिमालय टाइम्स दैनिकका वरिष्ठ संवाददाता लेखनाथ पोखरेल, अन्नपूर्णपोष्ट दैनिककी वरिष्ठ संवाददाता ममता थापा, मदन पौड्याल, आर्थिक अभियान दैनिकका संवाददाता प्रशान्त खड्का, टक्सारन्युजडटकमा संवादता रबि थापा र रातोपाटीडटकमकी संवाददाता सरिता थारुलाई कोदो समाचार लेखन प्रोत्साहन पुरस्कार तथा सम्मान प्रदान गरिएको थियो

गत वर्षसम्म अनौपचारिक रूपमा मनाइँदै आएको कोदो दिवस यस वर्षदेखि औपचारिक र राष्ट्रिय रूपमा मनाउन थालिएको हो । राष्ट्रिय दिवसको रूपमा स्थापना भएपछि कोदोलाई अझ संस्थागत र वैज्ञानिक रूपमा प्रवर्द्धन गर्न सकिनेमा सहभागीहरूले विश्वास व्यक्त गरेका छन् ।

रातो कोदो प्रवर्धन गर्ने किसान पुरस्कृत जुम्लामा रहेर रातो कोदो प्रवर्द्धन तथा कर्णालीमा उपलब्ध कोदोका बिउहरू संरक्षण गर्ने किसान कविता जौसीलाई पुरस्कृत तथा सम्मान गरिएको छ । कार्यक्रममा कृषिमन्त्री अधिकारीले प्रमाणपत्र र नगद १५ हजार सहित सम्मान गरेका हुन् ।

# कर्णालीका ९८ प्रतिशत रोपाईं

सुखेर्त, काँक्रेविहार साउन २० साउन । कर्णाली प्रदेशमा ९६ प्रतिशत रोपाइँ पूरा भएको छ । कृषि विकास निर्देशनालय कर्णाली प्रदेशका अनुसार प्रदेशको ४१ हजार ४२ हेक्टर धानखेतीयोग्य जमीनमध्ये ३९ हजार ५९४.९ हेक्टरमा रोपाइँ सकिएको जनाएको छ ।

निर्देशनालयका निमित्त निर्देशक तिलकप्रसाद पाण्डेका अनुसार प्रदेशका १० जिल्लामध्ये जुम्ला, हुम्ला र डोल्पाले शतप्रतिशत रोपाईं भएको छ । जुम्लामा दुई हजार ८९० हेक्टर,



हुम्लामा ५८५ हेक्टर र डोल्पाको १९८ हेक्टरमा रोपाईं सकिएको छ ।

चार जिल्लामा रोपाईं ९९ प्रतिशतको हाराहारीमा पुगेको छ । जाजरकोटमा सबैभन्दा बढी ९९.२ प्रतिशत रोपाइँ हुँदा सल्यान, मुगु र रुकुम पश्चिममा समान ९९ प्रतिशत रोपाइँ सम्पन्न भएको छ । जाजरकोटमा दुई हजार ६४५ हेक्टरमध्ये दुई हजार ६२३ हेक्टर र सल्यानमा छ हजार १३४ हेक्टरमध्ये छ हजार ७२ हेक्टरमा रोपाइँ सकिएको हो । कालिकोटमा दुई हजार ४६२ हेक्टरमध्ये ९८ प्रतिशत अर्थात् दुई हजार ४१२ हेक्टरमा रोपाइँ सकिएको छ । प्रदेशमा सबैभन्दा बढी धानखेती हुने सुर्खेतमा भने ९५ प्रतिशत रोपाईं भएको छ । सुर्खेतमा कुल १४ हजार ९२१ हेक्टर क्षेत्रफलमध्ये १४ हजार १७४ दशमलव ९५ हेक्टरमा रोपाईं सकिएको छ । दैलेखमा कुल सात हजार ६२० हेक्टरमध्ये सात हजार ८६ दशमलव ६ हेक्टरमा रोपाईं भएको छ ।

# प्रधानमन्त्री केपी शर्माओलीले कोदो उत्पादन बढाउन गरे आग्रह

काठमाडौं साउन १६, प्रधानमन्त्री एवम् नेपाल कम्युनिष्ट पार्टी (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले कोदो हाम्रो परम्परागत खाद्यान्न बाली मात्र नभई यसको पोषणीय महत्व रहेको बताए ।

प्रधानमन्त्री ओलीले कोदो दिवसका अवसरमा आज सामाजिक सञ्जालमार्फत शुभकामना व्यक्त गर्दै कोदोको उत्पादन



बढाउन र परिकारहरु उपभोग गर्न सबैसँग आग्रह गरेकाछन् । "कोदोको उत्पादन बढाऔं, कोदोका परिकारहरु उपभोग गरौं ! कोदो दिवसको शुभकामना !" प्रधानमन्त्री ओलीले भनेकाछन् ।

"ग्लाइसेमिक इन्डेक्स कम हुने भएकाले रगतमा चिनीको मात्रा नियन्त्रण गर्न, यसमा हुने फाइबरले हृदय स्वास्थ्य मजबुत बनाउन मद्दत गर्छ । सिँचाइबिना नै उत्पादन हुनसक्ने यस्तो गुणकारी खाद्यान्नलाई प्रवर्द्धन गर्न सरकारले यस वर्षदेखि साउन १६ गतेलाई राष्ट्रिय कोदो दिवसका रूपमा मनाउने निर्णय गरेको छ," प्रधानमन्त्री ओलीले सामाजिक सञ्जालमार्फत स्पष्ट गरेकाछन् ।

कोदोलाई प्रोत्साहन विना दिवसको अर्थ छैन काठमाडौं साउन १६, 'कोदोजन्य परिकारको आधारस् खाद्य सुरक्षा र स्वस्थ जीवनको आधार' भन्ने नाराका साथ आज नेपालमा पहिलोपटक राष्ट्रिय कोदो दिवस मनाइएको छ । सरकारले कोदो उत्पादन वृद्धि, आयात नियन्त्रण, र यसको महत्वको प्रचारप्रसार गर्ने उद्देश्यसहित साउन १६ लाई राष्ट्रिय कोदो दिवस घोषणा गरेको हो ।कृषि तथा खाद्य सुरक्षासँग सम्बन्धित निकायहरूले कोदो दिवसलाई जलवायु अनुकूल बाली प्रवर्द्धन, जैविक विविधता संरक्षण र दिगो खाद्य प्रणाली विकासका लागि महत्वपूर्ण अवसरको रूपमा हेरेका छन् ।

तर भोजपुरका कृषक तथा स्थानीय जनप्रतिनिधिहरूले दिवस मनाउने मात्र होइन, व्यवहारिक नीति र सहकार्य आवश्यक रहेको बताएका छन् । कृषक राजेश विष्टले भने, "जमिन बाँझो नराख्ने नीति ल्याइनुपर्छ । लागत घटाउने प्रविधि ल्याएर उत्पादन बढाउनुपर्छ । कोदोका परिकार उपभोग बढाउन खाद्य उद्योग निर्माणमा ध्यान जानुपर्छ ।"

भोजपुर नगरपालिका-५ का वडाध्यक्ष फविन्द्र प्रधानले कोदोले खाद्य संकट टार्न सक्ने भएकाले पालिकाले उत्पादन र भण्डारण कार्यक्रम ल्याउनुपर्ने बताए । "प्रोत्साहन, मूल्य निर्धारण, प्रविधिमैत्री खेती र बजारको ग्यारेन्टीका लागि सहकार्य आवश्यक छ," ।

'खाद्यका लागि कृषि अभियान नेपाल' का संयोजक उद्धव अधिकारीका अनुसार कोदो नेपालको चौथो मुख्य खाद्यान्न बाली हो, जुन तराईदेखि तीन हजार मिटर उचाइसम्म उत्पादन गर्न सकिन्छ । "पौष्टिकता र पर्यावरणीय मूल्यका हिसाबले कोदो अत्यन्त महत्वपूर्ण छ । यसको भण्डारण गर्न सके खाद्यान्न संकट समाधान हुन्छ," बताए ।

उनका अनुसार कोदोमा क्याल्सियम, आइरन, प्रोटिन, खनिजलगायत पोषक तत्व पाइन्छ र बालबालिका, गर्भवती महिला, मधुमेह तथा रक्तचापका बिरामीका लागि उपयोगी मानिन्छ ।

भोजपुर बहुमुखी क्याम्पसका प्राध्यापक सुरेन्द्र कार्कीले आत्मनिर्भरता, पोषण र खाद्य सुरक्षाका लागि कोदोको महत्त्व उल्लेख गर्दै सामाजिक र सांस्कृतिक दृष्टिकोणमा समेत सकारात्मक परिवर्तन आवश्यक रहेको बताए ।

कृषक रमेश श्रेष्ठको अनुभवमा सिँचाइ नचाहिने, सुक्खा ठाउँमा पनि फल्ने कोदो बाली किसानका लागि उपयोगी छ । अनुसन्धानले कोदोमा मुटुरोग, श्वासप्रश्वास, पाचन प्रणाली र क्यान्सरजस्ता रोगको प्रतिरोध गर्ने क्षमता समेत भएको देखाएका छन् । यस्तो बहुउपयोगी बालीलाई संरक्षण र प्रवर्द्धन गर्नु आजको आवश्यकता भएको सरोकारवालाको धारणा छ ।

# जेठो बुढो, धानमा ब्लाष्टको प्रकोप

पर्वत साउन २३, रोपेको महिना दिन नपुग्दै यहाँका विभिन्न स्थानमा पोखरेली जेठो बुढो धानमा ब्लाष्ट रोग फैलिएको छ ।

यहाँको फलेवास नगरपालिकाका-४ मुडिकुवा, वडा नं ५ खानीगाउँ, वडा नं ६ देवीस्थानलगायतका वडामा जेठो बुढो धानमा सो रोग फैलिएको हो । ब्लाष्ट रोगका कारण पात सुक्ने, डाँठ तथा जरा सुक्दै जाने समस्या देखिएको छ । गाँज राख्ने र सप्रिने बेलामा धानबालीमा समस्या देखिएपछि कृषक चिन्तित बनेका छन् । धान बालीमा आकस्मिक रुपमा रोग देखिएको फलेवास नगर कृषि सञ्जालका अध्यक्ष विनोद भुसालले जानकारी दिए ।

सयौं रोपनी खेतमा ब्लाष्ट रोग देखिएपछि राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम कार्यान्वयन एकाई बागलुङका प्राविधिकसहितको टोलीले स्थलगत अनुसन्धान शुरु गरेको छ ।

गत वर्ष गुबो कुहिने र ढुसी किराको प्रकोपले क्षति व्यहोरेका कृषकले यस वर्ष पुनः ब्लाष्ट रोगको सामना गर्नुपरेको छ । हाल फलेवासका तीन वटा वडामा बढी मात्रामा सङ्क्रमण देखिएको भए पनि अन्य वडाहरुमा समेत देखिन थालेको सञ्जालका अध्यक्ष भुसालले बताए । उनले कृषि प्राविधिकसँग समन्वय गरेर सो रोगको निदानका लागि पहल भइरहेको बताए । अन्य जातको धानमा भन्दा जेठो बुढोमा बढी सङ्क्रमण देखिएको छ ।

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रमको प्राविधिक टोलीले राइस ब्लाष्ट र 'ट्राइसिक्लाजोल' नामको विषादी सिफारिस गरेका छन् । कार्यालयका प्राविधिक ललित सुनारले धानबालीमा देखिएको समस्याको निदानका लागि दुईवटा विषादी सिफारिस गरिएको जानकारी दिए ।

गत वर्ष पनि यो रोगले सामान्य क्षति भएको थियो । कृषकहरुलाई विषादी निःशुल्क उपलब्ध गराइएको छ । कृषि ज्ञान केन्द्र पर्वतका सूचना अधिकारी सोविता सुवेदीले बर्खे बालीमा आउने समस्या समाधानका लागि स्थानीयतहको कृषि शाखाका साथै ज्ञान केन्द्र र राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रमबीच समन्वय र सहकार्य भइरहेको जानकारी दिए ।

# अर्घाखाँची जिल्लामा तीन हजार ११८ हेक्टर जमीनमा सिँचाईं सुविधा



अर्घाखाँची, साउन २३, अर्घाखाँची जिल्लामा तीन हजार ११८ हेक्टर जमीनमा सिँचाईं सुविधा पुगेको छ । जिल्लामा आठ हजार ५४४ हेक्टर सिँचाइ योग्य जमिन रहेकामा ३६ दशमलव ४९ प्रतिशत जमीनमा सिँचाइं सुविधा पुगेको हो ।

जलस्रोत तथा सिँचाईं विकास डिभिजन कार्यालय अर्घाखाँचीका डिभिजन प्रमुख भेषराज भुसालले जिल्लामा २१ हजार २४७ हेक्टर जमीनमा खेती गरिँदै आइएको जानकारी दिए । सोमध्ये आठ हजार ५४४ हेक्टर सिँचाइयोग्य जमीन रहेकामा तीन हजार ११८ हेक्टर क्षेत्रफलमा सिँचाईं सुविधा पुगेको छ ।

जिल्लास्थित जलस्रोत तथा सिँचाईं विकास डिभिजन कार्यालयद्वारा आयोजित वार्षिक प्रगति समीक्षामा डिभिजन प्रमुख भुसालले एक वर्षको अवधिमा १२३ वटा सिँचाइका आयोजना सम्पन्न भएको जानकारी दिए । भुसालका अनुसार गत आव २०८१/८२ मा जिल्लाभरमा रहेका १३३ मध्ये १२३ वटा आयोजना सम्पन्न भएका, दुई वटा कार्यान्वयको चरणमा रहेका र आठ वटा मापदण्डअनुसार नभएकाले ती आयोजनामा काम गरिएको छैन ।

गत आवमा कार्यालयको कूल बजेट १६ करोड ७५ लाखमध्ये १४ करोड ४९ लाख ४५ हजार खर्च गरि भौतिक प्रगति ९७ दशमलव ९९ प्रतिशत र वित्तिय प्रगति ८६ दशमलव ५३ प्रतिशत रहेको कार्यालयका लेखापाल शिवहरि खनालले जानकारी दिएको छ ।

कार्यालयले उत्कृष्ट कार्यसम्पादन गर्ने अर्घा कन्स्ट्रक्सन, समय भन्दाअगावै उत्कृष्ट कार्यसम्पादन गर्ने लुम्बिनी निर्माण सेवा, उत्कृष्ट रूपमा आयोजना कार्यान्वयनमा ल्याउने चौवाटार जलस्रोत उपभोक्ता समिति र ३६ वर्षसम्म ९ कार्याकालको संस्थापक कर्मचारीका रूपमा काम गरेर अनिवार्य अवकाश हुने डम्बरबहादुर खत्रीलाई सम्मान गरेको छ ।

जिल्ला समन्वय समितिका प्रमुख जिवनारायण कोइरालाले सिँचाईं विकास डिभिजनले असारे विकासलाई रोकेर जेठ मसान्तसम्ममा सबै योजना सम्पन्न गरेर भुक्तानीको काम सम्पन्न गरेकामा कामको प्रशंसा गर्दै सिँचाईंविना कृषि उत्पादन बढ्न नसक्ने बताए ।प्रमुख जिल्ला अधिकारी गोपालप्रसाद अर्यालले हरेक कार्यालयका विकास निर्माणका गतिविधिमा जिल्ला प्रशासन कार्यालले पनि समन्वय गरेर काम गर्ने बताए ।

कार्यक्रम जलस्रोत तथा सिँचाईं विकास डिभिजन कार्यालय अर्घाखाँचीका लेखापाल शिवहरि खनालको स्वागत मन्तव्य र सूचना अधिकारी रामजी भट्टराईको सञ्चालनमा सम्पन्न भएको हो ।

समीक्षा कार्यक्रममा शीतगङ्गा नगरपालिका प्रमुख छविलाल पौडेल, भूमिकास्थान नगरपालिकाका नगर प्रमुख झविलाल थापा, छत्रदेव गाउँपालिकाका अध्यक्ष चन्द्रमान श्रेष्ठ, मालारानी गाउँपालिका अध्यक्ष दलबहादुर भट्टराई, पाणिनि गाउँपालिकाका अध्यक्ष टेकराज न्यौपानेलगायत जिल्लास्थित राजनीतिक दलका प्रतिनिधि, विभिन्न कार्यालयका प्रतिनिधि, सिँचाइ तथा जलउपभोक्ता, सञ्चारकर्मीलगायत सहभागिता थिए ।

जलस्रोत तथा सिँचाईं विकास डिभिजन कार्यालय अर्घाखाँचीअन्तर्गत जरेखोला बगाले ५०० फाँट सिँचाइ योजना सन्धिखर्क-४ र छत्रदेव-६ को कार्य निर्माण सम्पन्न गर्नुपर्ने म्याद एक वर्ष रहेकामा लुम्बिनी निर्माण सेवा, सन्धिखर्क-८ ले दुई महिना १८ दिनमा काम सम्पन्न गरेको सिँचाईं कार्यालयका डिभिजन प्रमुख भुसालले जानकारी दिए । उनका अनुसार लुम्बिनी निर्माण सेवा, सन्धिखर्क-८ का प्रोपाइटर नारायण पौडेलले निर्माण सम्पन्न गर्नुपर्ने म्याद एक वर्ष रहेकामा दुई महिना १८ दिनमा सम्पन्न गरी आफूलाई अब्बल निर्माण व्यवसायीका रूपमा स्थापित गर्न सफल भएका हुन् ।

---

**भूमिमाथि** .....

स्थायी छुट झैं प्रयोग हुनसक्ने स्थिति छ । जुन कार्य पहिले कानूनी दृष्टिले अपराध मानिन्थ्यो, अहिले त्यही कार्यले नीतिको आवरणमा वैधता पाउँदैछ । यही हो नीतिगत भ्रष्टाचारको स्पष्ट नमूना ।

त्यस्तै, हरेक संशोधनमा दोहोरिएको 'सूचित आदेशले तोकेको हदभित्र' भन्ने वाक्यले कानूनलाई स्पष्ट सीमाभन्दा पनि मन्त्रिपरिषद् वा मन्त्रालयको विवेकमा निर्भर हुने बनाएको छ । यसले प्रभावशाली समूहको दबाबमा सरकारलाई भूमिको हद तोक्ने अधिकार दिन्छ । तर सरकारसँग यस्तो अधिकार भयो भने राजनीतिक लाभको लागि सरकारले सदैव व्यापारीको पक्षपोषण गर्ने स्थिति बन्न सक्छ । हदबन्दीको मूल उद्देश्य सामाजिक सन्तुलन कायम गर्नु हो, तर यस्ता अस्पष्ट र खुला प्रावधानले भूमि सम्बन्धी कानूनलाई शक्तिशालीका लागि लाभदायक सौदाबाजीमा रूपान्तरण गरेको छ । यो विधेयक विगतका दुई संशोधनको निरन्तरता हो, जसले स्वीकृति विना हदबन्दीभन्दा बढी अधिग्रहण गरिएका जमीनलाई वैधानिकता दिने बाटो खोलेका थिए । अहिलेको प्रस्तावले ती जमिनहरू कानूनी रूपमा बिक्री गर्न सकिने गरी प्रस्ताव गरिरहेको छ । शक्तिशाली गठबन्धन सरकारले यो विधेयक समितिमा पठाउने प्रक्रिया छल्दै, जनताले बुझ्न नपाउँदै पारित गर्न चाहिरहेको छ । जनता चनाखो हुनुपर्ने आजको आवश्यकता हो । यो विधेयक भूमि सम्बन्धी न्याय होइन, नीति मार्फत हुने अनियमितताको कानूनी आवरण हो ।


**सन्दर्भ सामाग्री :**

रातो पाटी डट कम,
सेतो पाटी डट कम,
साउन ११ गते प्रतिनिधी सभामा छलफलको सार संक्षेप
कृषि जर्नल मासिक

# मधेशको खडेरी ठूलो संकटको सानो संकेत, समाधानका लागि क्लाउड सीडिङ सम्मको चर्चा

यो वर्ष आधा मात्रै धान रोपाइँ भएको मधेशमा खडेरीका कारण धानको बेर्ना पनि सुकेर जाने अवस्था भएपछि सरकारले मधेश प्रदेशलाई सुक्खाग्रस्त क्षेत्र घोषणा गरेको छ ।

विगतका वर्षहरूको तुलनामा यो बर्खा याममा यो क्षेत्रमा करिब ४६ प्रतिशत मात्रै वर्षा हुँदा रोप्न ठिक्क गरिएको धानको बीउ समेत सुक्न थालेको तथा इनार र बोरिङ पनि सुकेर खानेपानीको समेत हाहाकार हुने स्थिति सृजना भएको अधिकारीहरूले बताएका छन् ।

"जमिनमाथिबाट जाने पानीमा क्षयीकरण आएका कारण भूमिगत पानी पनि सुकेको हामीले पायौं" अध्ययनका लागि मधेश पुगेर फर्किएका सिँचाइ मन्त्रालयका सहसचिव सुशीलचन्द्र आचार्य भन्छन् ।

जलाधार विज्ञ मधुकर उपाध्याका अनुसार मधेशको खडेरीले विज्ञानको पूर्वानुमानलाई पनि चुनौती दिएको छ ।

यो वर्ष धेरै वर्षा हुने पूर्वानुमानका बाबजुद पनि मधेशमा सुक्खा देखिएका कारण कतिपय मौसमी गतिविधिहरू पूर्वानुमानबाहिर जान थालेको उनी बताउँछन् ।

"एउटा चाहीं मनसुन उत्तरतिर सर्दै गएको छ। तिब्बततिर बढी पानी पर्न थालेको छ र गङ्गाको जलाधार क्षेत्र चाहिँ सुक्खा हुँदै गएको छ," उनी भन्छन् ।

"दोस्रो चाहिँ सबै महादेशहरूबाट जमिनको सतहमा हुने पानी घट्दै र निखारिँदै गएको छ।"

मूल र खोलाहरू सुकेका घटनाले पनि त्यसको पुष्टि हुने उपाध्या बताउँछन् ।

सन् २०२२ मा प्रकाशित राष्ट्रिय जलवायु परिवर्तन सर्वेक्षण प्रतिवेदनका अनुसार ७८ प्रतिशत घरधुरीले खोला तथा खोल्साहरूमा र ५५ प्रतिशत घरधुरीले पँधेरो तथा कुवामा पानी घटेको बताएका थिए ।

प्रतिवेदन अनुसार खोला तथा खोल्साहरूमा पानीको मात्रा बढेको बताउने घरधुरी १.३ प्रतिशत र पँधेरो तथा कुवामा पानी बढेको बताउने १ प्रतिशत मात्रै थिए ।

प्रतिवेदनले त्यसको असर पारिस्थितिक प्रणाली, कृषि र जीविकाका विभिन्न पक्षमा देखिने औंल्याएको छ। प्रतिवेदनअनुसार धेरैजसोले पछिल्लो २५ वर्षमा अपर्याप्त वर्षा, बढ्दो खडेरी, सडक निर्माण, वन फँडानी र सहरीकरणका कारण पानीका स्रोतहरू सुक्दै गएको बताएका थिए ।

*तराईमा ५०० वटा डीप बोरिङ खन्ने काम सुरु भएको छ। सिँचाइका लागि किसानलाई प्रतियूनिट बिजुलीको ३ रुपैयाँ मात्र लाग्ने छ ।*



"त्यसले मूलदेखि तराईसम्मै पानी सुकेको रहेछ भन्ने देखाउँछ," उपाध्या भन्छन् । "जलाधारभित्र पानीको सञ्चय हुने सम्भावना पनि विभिन्न कारणले कम हुँदै गएको छ ।"

जलाधार पुनर्भरणका परम्परागत मार्गहरू टालिएका कारण पनि वर्षाको पानी जमिनमुनि सोसेर राख्ने क्रम कम भएको विज्ञहरूले बताएका छन् ।

उपाध्याका अनुसार विश्वव्यापी तापमान वृद्धिका कारण पनि जमिनमा भएको पानी सुक्ने र हावामा पानीका कण कम हुँदै जाने अवस्था निम्तिएको छ ।

वर्षाका लागि अत्यावश्यक बादल बन्ने प्रक्रिया नै घट्नु पनि कारण रहेको हुन सक्ने विज्ञहरूले बताउने गरेका छन् ।

एक सरकारी अध्ययन कार्यदलका अनुसार नहर सिँचाई तथा बोरिङको सहयोगमा मधेश प्रदेशमा साउन ११ गतेसम्ममा करिब ५१ प्रतिशत मात्रै धान रोपाइँ सकिएको छ । देशको कुल गार्हस्थ्य उत्पादनमा करिब चार प्रतिशत र कृषि क्षेत्रको कुल गार्हस्थ्य उत्पादनमा करिब १५ प्रतिशत योगदान गर्ने धानबाली सबैभन्दा बढी उत्पादन मधेश प्रदेशमा करिब ३ लाख ७५ हजार हेक्टर जग्गामा धान खेती हुने गरेको छ ।

'अब हरेक थोपा पानी जोगाउनुपर्छ'

जलस्रोतबारे अध्ययन गरिरहेका उपाध्या पानीको सञ्चय घट्दै जाने क्रम पुरानो अवस्थामा नफर्कने दरमा बढिरहेको बताउँछन् । उनी तराईमा एक चौथाइभन्दा धेरै मानिसहरूले ससाना खोलाहरू सुकेर गएको सुनाउने अध्ययनमा देखिएको बताउँछन् ।

पानी परेर आफैं वा प्राकृतिक रूपमा पहिलेको अवस्थामा फर्काउन गाह्रो छ। त्यो भनेको आगामी दिनमा झन् सुक्खाको सामना हामीले गर्नुपर्छ भन्ने हो । मौसम नै उत्तरतिर सर्दा उत्तरतिर बाढीपहिरो र अन्नभण्डार सुक्ने अवस्था हो ।

उनी त्यसका लागि "हरेक थोपा पानी जोगाउनुपर्ने" बताउँछन् ।

तापक्रम वृद्धि अपत्यारिलो दरमा बढ्दो क्रममा छ । त्यो तत्काल घट्ने देखिँदैन । त्यसमा हामीले तराईलाई 'टिप अफ द आइसवर्ग' मानेर समाधानमा काम गर्दै गर्नुपर्छ ।

तराई क्षेत्रमा रहेको भूमिगत पानीको स्रोत नेपाल र भारत दुवै देशका सीमावर्ती क्षेत्रमा

बाँडिने भएका कारण भूमिगत पानीको पुनर्भरणबारे दुबै देशले सहकार्य गर्नुपर्ने जलाधार विज्ञ उपाध्या बताउँछन् ।

"यसमा सहयोग माग्ने होइन। सहकार्य नै गर्नुपर्छ। मित्रराष्ट्र भएका कारण त्यो सम्भव पनि छ," उपाध्या भन्छन् ।

सरकारी कार्यदलले चुरेको तल्लो भागमा ठूला पोखरीहरू बनाएर पानी सञ्चय गर्न सकिने सिफारिस गरेको छ ।

"चुरेको फेदीमा मौसमी र स्थानीय पुनर्भरण पोखरी निर्माण गर्ने, भूमिगत डीपट्युबवेलहरूको नियमन गर्ने, तराईमधेश क्षेत्रमा जलाशय तथा तलाउहरूको विकास सुदृढीकरण अभियान सञ्चालन गरिनुपर्ने सिफारिस हामीले गरेका छौँ," जलस्रोत मन्त्रालयका सहसचिव आचार्य भन्छन् ।

उनका अनुसार सुनकोशी मरिण डाइभर्शन र सुनकोशी कमला डाइभर्शन परियोजनाले नेपालको मध्यतराई क्षेत्रमा सिँचाइ र पुनर्भरणका लागि राम्रो योगदान गर्न सक्ने सम्भावना छ ।

कार्यदलले तराईमधेश क्षेत्रमा विद्युत् वितरण प्रणालीमा सुधार गर्न पनि सुझाव दिएको छ ।

सरकारी कार्यदलले अघि सारेको सिफारिस उपयुक्त भए पनि चुरे आफैँ सुक्खा क्षेत्र भएका कारण पानीको स्रोतको प्रबन्धबारे पनि अध्ययन गरिनुपर्ने उपाध्या बताउँछन् ।

प्रधानमन्त्री केपी शर्मा ओलीले तराईमा देखिएको खडेरीको सामना गर्न तत्काल ५०० ठाउँमा 'डीप बोरिङ' जडान सुरु गरिएको बताएका छन् ।

"तराईमा ५०० वटा डीप बोरिङ खन्ने काम सुरु भएको छ। सिँचाइका लागि किसानलाई प्रतियूनिट बिजुलीको ३ रुपैयाँ मात्र लाग्ने छ," उनले बुधवार फेसबुकमा पोस्ट गरेका छन् ।

जलाधार विज्ञ उपाध्या खडेरीको समस्याको अल्पकालीन समाधानका लागि 'डीप बोरिङ' उपयुक्त विकल्प भएको बताउँछन् ।

ड्रिल गरेर पानी निकाल्ने उपयुक्त विकल्प हो । त्यो प्राथमिक उपचार जस्तो हो । त्यसमा पनि प्रश्न चाहिँ त्यो कहिलेसम्म हुन्छ र त्यसको व्यवस्थापन कसरी गर्छौं भन्ने छ ।

तत्कालै यस्ता 'डीप बोरिङ' जडान भएमात्र यो वर्षको खडेरीबाट धान बचाउन सकिने भए पनि दीर्घकालीन समाधानका लागि पानीको सञ्चय र पुनर्भरणका योजना बनाइनुपर्ने जानकारहरू बताउँछन् ।

आचार्यका अनुसार अहिले मधेशमा 'डीप बोरिङ'का लागि १५० देखि २०० मिटर गहिराइसम्म जानुपर्ने अवस्था छ। लामो समयसम्म भूमिगत पानी निकाल्दा त्यसको सतह बढ्दै जाने विज्ञहरू बताउँछन् ।

तर हालै जलस्रोत तथा सिँचाइ र कृषि तथा पशुपन्छी मन्त्रालयसहित विभिन्न सरकारी निकायले गरेको अध्ययनमा तराईमा जडान गरिएको डीप बोरिङको प्रभावकारी सञ्चालन नभएको देखिएको छ । सरकारी अध्ययनका अनुसार मधेशमा जडान गरिएका डीप बोरिङमध्ये १९० वटा सामान्य मर्मत गरेर सञ्चालनमा ल्याउन सकिने स्थितिमा छन् ।

त्यस्तै अर्को २२० वटा यस्ता डीप बोरिङबाट सिँचाइका लागि खेती भएका ठाउँसम्म पानी लैजाने पाइप वा कुलोलगायतका संरचना निर्माण नगरिएका कारण प्रभावकारी उपभोग हुन सकेको छैन ।

"हाम्रो अध्ययनमा डीप बोरिङका लागि राखिएका ट्रान्स्फर्मरजस्ता पूर्वाधार चोरी भएका, विद्युत् महसुल नतिरेका कारण बिजुलीको आपूर्ति काटिएका, भोल्टेज नपुगेर सञ्चालन नभएका अनि कतिपय ठाउँमा चाहिँ जमिनमुनि पानीको भण्डारण नै रित्तिएको पनि पाइएको छ," आचार्य भन्छन् ।

'क्लाउड सीडिङ' विकल्प हुन सक्छ ?

जल तथा मौसम विज्ञान विभागकी उपमहानिर्देशक अर्चना श्रेष्ठ वर्षा गराउने बादलमा हेरफेर गरेर कृत्रिम वर्षाका लागि प्रयोग हुने 'क्लाउड सीडिङ' प्रविधिबारे पनि अध्ययनको आवश्यकता अहिलेको खडेरीले उजागर गरेको बताउँछिन् ।

नेपालले अहिले भोगिरहेको समस्या समाधानमा यो प्रविधि उपयुक्त विकल्प नभए पनि त्यसबारे अध्ययन आवश्यक देखिएको उनको भनाइ छ ।

धेरै देशहरूले यसको अभ्यास र प्रयोग पनि गरिसकेका छन् । हामीलाई एक दिन मात्रै वर्षा गराएर नपुग्ने भएका कारण यो अवस्थाका लागि उपयुक्त नहोला तर हाम्रोजस्तो जलवायु भएको ठाउँमा कस्तो अवस्थामा सफल हुन्छ भन्नका लागि पनि यसको अध्ययन चाहिँ हुन आवश्यक छ । साथै यो महँगो प्रविधि भएका कारण पनि नेपालमा यसको प्रयोग सहज नभएको जानकारहरू बताउँछन् ।

मधेशको कृषि संकट व्यवस्थापन विषयम गहन छलफल, दीर्घकालीन समाधानमा जोड

काठमाडौं साउन १६, जलवायु परिवर्तनका असरहरू दिनप्रतिदिन गहिरिँदै गएका बेला नेपालका तराई-मधेश क्षेत्रहरू हाल चरम सुख्खाग्रस्त अवस्थामा पुगेका छन् । यस संकटको गम्भीरतापूर्वक अध्ययन गर्दै समाधानका उपायहरू तय गर्न नेपाल कृषि अनुसन्धान परिषद् (नार्क) ले हालै छलफल कार्यक्रम आयोजना गरेको छ । परिषद्का कार्यकारी निर्देशक डा.कृष्णप्रसाद तिम्सिनाको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा परिषद्मा कार्यरत तथा सेवानिवृत्त वरिष्ठ वैज्ञानिकहरू, अनुसन्धानकर्ता र कृषि योजनाकारहरूको उल्लेखनीय सहभागिता रहेको थियो ।

कार्यक्रममा प्रस्तुत कार्यपत्रअनुसार मधेश प्रदेशको अधिकांश भागमा दीर्घकालीन खडेरीका कारण प्रमुख खाद्यबाली धानको रोपाइँ हुन नसकेको अवस्था छ । भूमिगत पानीको सतह उल्लेखनीय रूपमा घटेको, सिँचाइका परम्परागत स्रोतहरू सुक्दै गएका, खोला र नहरहरूमा पानीको अभाव बढेको र कुलो प्रणाली सञ्चालनमा कठिनाइ देखिएको उल्लेख छ । यसले गर्दा कृषकहरू आन्दोलित र मानसिक तनावमा परेका छन् । विशेषतः वर्षामा आधारित कृषि प्रणालीमा निर्भर कृषक वर्ग अहिले जीविकोपार्जनमा गम्भीर संकटमा छन् ।

छलफलमा सहभागी विज्ञहरूले अल्पकालीन राहत कार्यक्रमहरूभन्दा बाहिर जान आवश्यक रहेको धारणा राख्दै दीर्घकालीन, वैज्ञानिक आधारमा तयार गरिएका रणनीति अपनाउनुपर्नेमा जोड दिएका थिए । उनीहरूले जलवायु अनुकूल कृषि प्रणालीको विकास, सुख्खा सहनशील बाली जातहरूको प्रवर्द्धन, कृषि मौसम पूर्वानुमान प्रणाली सुदृढीकरण, वैकल्पिक सिँचाईं स्रोतहरूको पहिचान र प्रयोग, कृषकको सीप अभिवृद्धि तथा नीतिगत तहमा वैज्ञानिकहरूको सक्रिय भूमिका सुनिश्चित गर्नुपर्ने सुझाव प्रस्तुत गरे ।

कार्यक्रममा सहभागी वैज्ञानिकहरूले नेपालको कृषि नीति र योजना निर्माण वैज्ञानिक अनुसन्धान तथा तथ्यमा आधारित हुनु पर्ने र केवल सरकारको चालू प्राथमिकता अनुसार काम गर्दा दीर्घकालीन सुधार सम्भव नहुने स्पष्ट पारे । उनीहरूले एकीकृत र अन्तःअनुशासनात्मक सोच आवश्यक रहेको, अनुसन्धान, प्रयोग र विस्तार सेवा सँगसँगै अघि बढाउनु पर्नेमा जोड दिए ।

कार्यक्रमका अध्यक्ष डा. तिम्सिनाले वैज्ञानिक सुझावहरूलाई आगामी रणनीतिक योजना, कार्यक्रम र नीतिगत छलफलहरूमा समावेश गरिने प्रतिवद्धता व्यक्त गरेका छन् ।

# युवा किसान काठमाडौं घोषणापत्र–२०८२

काठाडौं साउन ७, कृषिप्रधान देश नेपालको अर्थतन्त्रको मेरुदण्डको रूपमा रहेको कृषि क्षेत्रमा युवाहरूको कृषि उत्पादनदेखि राज्यको नीति निर्माण तहसम्म प्रत्यक्ष सहभागिता अत्यावश्यक छ भने युवाहरूलाई कृषि क्षेत्रमा नयाँ प्रविधि र सिपसहित स्थापित गर्नुपर्ने आवश्यकता पनि छ । यही परिप्रेक्ष्यमा राष्ट्रिय किसान सञ्जाल नेपाल, राष्ट्रिय कार्यान्वयन समितिद्वारा काठमाडौंको कीर्तिपुरमा २०८२ साउन ५-७ गते (२०२५ सन् (२१-१३) सम्म सम्पन्न प्रथम राष्टि-य युवा किसान मञ्चः युवा किसान क्याम्प तथा एग्रिलम्पिक्स देशका सातवटै प्रदेशका युवा किसानहरूको सक्रिय तथा उत्साहजनक सहभागितामा ऐतिहासिक र भव्य रूपले सम्पन्न भयो । नेपालस्थित संयुक्त राष्ट्रसंघीय निकायहरूको समुपस्थितिमा संघीय संसदको राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष नारायणप्रसाद दाहालद्वारा समुद्घाटन भई काठमाडौंमा तीन दिनसम्म सञ्चालित प्रथम राष्ट्रिय युवा किसान मञ्चः युवा किसान क्याम्प तथा एग्रिलम्पिक्समा नेपाली कृषिका संभावना र चुनौतिहरू, कृषिमा युवाहरूको सहभागिता र उनीहरूले सामना गरिरहेका समस्याहरू, विभिन्न सरकारी निकायहरू, तिनका संरचनाहरू तथा कार्यक्रमहरू, तिनले किसानहरू, विशेष गरी युवा किसानहरूलाई दिने सेवा(सुविधाहरू, लगायतका विभिन्न पक्षमा बहुआयामिक ढंगले विस्तृतरूपमा छलफल र अन्तर्क्रिया गरियो । कार्यक्रमको पूर्वसन्ध्यामा देशका सात वटै प्रदेशहरूमा 'कृषिमा युवाः सम्भावना र चुनौती विषयक प्रदेशस्तरीय युवा किसान अन्तर्क्रिया ( अनलाइन) आयोजना गरिएको थियो भने विभिन्न रोचक खेलहरू, प्रतियोगितात्मक तस्विर प्रदर्शनी, कृषि उत्पादन तथा ज्ञान सामग्रीहरूको प्रदर्शनी गरिएको थियो । मञ्चबाट निर्दोष तिमिल्सिना संयोजक, लक्ष्मण गुरुङ सहसंयोजक र थप किसान १९ जना सदस्य रहने गरी राष्ट्रिय किसान सञ्जाल, युवा किसान समिति गठन भयो । यस प्रथम राष्ट्रिय युवा मञ्चः युवा किसान क्याम्प तथा एग्रिलम्पिक्समा सहभागी हामी युवा किसानहरूले नेपाली किसानहरूको हक, हित, अधिकार, खाद्यसम्प्रभुता, क्रान्तिकारी ⁄ वैज्ञानिक भूमिसुधार, जलवायु न्याय र कृषि क्रान्तिको पक्षमा दृढ रहँदै निम्न प्रतिवद्धताहरू व्यक्त गर्दछौं ।



**हाम्रा प्रतिवद्धताहरू**

१. हामी कृषि पेसालाई व्यावसायीकरण, वैज्ञानिकरण, आधुनिकीकरण, सहकारीकरण र औद्योगिकीकरणमार्फत कृषि क्षेत्रको समग्र विकास, किसानहरूका हक, हित र अधिकार सुनिश्चित गर्दै खाद्यसम्प्रभुता, क्रान्तिकारी ⁄ वैज्ञानिक भूमिसुधार, जलवायू न्याय, लैंगिक समानता, समावेशीकरण र सामाजिक न्यायसहितको कृषि क्रान्तिको पक्षमा दृढ रूपमा प्रतिवद्ध छौं ।

२. हामी किसानहरूको शोषण गर्ने नवउदारवादी नीतिहरू, किसानमारा बहुराष्ट्रिय निगमहरू र कृषि क्षेत्रमा भएको वैदेशिक हस्तक्षेपको विरोध गर्दै कृषि पेसालाई आकर्षक, मर्यादित र प्रतिफलमुखी पेसाको रूपमा विकास गर्न, किसानको जीवनमा समृद्धि र खुसीयाली ल्याउँदै कृषि पेसामा नौजवान युवाहरूको आकर्षण बढाउन, कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धिसहित आत्मनिर्भर कृषिको विकासद्वारा राष्ट्रिय आत्मनिर्भर अर्थतन्त्रको विकास गर्दै समाजवादको आधार तयार गर्न प्रतिवद्ध छौं ।

३. हामी कृषिमा युवाहरूलाई आकर्षित, संरक्षित, संगठित, प्रशिक्षित र सबलीकरण गर्दै उनीहरूको जीवनमा खुसियाली र समृद्धि ल्याउन आवश्यक नीति तथा कार्यक्रमहरू जारी गरी कार्यान्वयन गर्न देशका तीनै तहका सरकारहरू र अन्य सरोकारवाला निकायहरूसँग राष्ट्रिय किसान सञ्जाल, राष्ट्रिय कार्यान्वयन समितिमार्फत् आवश्यक समन्वय, सहजीकरण र सहकार्य गर्नेछौं ।

४. हामी आफू आबद्ध किसान संघ( संस्थाहरूमा युवा किसानहरूलाई संगठित, प्रशिक्षित र परिचालित गर्नेछौं । त्यसका लागि महासंघको संरचनामा भएका किसान संघ(संस्थाहरूले युवा किसान संगठनहरू गठन गर्ने र संघको संरचनामा भएका किसान संघ(संस्थाहरूले युवा किसान विभाग गठन गरी संस्थागत रूपमा युवाहरूलाई संगठित, प्रशिक्षित र प्रोत्साहित गर्नेछौं ।

५. हामी युवा किसानहरूका ज्ञान, सिप र अनुभवहरूलाई दस्तावेजीकरण गर्दै तीनै तहका सरकारहरूबाट युवा किसान लक्षित कार्यक्रमहरू तर्जुमा र सञ्चालन गर्नका आवश्यक समन्वय, सहजीकरण र नीतिगत पैरवी गर्नेछौं र आवश्यक परे संयुक्त संघर्ष गर्नेछौं ।

६. हामी किसानहरूको सूचीकरण तथा वर्गीकरणसहित किसान परिचयपत्र उपलब्ध गराई सोही आधारमा किसानहरूलाई आवश्यक प्रसार सेवा, तालिम, प्रशिक्षण, अनुदान, बाली तथा पशुपन्छी बिमा, कृषि ऋण, सरकारी छुट लगायतका सेवा सुविधा प्रदान गर्न नेपाल सरकारसँग माग गर्दै त्यसका लागि पैरवी र आवश्यक परे संघर्ष गर्ने प्रतिबद्धता जाहेर गर्दछौं ।

७. हामी जलवायु परिवर्तनका सिर्जित समस्याहरू र पर्यावरणीय संकटसँग जुध्दै कृषिको उत्पादन र उत्पादकत्व वृद्धिका लागि आवश्यक पर्ने नयाँ सिप, ज्ञान र प्रविधिको विकासका लागि प्रतिबद्ध रहँदै राज्य र अन्य निकायहरूसँग आवश्यक सहकार्य र समन्वय गर्नेछौं । जलवायू न्याय र जलवायू वित्तमा किसानहरू, विशेष गरी युवा किसानहरूको पहुँचका लागि निरन्तर पैरवी र संघर्ष गरिरहने छौं ।

८. हामी कृषिमा भइरहेको कृषि रसायनहरूको अनियन्त्रित प्रयोगले मानव स्वास्थ्य र पर्यावरणमा पारेका प्रतिकूल प्रभावबारे जनचेतना फैलाउँदै जैविक विविधतामा आधारित पर्यावरणीय कृषिको पक्षमा आवश्यक बहस, पैरवी र क्षमता अभिवृद्धि गर्दै देशलाई रासायनिक मल र विषादिमुक्त क्षेत्र घोषणा गर्ने दिशाउन्मुख रही कार्य गर्ने प्रतिवद्धता जाहेर गर्दछौं ।

९. किसान संघ, संगठन, राजनीतक दलहरू र राज्यका नीति निर्माण गर्ने तहमा किसानहरू र त्यसमा पनि युवा किसानहरूको सहभागिताका लागि आवश्यक पहल र पैरवी गर्नेछौं ।

१०. हामी जैविक विविधता, पर्यावरणीय कृषि, स्थानीय तथा रैथाने ज्ञान-सिपको उच्च प्रयोग गर्दै आत्मनिर्भर कृषि र स्वाधीन राष्ट्रिय अर्थतन्त्र निर्माण गर्न प्रतिबद्ध छौं ।

११. हामी भूमिहीनता, गरिबी, अशिक्षा, भोकमरी, रूढिवादी अन्धविश्वास, जातीय विभेद, लैङ्गिक विभेद र वर्गीय उत्पीडनको अन्त्यका लागि प्रतिवद्ध रहँदै सामाजिक न्याय, समानता र स्वतन्त्रतासहितको समाजवादी समृद्ध नेपाल निर्माणको दिशामा निरन्तर लागिरहन प्रतिबद्ध छौं ।

१२. हामी युवा किसानहरू देशभरका उत्पादक किसानहरूको एकता र अग्रगमनको पक्षमा दृढ प्रतिवद्धता व्यक्त गर्दै संसारभरका किसानहरूको वर्गीय मुक्ति संघर्षमा ऐक्यवद्धता प्रकट गर्दछौं ।

राष्ट्रिय किसान सञ्जाल, युवा किसान समिति राष्ट्रिय किसान सञ्जाल नेपाल, राष्ट्रिय कार्यान्वयन समितिद्वारा काठमाडौंको कीर्तिपुरमा २०८२ साउन ५-७ गते (२०२५ ब्थि २१-१३ सम्म देशका सातवटै प्रदेशका युवा किसानहरूको सक्रिय तथा उत्साहजनक सहभागितामा ऐतिहासिक र भव्य रूपले सम्पन्न प्रथम राष्ट्रिय युवा किसान मञ्चः युवा किसान क्याम्प तथा एग्रिलम्पिक्स (First National Youth Peasant ForumM Young Farmers Camp and Agrilympics-YFCA( २०२५) श्री निर्दोष तिमिल्सिना संयोजक, श्री लक्ष्मण गुरुङ सहसंयोजक र थप १९ जना सदस्य रहने गरी राष्ट्रिय किसान सञ्जाल, युवा किसान समिति गठन भयो । समितिको नामावली निम्नानुसार रहेको छः

१. संयोजकः श्री निर्दोष तिमिल्सिना,
२. सहसंयोजकः श्री लक्ष्मण गुरुङ
३. सदस्यः ओम आचार्य
४. सदस्यहरु : मञ्जु सापकोटा
५. सदस्यः सुपेन्द्र राई
६. सदस्यः रामचन्द्र नेपाल
७. सदस्यः प्रज्ज्वल थापा
८. सदस्यः तेजमान श्रेष्ठ
९. सदस्यः पार्वती कँडेल
१०. सदस्यः सम्झना परियार
११.सदस्यः सुन्दर नेपाल
१२. सदस्यः बुद्धहाङ नेम्वाङ
१३. सदस्यः मदन भुसाल
१४. सदस्यः ववता धमला
१५. सदस्यः ........

बाँकी सदस्यहरू राष्ट्रिय किसान सञ्जालका सदस्य संगठनहरूबाट आएपछि थप गरिनेछ ।

# कृषिमा १० करोड कर्जा सुरक्षण

काठमाडौं साउन १६, बागमती प्रदेश सरकार अन्तर्गतको कृषि तथा पशुपन्छी विकास मन्त्रालयले आर्थिक वर्ष २०८१/८२ को कार्य सम्पादन विवरण सार्वजनिक गरेको छ ।

मन्त्रालयले २ अर्ब ५० करोड ६४ लाख ६६ हजार रूपैयाँ बराबरको कुल बजेटमध्ये ६७.२९ प्रतिशत कार्यान्वयन गरेको बताएको छ । यस वर्ष कृषि तथा पशुपन्छी क्षेत्रमा



धेरै संरचनागत सुधार, किसान लक्षित कार्यक्रम र रोग नियन्त्रण अभियान प्रभावकारी रूपमा सञ्चालन गरिएको मन्त्रालयले उल्लेख गरेको छ ।

प्रदेशको कृषि विकास सम्बन्धमा तयार पारिएको विधेयक, २०८० वागमती प्रदेश सभाबाट पारित भइसकेको र हाल प्रमाणिकरणको अन्तिम चरणमा रहेको मन्त्रालयले जनाएको छ । यो विधेयक कार्यान्वयनमा आएसँगै प्रत्येक वर्ष कार्यविधि बनाउने झन्झट हट्ने र कार्यक्रम कार्यान्वयनमा सहजता आउने बताइएको छ ।

मन्त्रालयले चालु वर्षमा २३ वटा नयाँ तथा एक पुरानो कार्यविधिको संशोधन स्वीकृत गरेको छ । यससँगै सेवा प्रवाहको पहुँच विस्तार गर्ने क्रममा कृषि तथा पशु सेवा कार्यालय नभएका जिल्लाहरूमा सेवा केन्द्र स्थापना गरेको छ । गत वर्षदेखि सञ्चालनमा ल्याइएको 'एक वडा एक उत्पादन' कार्यक्रमलाई थप विस्तार गर्दै मन्त्रालयले यस आर्थिक वर्षमा थप २५ वडालाई समेट्दै कुल ७० वडासम्म पुर्‍याएको छ ।

समुदायमा आधारित खेती प्रणालीमार्फत वडालाई कृषि उत्पादनमा आत्मनिर्भर बनाउने लक्ष्यसहित हरेक वडामा ४० लाख रुपैयाँ बराबरको साझेदारी सहयोग उपलब्ध गराइएको मन्त्रालयले जनाएको छ । पशुपन्छी तथा मत्स्य क्षेत्रमा प्राकृतिक र गैरप्राकृतिक विपद्बाट क्षति व्यहोरेका ३३० जना किसान र ६ वटा फार्मलाई १ करोड २२ लाख रुपैयाँभन्दा बढी राहत रकम वितरण गरिएको, साथै पशु स्वास्थ्यका क्षेत्रमा पनि उल्लेखनीय काम भएको मन्त्रालयले जनाएको छ ।

पिपिआर रोग नियन्त्रणका लागि १३ वटै जिल्लामा सप्ताहव्यापी खोप अभियान सञ्चालन गरिँदै १५ लाखभन्दा बढी भेडाबाखालाई खोप दिइएको छ भने लम्पी स्किन डिजिज विरुद्ध ७२ हजार गाईभैंसीमा निःशुल्क खोप लगाइएको वागमती प्रदेशका कृषि तथा पशुपन्छी विकासमन्त्री प्रकाश श्रेष्ठले बताउनु भएका थिए ।

पशुपन्छि रोग अन्वेषण र अनुसन्धानको उद्देश्यले चितवनस्थित कृषि तथा वन विज्ञान विश्वविद्यालय, रामपुरमा 'बायो सेफ्टी लेभल टु प्लस' प्रयोगशाला निर्माण कार्य सम्पन्न भई विश्वविद्यालयलाई हस्तान्तरण गरिएको छ । प्रयोगशाला सञ्चालनमा आइसकेको र यसले पशुपन्छिका विभिन्न रोगहरूको सटीक निदानमा सहयोग पुर्‍याउने उल्लेख गरिएको छ ।

हेटौंडामा निर्माण सम्पन्न भएको दूध पाउडर प्लान्ट सञ्चालनको तयारी अन्तिम चरणमा पुगेको छ । उक्त प्लान्टले दैनिक ६० हजार लिटर दूध प्रशोधन गर्ने क्षमता राख्दछ । हाल डेरी विकास संस्थानमार्फत यसको परीक्षण सञ्चालन भइरहेको छ । साथै हेटौंडा(११ मा निर्माण सम्पन्न भएको प्रादेशिक कृषि थोक बजार निर्माण भएकाले कृषि बजारको लागि किसानलाई सहज हुने बताउनु भयो ।

आगामी आर्थिक वर्ष २०८२/८३ का लागि मन्त्रालयले अझ महत्वाकांक्षी कार्यक्रमहरू अघि सारेको छ । कृषि क्षेत्रमा लगानी प्रवर्द्धनका लागि १० करोड रुपैयाँको कर्जा सुरक्षण कोष, ५ करोडको सहुलियतपूर्ण व्याज अनुदान, स्मार्ट कृषि फार्म र स्मार्ट पशुपन्छी फार्म स्थापना, आधुनिक बधशाला निर्माण र जैविक मल कारखानाको निरन्तरताजस्ता कार्यक्रम अघि सारिएका छन् ।

पशुपन्छी तथा मत्स्य व्यवसायलाई प्रवर्द्धन गर्न स्टार्टअप ग्रान्टमार्फत २० करोडको बजेट विनियोजन गरिएको छ भने किसानलाई राहत, व्यवसायिक खेती प्रवर्धन, च्याउ र फूल सजावट खेती, कृषि बजार सूचना प्रणाली र आधुनिक ग्रिन हाउस निर्माणजस्ता कार्यक्रम पनि अघि सारिएका छन् ।

# अनुमोदन गर्ने, कार्यान्वयनमा जोड नदिने सरकारको बानी पहिले देखिकै हो

अखिल नेपाल किसान महासंघका नेता तथा राष्ट्रिय युवा सञ्जालका सह-संयोजक लक्ष्मण गुरुङसँग जलवायू परिवर्तन, जैविक विविधता, आदिवासी जनजातिले कृषिमा गरेको योगदान, सरकारले परम्परागत सीपका विषयमा लिएको दृष्टिकोण कस्ता छन् भन्ने बारेमा कृषि जर्नलका लागि धनबहादुर मगरले गरेको कुराकानीको प्रस्तुत अंशः

**अहिले के गरिरहनु भएको छ ?**

विगत डेढ दशकदेखि नेपालको कृषिमा दिगोपना खोज्न लागेको छु। नेपालमा कृषिलाई आफ्नोपनमा कसरी ढालेर दिगो कृषिलाई अगाडि बढाउन सकिन्छ र समुदायको अनुकूलन बनाउन सकिन्छ भनेर लागि राखेको छु। त्यसको लागि विशेष गरेर पर्यावरणीय सन्तुलन सहितको आदिवासी जनजातिका सीपहरुको मिश्रण हुनु पर्छ भन्ने कुरामा लागि राखेको छु।

**यहाँको संक्षिप्त परिचय दिनुहोस् ?**

लक्ष्मण गुरुङ पेशाव्यवसायले किसान पनि हुँ, सँगै अध्ययन अनुसन्धानमा पनि संलग्न छु। विशेष गरेर म रैथाने सीप, रैथाने कृषि र रैथाने बालीको अध्ययन अनुसान्धान गर्ने क्रममा परम्परागत रुपमा सदियौं देखि कृषि अभ्यासमा आईरहेको र यसको सम्बन्धमा विभिन्न गाउँ ठाउँहरुमा पुग्ने गर्छु। समग्रमा भन्नु पर्दा मेरो परिचय यहिनै हो।

**यहाँले भनिसक्नु भएको छ, रैथाने कृषि हाम्रो पूरानो परम्परागत कृषि हो भनेर। कुन चाहीँ कृषि वस्तुलाई बढी केन्द्रीत गरि अध्ययन गर्नु भएको छ ?**

कुन चाहीँ भन्दा पनि सन् १९७० को दशक पछि आर्थिक समृद्धि र रोजगारमूलक कृषि, आयआर्जनको माध्यमको रुपमा आधुनिक कृषिलाई नेपालले अवलम्बन गर्‍यो। त्यस पछि समग्र कृषि प्रणालीमा हाम्रो के सम्बन्ध छ भन्नेमा मैले हेर्ने प्रयास गरिराखेको छु। हेर्ने बुझ्ने र अध्ययन गर्ने क्रममा आधुनिक कृषि र हाम्रो हिजोको परम्परागत कृषिको बिचमा सम्बन्ध कस्तो छ र त्यसले कस्तो परिणाम ल्याएको छ भन्ने कुरा जान्न खोजिरहेको छु।

**जस्तै : उदाहरणको लागि एउटा यहाँले जुन अध्ययन गरिराख्नु भएको छ। यसले आदिवासी जनजातिको सम्बन्ध र नेपालको कृषिलाई कसरी हेर्नु भएको छ ?**

मेरो अध्ययन र अनुसन्धानको सिलसिलामा आजसम्म जान्न खोजेको कुरा यही नै हो। केहो भन्दा आधुनिक कृषि भनेर अगाडि ल्यायो र यसको सिद्धान्त के बनाइयो भन्दा एउटा खाद्यान्न आपूर्ति, पोषण आपूर्तिको माध्यम आधुनिक कृषि नै हुनु पर्दछ र व्यवसायिकरण हुनु पर्दछ भन्ने कुरा विस्तारै राज्यले आवधारणामा समावेश गरिसकेपछि त्यहाँनिर तपाईले भने जस्तै हाम्रो परम्परा कृषि मानवजातिले दशौ हजार वर्षदेखि गर्दै आएको कृषिको अभ्यास कसरी सँगै लाने भन्ने कुरामा अलिकति त्यहाँनेर ग्याप रह्यो भन्ने लाग्छ। किनभने, त्यसको परिणाम लगभग अहिले देखिन थालेको छ। त्यही आधुनिक कृषि भनेर भित्र्याएको छ। जुन प्रणाली छ। त्यो प्रणालीलाई स्वीकार गर्न नसक्दा अथवा त्यसलाई सहजै आफ्नो खेतीमा ढाल्न नसक्दा कतिपय आदिवासी जनजातिहरुले न परम्परागत कृषिलाई जोगाउन सक्छ। न त नयाँ कुरालाई सहर्ष स्वकारेर जानसक्छौं न अहिलेको अवस्थाको देख्न सक्छौं।

कृषिलाई एउटा संक्रमणकालीन अवस्थामा (ट्रान्जिसनल फेज)मा पुर्‍याएको छ भनेर देख्न सकिन्छ। मैले यही कुरा जान्न खोजिराखेको छु।

**आदिवासी जनजातिको अधिकार भनेपछि १६९ लाई मानिन्छ। यो एउटा विश्वव्यापी घोषणा पत्र, आदिवासी जनजातिको अन्तराष्ट्रिय अधिकार १६९ अभिसन्धी (आइएलओ) को एउटा महत्वपूर्ण अभिसन्धी मानिन्छ। त्यो अभिसन्धी नपाल सरकारले अनुमोदन गरिसकेको छ। तर नेपालको आदिवासीको सवालमा कुनै पनि विषयमा अगाडि बढेन भनेर आवाज आइरहेको छ भन्ने अवस्थामा कसरी हेरिरहनु भएको छ ?**

मैले जोड्न खोजेको कुरा यही नै हो। आजसम्म कृषिलाई यो कुराबाट अलग गरेर हेर्न सकिदैन। र यो अपरिहार्य पनि हो भन्ने कुरा जोडदिन चाहान्छु।

आइएलओ १६९ अनुसार नै नेपालले खाद्य सम्प्रभुक्तालाई पनि अपनत्व गरेर संविधानतः स्वीकारेको अवस्थामा छ। यो दुबैलाई हेर्दा



**लक्ष्मण गुरुङ**
**कृषि अर्थ विज्ञ**

२ वटैको मर्म अनुसार नेपालको कृषि अगाडि बढेको हो। नेपालले त्यसलाई अपनत्व लियो। संविधानतः तपाईंले भनेको जस्तै न त आदिवासी जनजाति प्रणालीको कृषि अगाडि बढ्छ न आदिवासीको सभ्यता जोगाउन सक्छ। जुन खालको एउटा कार्यक्रम अथवा नीति अवधारणा लिएर जानु पर्दथ्यो त्यो कुरा चाहीँ फिल्डमा किसान र समुदायिक तहमा जान नसकेको हो भन्नेकुरा देखिसक्यो। त्यसैको परिणाम स्वरुप आज के भएको छ भन्दा आदिवासी समाजले आफ्नो परम्परागत कृषि त गुमाएको छ नै जसले गर्दा परनिर्भरता जन्माएको छ। आधुनिक बजारमा परनिर्भर भएर बाँच्न ठूलो संघर्ष गरिरहेको अवस्था छ। हुँदा-हुँदै यसले साँस्कृतिक पक्षमा पनि दखल दिएको छ। जुन अहिलेको आधुनिक कृषि विकासको अभ्यास छ, सांस्कृतिक पक्षमा पनि दख्खल दिएको छ। खाद्य प्रणालीमा दख्खल दिएको छ। प्रसव प्रणालीमा दख्खल दिएको छ। जुन १६९ को खाद्य सम्प्रभुत्ताले सहर्ष स्वीकार गरेको अधिकार विपरित छ। यसलाई नेपालले आफ्नो बनाइसकेको अवस्थामा पक्कै पनि यो अनुसार काम भएको जस्तो देखिदैन। यसको पछाडि पक्कै पनि राज्यको नियत त नभौं, कुनै न कुनै कारणहरु छन् भन्ने देखिन्छ। जुन प्राथमिकतामा राखेर कार्यक्रम बजेटिङ्ग गरेर त्यसलाई तल्लो तहसम्म लगेर कार्यन्वयन गर्नु पर्थ्यो त्यसो गरेको छैन। आदिवासी र परम्परागत कृषिलाई पूरै निषेध गरेको अवस्था छ। यसलाई संरक्षण गर्ने, प्रवर्द्धन गर्ने तिर लानु पर्दथ्यो। त्यो चाही गर्न नसकेको अवस्था हो भनेर भन्न अब हिचकिचाउनु पर्दैन।

आजको व्यवसायिक कृषिले एउटा भयावह अवस्था जन्मायो भनेर आईरहँदाको अवस्था छ। यो अवस्थामा प्रकृतिक कृषि वा पर्यावणीय कृषिको रुपमा संयुक्त राष्ट्र संघले विभिन्न सन्धी अभिसन्धीहरु पारित गरेका छन्। त्यसको सम्वद्ध पक्ष राष्ट्रका समुदायहरुमा कार्यन्वयन गर्नु पर्छ भनेर दबाव दिइरहेको छ। हस्तक्षेप गरिरहेको छ। अनुरोध गरिरहेको छ। हाम्रो देशको सरकारले त्यसलाई अनुमोदन गऱ्यो। तर, कार्यन्वयनमा कति पनि गएको देखिदैन।

**यस विषयमा तपाईंको अध्ययन के छ बताईदिनुहोस न ?**

पक्कै पनि नेपाल सरकार कस्तो दखियो भने अन्तर्राष्ट्रिय रुपमा जहाँ पनि शर्तहरु पालना गर्छु भन्दै अनुमोदन गर्दै जाने, जब कार्यन्वयनको तहमा आउँछ नीति निर्माणको कुरा आउँछ त्यसलाई तलसम्म संरचनात्मक रुपमा लगेर कार्यन्वयन गर्ने कार्यमा हिचकिचाउँछ।

समृद्ध समाज, समुदाय र वर्गलाई संरक्षण गर्ने कुरामा चाहीँ चुकिराखेको छ। जलवायू परिवर्तनका कारण संयुक्त राष्ट्र संघले पछिल्लो समयको आधुनिक कृषिले भयावह स्थिति ल्यायो समुदायलाई आधिनक कृषिमा जलवायू परिवर्तन देखि लिएर प्रत्यक्ष अप्रत्यक्ष जोखिमहरु निर्माण गऱ्यो भनेर सचेत गराएको अवस्था छ। कतिपय समस्याहरु कहिले पनि समाधान गर्न नसक्ने गरेर सिर्जना भएको छन् भने कतिपयले धेरै प्रयास गरेर समाधान गरेको अवस्था छ। यसलाई तलसम्म लैजाँदा र लगेर कार्यन्वयन गर्ने हो भने न्यूनिकरण गर्दै लानु सक्ने अवस्था छ। एकातिर राज्यले प्रस्तावहरु स्वीकार गर्दै हस्ताक्षर गर्दै जाने अर्कोतिर जुन समुदायको सामर्थ्य नै छैन भन्न भाष्य आधुनिक कृषि प्रणालीले जन्माएको छ। जलवायु असरदेखि पर्यावरणीय प्रभावलाई लिएर जुन कुरामा लड्न सक्दैन। त्यसको प्रत्यक्ष अप्रत्यक्ष रुपमा राज्यको भूमिका र सहयोग आवश्यक रहन्छ। त्यो ठाउँमा राज्य पछाडि परेको होकी भन्ने अनुभुत हुन्छ। मलाई के लाग्छ भने कता-कता राज्यको ऱ्याडिकल कुरा पनि होला, तर, हुँदा-हुँदै अब भन्नु पर्ने समय आएको छ। किनकी राज्यले सदियौं देखि परम्परागत रुपमा रहेको आदिवासीको सीप, संस्कृति, अर्थतन्त्र, सामाजिक मूल्य मान्यता समाजको एउटा चक्रलाई भत्काएर आधुनिक कृषि प्रविधि भित्र्याउने तर त्यसले निम्त्याएको जोखिमसँग जुध्न नसक्ने। कृषि बचाउन आन्तरिक रुपमा नलाग्ने भन्ने कुरामा कता-कता शंकाको घेरामा छन् कि भन्ने छुट दिएको देखिन्छ।

*आदिवासी प्रविधिमा आधारित भएर कृषि नै देशको अर्थतन्त्रको मूल आधार हो भनेर अगाडि बढाउन खोज्यौं।*

**आदिवासी जनजातिकै सेरोफेरोमा हाम्रो कृषि प्रणाली, हाम्रो अर्थ प्रणालीलाई अध्ययन गरौं भनेर धेरै कुराहरु बताउनु भएको छ। यहाँले कहाँबाट कसरी शुरु गर्नु भयो बताइदिनहोस् ?**

यो एउटा अध्ययन र अनुसन्धानको शुरुवात चाही पक्कै हो। मेरो शैक्षिक पृष्ठभूमिबाटै शुरु भयो। जब म विश्वविद्यालयमा जोडिएँ र विश्व विद्यालयमा जोडिरहेसँगै विभिन्न गाउँहरुमा पुग्ने क्रममा २०६८ सालको पछिल्लो अनुभव भन्न चाहन्छु। जब म रुकुम जिल्लाको रुकुमकोटको मगर वस्ती पुगेँ। जुन गाउँ एकदम उचाईमा रहेको मगर वस्ती हो। त्यो वस्तीमा पुगेपछि मलाई के लाग्यो भने त्यहाँको कृषि प्रणाली र नेपालले अपनाएको आधुनिक अर्थतन्त्र, अनि मेरो कृषि अध्ययन, अभ्यास बिचको, त्यो ३ वटा बिच चाहीँ एउटा अन्तरविरोध विरोधाभास रहेको पाइयो। किन लाग्यो भन्दा समाज कता-कता आधुनिकता तर्फ बढ्न खोजिराखेको, राज्यले पनि आधुनिकतालाई जोड दिइराखेको र त्यो समाज जुन मगर समाज छ। कुनै न कुनै रुपमा आधुनिकताको एउटा न एउटा सिद्धान्त विशेषतासँग मिल्नलाई, घुल्नलाई अप्ठेरो परिरहेको हो कि र त्यो अप्ठेरोपनले सिँगो जातिको अस्तित्व र त्यसको संरक्षणमा असर परिरहेको हो कि भन्ने लागेको छ। त्यो दिनदेखि मैले आफ्नो अध्ययन अनुसन्धानलाई कृषिमै जोड्नु पर्छ र सबैभन्दा पहिलो आधार कृषि नै रहेछ भन्ने लाग्यो। कृषि अर्थतन्त्र विना, असल कृषिको अभ्यास र संरचना विना आदिवासी समाज चलायमान नहुने रहेछ भन्ने मैले बुझेँ। त्यही क्रमदेखि आदिवासी मात्रै होइन। हिजो परम्परादेखि रैथाने रुपमा चलिआएको कृषि अभ्यासलाईनै जोडेर हेर्नु पर्छ भनेर त्यही बेलादेखि शुरु गरेको हो।

नेपालको कृषि प्रणालीमा परम्परागत अथवा पुरापुर्वकालदेखि नै गर्दै आएको एउटा दिगो कृषि वा दिगो जीविकोपार्जन प्रणाली हुन् भन्ने लाग्छ।

**यहाँले अध्ययन गरेपछि सुधार गर्नु पर्ने पाटोहरु के के पाउनु भयो ?**

पाउनु भयो भन्ने होइन, अपरिहार्य भईसक्यो। अध्ययनमा के देखियो भन्दाखेरी आधुनिक कृषि भनेर जब हामी आयातित अनुभव, आयतित सीप, आयातित ज्ञानलाई बढी विश्वास गऱ्यौं। आदिवासी प्रविधिमा आधारित भएर कृषि नै देशको अर्थतन्त्रको मूल आधार हो भनेर अगाडि बढाउन खोज्यौं त्यहाँ के देखियो भने सबैभन्दा बढी मार आदिवासी समाजलाई परेको देखियो। कृषिमा परनिर्भरता देखियो। साथ-साथै परनिर्भताले सबैभन्दा पहिलो प्रभाव पारेको देखियो। त्यहाँ निर के देखियो भने हामीले आधुनिक कृषि वा व्यवसायिक कृषि भन्दै जाँदा, समाज र समुदायलाई पनि संरक्षण गर्दै जानु पर्छ भन्ने जुन अवधारणा छ त्यो अवधारणाले आदिवासी जनजातिलाई त्यसको असरबाट जोगाउन सक्दैन। अबको कृषि भनेको हाम्रो आफैपनको हुनुपर्छ। हाम्रो पूर्खाले कुनै विश्व विद्यालय नगइकन औपचारिक शिक्षा हासिल नगरीकनै दशौं हजार वर्षदेखि अभ्यासमा ल्याएर सामाजलाई चलायमान हुने सहयोग गरेको थियो। त्यो सीपलाई नै जोगाउनु पर्छ र यसका लागि राज्यले औपचारिक रुपमा नै प्रवर्द्धन गर्दै अगाडि बढ्नु पर्छ। लिपिवद्ध गर्दै जुन विधि छ ति विधिलाई आदिवासी समाजलाई स्वीकार्न सक्ने गरि सरल बनाएर लैजानु पर्छ भन्ने लाग्छ।

**तपाईले असाध्यै महत्वपूर्ण विषय उठाउनु भएको छ। त्यो भनेको जलवायू परिवर्तन, जलवायू परिवर्तनले नेपाललाई मात्र होइन विश्वलाई नै असर। जलवायू परिवर्तन अब के हुने भनेर चिन्ताको विषय बनेको छ। अब जलवायू परिवर्तनलाई न्यूनिकरण गर्ने मुद्दा उठ्दै आएको छ। यहाँको विचारमा हाम्रो देश नेपालको सन्दर्भमा कसरी लिनु भएको छ ? नेपालमा यसको असरलाई के गर्दा रोक्न सकिन्छ भन्ने बारे यहाँले गरेको अध्ययनको निष्कर्ष के हो ?**

पहिलो कुरा त जलवायू परिवर्तन आफैमा ठूलो समस्या हो। जुन हाम्रो मानवीय त्रुटिबाट निम्तिरहेको हो र जसको न्यूनिकरण गर्न आवश्यक छ। आधुनिक कृषिको नाममा यसलाई बढी व्यवसायिकरण गरियो कि भन्ने लाग्छ। कामभन्दा हल्ला बढी भयो कि भन्ने लाग्छ। एउटा देखिने असर छ अर्को नदेखिने असर छ। देखिने असर भनेको

के हो भने प्रत्यक्ष रुपमा जलवायू परिवर्तनले ल्याएको पहिलो मार कृषिलाई परेको छ । कृषि उत्पादन घटेको छ । भूक्षय भएको छ । पानीको स्रोतहरुमा सुक्न थालेको छ । हिमालको हिउँमा असर परेको छ । नदेखिने समस्या मानसिक, आर्थिक, मनोवैज्ञानिक, सामाजिक, सांस्कृतिक असर छँदै छ । पहिल्यैदेखि रोक्नका लागि प्रयास हुनुपर्थ्यो त्यो भएन । र त्यसको पछाडि जुन एउटा प्रयास हुनु पर्ने थियो, त्यो पनि भएन र त्यसलाई रोक्ने पर्छ भनेर रोक्न सक्ने अवस्था होइन, अर्को कुरा तपाईंले भन्नु भए जस्तो नेपाल एक्लैले पनि गर्न सक्ने अवस्था पनि होईन । तर यसको लागि विश्वका देशहरुले निर्माण गरेको जलवायू परिवर्तनसँग जुध्ने एउटा अवधारणा छ । त्यो अवधारणाहरुलाई इमान्दारितापूर्वक कार्यन्वयन गर्दै जलवायू परिवर्तनलाई न्यूनिकरण गर्दै जानु पर्छ । पर्यावरणीय परिणाम आउने गरेर फिल्डसम्मनै गएर काम गर्नु पर्दछ । त्यसका लागि समाजमा रहेका विभिन्न हाम्रो पुखाले प्राप्त गरेको सीप अनुभवलाई हिजोदेखि आजसम्म आइरहेको छ, त्यसलाई यसै भित्र समावेश गर्नु पर्छ भन्ने लाग्छ । एउटा आधुनिक पक्ष, आधुनिक शिक्षाका ज्ञानबाट मात्र जलवायू परिवर्तन न्यूनिकरण गर्नु, जलवायू परिवर्तनको असरलाई हटाउँछु भन्ने पट्टी लाग्नुभन्दा पनि आदिवासी जनजातिको समुदायको अनुभवलाई प्रत्यक्ष रुपमा मिलाएर जोडेर लान सक्यो भने पक्कै पनि यसको निराकरण कम गर्न र यसले दिने असरलाई कम गर्दै पछाडिको समुदायको उत्थान गर्न सक्छौं भन्ने लाग्छ ।

**यहाँलाई कृषि अर्थ विज्ञको रुपमा पनि चिनिन्छ । अब यति मात्र होइन विश्वको खाद्य प्रणालीलाई बढाउँदै व्यवसायिक रुपमा लैजान सकिएन भने करोडौं मानिसलाई भोकै पर्नु पर्ने अवस्था आउँछ भन्ने भाष्य सिर्जना भएको छ । मानिसलाई खुवाउन सक्ने खाद्य उत्पादन हुन सक्दैन भने कुरालाई कसरी हेर्नु भएको छ ?**

विश्वमा जनसंख्या करोडौं होइन अर्बौको हाराहारीमा पुगेको छ । विश्वमा खाद्यान्न संकट चुलिदै गएको छ । एकातिर प्राकृतिक रुपमा जलवायू परिवर्तनले हुने खाद्य उत्पादनको असरलाई बढाएको छ भने अर्कोतिर जनसंख्या वृद्धि, यो २ वटा कारणहरुको बिचमा खाद्यान्न आपूर्तिमा असर पर्छ भन्ने छ, यो सत्य हो । एकल प्रणालीको खाद्य प्रणाली संस्कृतिहरु विकास भयो त्यसले पनि एउटा समस्या निर्माण गरेको छ । अर्को वहुराष्ट्रिय कम्पनीहरु जो सँधै नाफाको लागि प्रयासरत हुन्छ । उसको खाना कसले खाना पायो, कसले खाना पाएन, भन्दा पनि मैले कतिसम्म बेच्दा कति नाफा पाउँछ भन्नेपट्टी जान्छ र त्यसरी खानाको आपूर्तिमा समस्या सिर्जना भएको छ । विरोधाभास उत्पन्न भएको छ । अर्को कुरा यो खाद्य प्रणालीमा विश्वभरि एउटै खालको संस्कृति आयो, यस्तो खालको संस्कृतिको विकास हुँदा खाद्य सुरक्षा, खास गरि आपूर्तिको प्रणालीमा समस्या सिर्जना गरेको हुन्छ । बढ्दो जनसंख्यालाई कसरी खाद्य सुरक्षाको पहुँचसम्म ल्याउन सकिन्छ र त्यो समाजलाई कसरी जोड्न सकिन्छ भन्ने कुरामा हिसाबै गर्ने हो भने, व्यवसायिक खाद्य उत्पादन प्रणालीले, कृषिमा कति योगदान गरेको छ भन्ने कुरा पनि हेर्नुपर्ने हुन्छ । विश्वका साना किसान परिवारको संख्या ८० प्रतिशत रहेको छ । ७० प्रतिशत भन्दा बढी खाद्यान्न आपूर्तिमा उनीहरुले सहयोग गरिराखेको छ । सिधा १०० प्रतिशतमा नापेर हेर्दा ३० प्रतिशतको हाराहारीमा वहुराष्ट्रिय कम्पनी, र व्यवसायिक अवधारणा बोकेका कृषिले कृषि उत्पादन गरेको देखिन्छ । त्यसरी उत्पादन भएको खाद्यान्नको पहुँच साना किसानको परिवारसँग पुगेको छ कि छैन । त्यसबाट खाद्यान्न सुरक्षा गर्न सकेको छ कि छैन भनेर पनि हेर्नु पर्नेहुन्छ ।

यहाँ साना किसान, आदिवासी जनजातिको कृषि अभ्यास नै अबको, हिजोको, आजको र भोलीको पनि खाद्य प्रणालीलाई सुरक्षित ढंगले लैजाने, वितरण प्रणालीलाई समावेशी बनाउने, न्यायिक ढंगले खाद्यान्न पहुँचमा सहयोग पुर्‍याउने पाटो हुन् भन्ने लाग्छ ।

**यहाँले विश्लेषण सहितको अर्थपूर्ण विचार व्यक्त गर्नुभएको छ । अब नेपालको कृषिमा बहुसंख्यक आदिवासी जनजातिहरुले आफूलाई आफ्नैपनमा ढाल्दै आएको छ कि छैन ? यसको अवस्था के छ ?**

अहिले पछल्लो समयमा हेर्ने हो भने चाहेर पनि आदिवासी समुदायले आफ्नो कृषिलाई बचाउने, जोगाउने त्यसमा आधारित भएर आर्थिक भरण, पोषण गर्ने केही कठिनाई भएको देखिन्छ । कतिपय अवस्थामा आधुनिक शिक्षाको पहुँच होला, विश्व समाजसँगको सम्पर्क होला, त्यसले पनि प्रभाव पारेको छ भन्ने लाग्छ । राज्यबाट निर्माण भएको नीति, राज्यले लिएको विकासको अवसधारणा, रणनीति त्यसले पार्ने सकारात्मक र नकारात्मक असरबारे पनि विचार गर्नु पर्छ । आज हिमाली, पहाडी भेगका आदिवासी जनजातिहरु धेरै संख्यामा पशुपालन गर्न नसक्ने अवस्थामा छन् । धेरै क्षेत्रफलमा खेती गर्न नसक्ने अवस्था छन् । (पाटरल्याण्ड)मा चरिचरण खुम्चदै गएका छन् । खेतीको अभ्यासलाई निरन्तरता दिन नसक्ने कानुनहरु निर्माण भएका छन् । जसको कारण आदिवासी जनजातिहरु कृषिबाट विस्थापित हुनु परेको छ ।

यहाँले एउटा महत्वपूर्ण कुरा उठाउनु भयो । (पास्टरल्याण्ड) चरिचरणको क्षेत्र भनिन्छ । गाईवस्तु चराउने ठाउँ खर्कहरु भनिन्छ । हैन हिजो थियो, आज मासिदै गएको अवस्था छ । नेपाल सरकारले यसप्रति किन ध्यान दिएन जस्तो लाग्छ ?

ध्यान दिएन भन्दा पनि नियोजित हो कि भन्ने लाग्छ । किनभने एकातिर व्यवसायिक कृषि गर्ने भनेर कार्यक्रम नीति तथा योजना बनाउने, अर्कोतिर व्यवसायिक कृषि गर्नका लागि परम्परागत रुपमा एउटा जातिले गरेको कृषिलाई खुम्च्याउने, रोक्नका लागि चाहिने चरिचरणको क्षेत्रमा प्रवेश गर्न नपाउने चुनौती आएको छ । उदाहरणको लागि अहिले कतिपय पाटनहरुमा जानै नपाउने नीति ल्याएको छ । वन संरक्षणको कुरा ल्याएको छ । चरण क्षेत्र संरक्षणको कुरा ल्याएको छ । निकुञ्जको अवधारणा ल्याएको छ । सामुदायिक वनको अवधारणा ल्याएको छ । यो भनेको नेपाल सरकारले खेती नगर, तिमीले खेती गर्न पर्दैनौं भन्ने कुरा हो । यो लुकाउन मिल्दैन । त्यही भएको हुनाले नेपाल सरकारले आदिवासी जनजातिको कृषि जोगाउन भन्दा पनि मास्न पट्टी लागेको हो कि भन्ने शंका गर्ने ठाउँ दिएको छ ।

अन्तमा छुटेको केही विषय छन् भने भनिदिनुहोस न ?

देशमै आधारित भएर देश विकास गर्ने हो । पहिलो, आदिवासी जनजातिको कृषि सीपलाई संरक्षण गर्नु पर्छ । दोस्रो, कृषि क्षेत्रको अभ्यास गर्ने ठाउँलाई नीति बनाई कृषि प्रवर्द्धन र संरक्षण गरेर लग्नु पर्छ । अर्काको ज्ञान, सीप प्रयोग गरेर कृषिलाई बढाएर लान्छु भन्ने भन्दा पनि हाम्रो आफ्नै ज्ञान र सिपमा आधारित कृषिलाई अगाडि बढाऔं । वहुराष्ट्रिय कम्पनीले उत्पादन गरेको बिउमा भर नपरौं, सदियौं देखिकौ अभ्यास र अनुभवले बिउको संरक्षण र विकास गर्ने प्रणालीलाई जोगाएर लैजाउ ।

**सहयोगी :** सरस्वती मानन्धर

# Ban Golden Rice, Ban GMOs: Toward A People Led Biosafety Framework and G enuine Food Sovereignty

August 8, 2025
by MASIPAG National Office

"MASIPAG and Stop Golden Rice Network once again register our collective resistance to corporate-led genetically modified organisms (GMOs) and their growing encroachment on our farms, seeds, and food systems. This day is not simply a remembrance of the historic action of more than 400 farmers in Bicol that decisively uprooted the highly dangerous Golden Rice in their community, but a continuation of a movement that asserts the right of the people to define and control their own food and agriculture.





The struggle against Golden Rice is part of a larger movement for food sovereignty, ecological justice, and national dignity. We believe that science and technology must serve the people, not the profits of a few. We believe that knowledge and seeds must remain in the hands of those who feed the nation. We believe that our future lies not in laboratories owned by corporations, but in the fields cultivated by farmers, the wisdom of communities, and the collective defense of our right to define our food and agriculture systems."

On this 12th International Day of Action Against Golden Rice, MASIPAG and Stop Golden Rice Network once again register our collective resistance to corporate-led genetically modified organisms (GMOs) and their growing encroachment on our farms, seeds, and food systems. This day is not simply a remembrance of the historic action of more than 400 farmers in Bicol that decisively uprooted the highly dangerous Golden Rice in their community, but a continuation of a movement that asserts the right of the people to define and control their own food and agriculture.

*On this occasion, we assert the need to once and for all genuinely ban Golden Rice and all GMOs and gene-edited crops in agriculture and food systems.*

Golden Rice, which has long been promoted as a technofix solution to the deeply rooted problem of malnutrition, represents more than just a single genetically engineered crop. It is emblematic of a broader strategy that displaces community-based and farmer-led solutions in favor of top-down, profit-driven interventions. The development and promotion of Golden Rice are tied to a global architecture of control that privileges corporate patents and scientific monopolies over local knowledge, biodiversity, and farmer autonomy.

In the Philippines, this imposition was made possible by a deeply compromised biosafety system. The regulatory process that should have ensured rigorous scientific evaluation and public accountability has, instead, consistently prioritized the interests of biotech corporations and their institutional backers. Rather than serving as a safeguard for ecological integrity and public health, biosafety in the Philippines has functioned as a mechanism for facilitating the entry of GMOs into our fields and food systems. Risk assessments are conducted by institutions with clear interests in promoting genetic engineering, while affected communities are excluded from meaningful and serious participation. This system cannot be considered credible if it systematically favors approval over precaution, and if it silences the very stakeholders whose lives are most affected by these technologies.

The Philippine Court of Appeals' decision in April 2024 to revoke the biosafety permit for the commercial propagation of Golden Rice was a significant and hard-fought legal milestone. The ruling affirmed what many in the scientific and farming communities have

long argued: that the state failed to ensure that proper, independent, and participatory risk assessments were conducted. This decision also exposed the structural flaws of the current biosafety regime, which lacks transparency, coherence, and democratic accountability.

Yet despite the clear legal ruling, Golden Rice continues to be actively promoted by various government institutions, both in policy and in practice. Promotional campaigns, official statements, and selling and display in public markets and government-led fairs suggest a blatant disregard for the court's decision and the public will. This reveals not only the weakness of our regulatory enforcement but also the deep entrenchment of GMO interests within state agencies. Instead of aligning with the precautionary principle, these actions undermine the legitimacy of our democratic institutions and endanger public health and ecological sustainability.

Globally, the situation reflects a similar pattern. While international instruments such as the Cartagena Protocol on Biosafety recognize the right of countries to regulate GMOs, the practical implementation of such safeguards remains weak and fragmented. The influence of powerful multinational corporations, coupled with the increasing complexity of new genetic engineering techniques such as gene editing, has made it difficult for communities to assert meaningful control over biosafety decisions. As a result, public regulatory institutions often serve the needs of industry rather than those of the people.

The continued advancement of Golden Rice and other GMOs diverts attention and resources away from systemic solutions to hunger and malnutrition. Issues such as landlessness, declining public support for sustainable agriculture, and lack of access to diverse, nutrient-rich food are sidelined in favor of technical quick-fixes. In contrast, farmer-led agroecology, seed saving, and community-based nutrition programs have demonstrated their effectiveness in addressing both food insecurity and ecological degradation.

